# नेपालः पहिचानको राजनीति र सङ्घीयता

एसिया रिपोर्ट नं. १९९ — १३ जनवरी २०११

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोलाः

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्सः ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


**सारसङ्क्षेप ........ i**

**१. परिचय ........ ३**

**२. नेपालमा पहिचानको राजनीति ........ ३**

क. जातीय आन्दोलनः अतीत र वर्तमान ........ ३

१. सन् १९९० अघि ........ ३

२. सन् १९९० पछि ........ ५

ख. जातीय माग र “जनयुद्ध” ........ ६

ग. शान्ति सम्झौतापछिको सङ्घीयता ........ ७

**३. सङ्घीयताको राजनीति ........ ९**

क. माओवादीहरू ........ १०

ख. मुख्य ठूला पार्टीहरू ........ ११

१. एमालेः चित्त बुझाउन नसके अल्मल्याउ ........ ११

२. नेपाली काङ्ग्रेस ........ १२

ग. जातीय र प्रान्तीय आन्दोलनकारीहरू ........ १४

१. पूर्वी पहाड ........ १४

२. पूर्वी र मध्यतराई ........ १८

घ. सङ्घीयता र यसका आलोचकहरू ........ २०

१. को के चाहन्छन्: ........ २१

२. पहिलेका शाही परिवार र धार्मिक कट्टरपन्थी ........ २२

**४. जोखिम र अवसरहरू ........ २३**

क. साझा धरातल ........ २३

ख. भाषा, संस्कृति र मान्यता ........ २४

ग. स्रोतसाधनहरू र आरक्षण ........ २५

घ. व्यक्तिगत स्वतन्त्रताः बिर्सिएको विवाद ........ २६

ङ. झिल्का उठने ठाउँहरू ........ २७

**५. निष्कर्ष ........ २८**


**अनुसूचीहरू**


क) नेपालको नक्सा ........ २९

ख) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ........ ३०

ग) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००७ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू ........ ३१

घ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू ........ ३३

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १९९ | १३ जनवरी २०११

# नेपालः पहिचानको राजनीति र सङ्घीयता

## सारसङ्क्षेप

राज्यको सङ्घीय पुनर्संरचना जनजाति र क्षेत्रीय अधिकारका पक्षधरहरूले उठाउँदै आएका प्रमुख मागका रूपमा अगाडि आएको छ। यससम्बन्धी बहसको अत्यन्तै बढी राजनीतिकरण पनि भएको छ। सङ्घीयता भनेको केवल राजनीतिक शक्तिको विकेन्द्रीकरण होइन यो त सबै जातजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने खालको संस्थागत सुधार र नेपाली राष्ट्रियतालाई मुलुकको जातीय तथा सांस्कृतिक विविधतालाई अङ्गीकार गर्ने किसिमले पुनर्परिभाषित गर्ने समावेशीकरणको बृहत्तर एजेन्डाको शक्तिशाली प्रतीक बन्न पुगेको छ।

सङ्घीयताका हिमायतीहरूले सरकार र प्रशासनमा सीमान्तीकृत समूहको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नका लागि आरक्षणको व्यवस्था हुनुपर्ने माग राखेका छन्। उनीहरूले कुनै पनि प्रदेशको नाम त्यहाँ बसोबास गर्ने सबैभन्दा ठूलो जातीय र क्षेत्रीय समूहका आधारमा राख्न र प्रदेशको भौगोलिक सीमाङ्कन पनि त्यस समूहको हकडक स्थापित हुने किसिमले हुनुपर्ने माग अघि सारेका छन्। केही जातीय समूहले आफू त्यस्ता क्षेत्रको आदिवासी भएको दाबी गर्दै त्यस प्रदेशका प्राकृतिक स्रोत र संसाधनमाथि प्राथमिक रूपमा आफ्नो अधिकार हुनुपर्ने र भविष्यमा बन्ने प्रदेशहरूका राजनीतिक नेतृत्वमा आफ्नो अग्राधिकार हुनुपर्ने माग गरेका छन्।

गृहयुद्ध चलेका बेलामा जातीय र क्षेत्रीय विषयलाई माओवादीहरूले आफ्ना मागहरूमा प्रमुख मुद्दा बनाएका थिए र पूर्वी नेपालमा त उनीहरूले त्यसैका आधारमा समर्थन पाएका थिए। सन् २००६ को शान्ति सम्झौताको केन्द्रीय विषय राज्य पुनर्संरचना रहेको थियो। सन् २००७ मा तराईमा उठेको हिंसात्मक विरोधको लहरपछि सङ्घीयतालाई भावी संविधानसभाले अस्वीकार गर्न नसक्ने गरी अन्तरिम संविधानमा समावेश गरिएको थियो।

तीनओटा ठूला पार्टीमध्ये माओवादी मात्र एक्लो पार्टी हो जसले सङ्घीयता र जातीयताका आधारमा प्रदेशहरूको स्थापना गर्ने कुरालाई पूर्ण समर्थन गरेको छ। वर्गीयतामा आधारित माओवादीहरूको वैचारिक ढाँचामा पहिचानको राजनीति अलि अमिल्दो भए पनि सङ्घीयता उनीहरूका लागि अति महत्त्वको विषय भएको छ। साविकको हिन्दू अधिराज्य धर्म निरपेक्ष गणतन्त्रमा बदलिएको अहिलेको अवस्थामा सङ्घीयताको मुद्दा माओवादीहरूका लागि तत्काल रूपान्तरणको सबैभन्दा महत्त्वपूर्ण कडी हुन पुगेको छ। तल्लो तहसम्मको जनसमर्थन, पार्टीभित्र रहेका जातीय र क्षेत्रीयतावादीहरूको बफादारी र परिवर्तनकारी शक्तिका रूपमा स्थापित आफ्नो आम छविलाई कायम राख्ने हो भने माओवादीहरूले सङ्घीयतालाई अघि नबढाई सुखै छैन।

नेपाली काङ्ग्रेस र नेकपा एमालेले सङ्घीय पुनर्संरचनालाई स्वीकारेका छन्। संविधानसभामा सङ्घीयताको ढाँचाबारे मस्यौदा तयार पार्दा उनीहरूले सक्रिय रूपले भाग लिएका छन्। केन्द्र र प्रदेशबीच शक्तिको बाँडफाँडलगायत अधिकांश संस्थागत व्यवस्थाहरूबारे मतैक्य पनि कायम भएको छ। तर यो प्रक्रिया यी दुवै पार्टीभित्र पहिलेदेखि नै सङ्घीयताका पक्षधर रहँदै आएका समूहका कारणले अगाडि बढेको छ र ती समूह आफ्ना पार्टीभित्र त्यति प्रभावशाली छैनन्। यस विषयमा ती पार्टीभित्र आम सहमति रहेको छ कि छैन भन्ने कुरा स्पष्ट छैन। दुवै दलहरूले सौदाबाजी गर्ने हिसाबले सङ्घीयतालाई स्वीकारेका हुन्। किनभने यो उनीहरूले बोकेको एजेन्डा होइन। सङ्घीयता सम्बन्धमा दुवै पार्टीका आधिकारिक भनाइपछाडि यसप्रतिको विमति पनि निकै बलियो छ।

सङ्घीयताबाट पछाडि हट्ने काम राजनीतिक रूपले असम्भव छ। जनजाति कार्यकर्ता र नेताहरूलाई पार्टीमा टिकाइराख्न नेपाली काङ्ग्रेस र एमाले दुवै पार्टीलाई यसै पनि धौ धौ परिरहेको छ। तर परिवर्तन नचाहनेहरूले महत्त्वपूर्ण निर्णय लिनलाई विलम्ब गराउन झनै वा समग्र संवैधानिक प्रक्रियालाई नै अवरुद्ध गराउन पनि सक्छन्। संवैधानिक प्रक्रियाबाट सबैभन्दा बढी गुमाउने र सबैभन्दा बढी पाउने माओवादी नै हुन् भन्ने मान्यताले उनीहरूलाई त्यसो गराउन प्रेरित गर्न सक्छ।

यसो गर्दा आइपर्ने जोखिमको आकलन गर्न कठिन छ। सङ्घीयताउपर प्रमुख दलहरूको वचनबद्धताप्रति जातीय तथा क्षेत्रीय समूहहरू अहिलेबाटै सशङ्कित रहेका छन् र सङ्घीयता नआएमा त्यसको विरोध गर्ने तथा परेमा हिंसात्मक प्रतिरोध समेत गर्ने उनीहरूले चेतावनी दिएका छन्। उनीहरू नयाँ संविधान बनिसक्नुपर्ने अन्तिम मिति २८ मे २०११ पर्खेर बसेका छन्। मध्य र पूर्वी तराईका मधेसी र पूर्वी पहाडका जातीय समूहहरूमा सङ्घीयताउपरको समर्थन व्यापक रहेको छ। धेरै मधेसीहरू आफ्ना नेताहरूबाट निराश भएका छन् र सुधार अपूर्ण रहेको ठान्छन्। पूर्वी पहाडका जातीय आन्दोलनकारीहरू अहिले विशृङ्खलित देखिन्छन्, तर भित्रभित्रै उनीहरूको व्यक्तिगत र राजनीतिक सन्जाल सुदृढ रहेको छ। उनीहरू झन्झन् निराश हुँदैछन् र उनीहरूमा लडाकू भावना बढ्दै गएको छ। सङ्घीयता साकार नहुने हो भने आन्दोलनकारीहरूले खोजेका मुद्दा

पाउनेछन् जसले गर्दा उनीहरू एक ढिको हुन सक्नेछन् र राजनीतिक रङ पाएका जनसमुदायलाई विरोध कार्यक्रम निम्ति परिचालित गर्न गाह्रो हुने छैन।

सबैले सङ्घीयता चाहेका छैनन्। पहिचानको राजनीतिसँग जोडिएको हुनाले खासगरी जातीय सङ्घीयताको विपक्षमा ठूलो अभिमत पाइन्छ। जातीय आरक्षण र सङ्घीय पुनर्संरचना भएको खण्डमा आफू टुट्टामा परिएला भनी धेरै बाहुन-छेत्री डराएका छन्। तर पनि सङ्घीयताप्रतिको सङ्गठित विरोध भने सीमित र विशृङ्खलित छ। यसको खुलेरै विरोध गर्नेमा एउटा सानो वामपन्थी दल मात्र छ। त्यसस पार्टीको डर नेपालको अखण्डता नरहला भन्ने छ। धेरैओटा क्षत्री सङ्गठनहरू सङ्घीयताको विरोधमा नभई आफ्नो समूहको स्वार्थ रक्षामा जुटेका छन्। राजावादी समूह र हिन्दू दक्षिणपन्थीहरूको चासो सङ्घीयतामा भन्दा बढी गणतन्त्र र धर्म निरपेक्षताउपर छ। तर नेपाली राष्ट्रियतालाई पुनर्परिभाषित गर्ने जमर्कोले उनीहरू सबै असजिलो महसुस गरिरहेका छन् र त्यसबाट अनुदारवादीहरूबीच गठबन्धन हुन सक्ने टड्कारो सम्भावना छ।

सङ्घीय भए पनि दह्रो केन्द्र भएको जुन संरचना संविधानसभाले अघि सार्न लागेको छ त्यो सुहाउँदिलो मध्यमार्ग हुन सक्छ। जातीय र क्षेत्रीय समूहका नाममा प्रदेश बनाउने कुरामा आफूले देखाएको अरुचिलाई नेपाली काङ्ग्रेसले त्यागन सक्यो भने नयाँ बन्ने संविधानबाट नेपालको सांस्कृतिक विविधताले महत्त्वपूर्ण प्रतीकात्मक मान्यता पाएको ठहरिनेछ। त्यसमा भाषिक अधिकार र प्रशासन तथा सरकारमा समानुपातिक प्रतिनिधित्व समेत सुनिश्चित गर्न सकिएको खण्डमा त्यो जातीय र क्षेत्रीय समूहहरूको आम आकाङ्क्षा पूरा गर्ने दिशातर्फ दूरगामी कदम हुनेछ। मस्यौदा संविधानले समानुपातिक प्रतिनिधित्वबाहेक अग्राधिकारका बारेमा त्यति ठाउँ नराखेको र वैयक्तिक अधिकारलाई दह्रोसित स्थापित गरेको हुनाले यसबाट भविष्यमा आफू भेदभावको सिकार हुनुपर्ला भन्ने बाहुन-छेत्रीमा रहेको डर मेटिनुपर्ने हो। तर समयमा संविधान घोषणा नहुने हो र सङ्घीयता सम्बन्धमा भएको निर्णयलाई बदल्न खोजियो भनेचाहिँ त्यसले ठूलो अशान्ति निम्त्याउन सक्छ।

**काठमाडौं/ब्रसेल्स, १३ जनवरी २०११**

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १९९ — १३ जनवरी २०११

# नेपालः पहिचानको राजनीति र सङ्घीयता

## १. परिचय

नेपालमा अहिले सङ्घीयताको मागका साथै पहिचानको राजनीतिको लहर उठेको छ। अनेकन् समूहहरू आआफ्ना क्षेत्रको शासनमा प्रत्यक्ष भूमिका हुनुपर्ने एकोहोरो माग गरिरहेका छन्। सन् १९९० को दशकको प्रजातान्त्रिक अवधिमा आफ्ना माग र अधिकार पूरा गराउन नसकेर निराश बनेका जनजाति र प्रान्तीय समूहहरूलाई प्रतिनिधित्व गर्ने धेरै सङ्गठनहरूले अहिले आएर सङ्घीयतालाई सम्झौता गर्न नसकिने मागका रूपमा लिएका छन्। नयाँ संविधान बनाउने क्रम चलिरहेकै बेला अधिकांश प्रमुख दलहरूले सङ्घीयतालाई स्वीकार गरिसकेका भए पनि एकात्मक शासनको अन्त्य गर्ने कुराको प्रतिरोध निकै कडासित भइरहेको छ। सङ्घीयता अहिले नेपाली राजनीतिको सबभन्दा विवादास्पद विषय बन्न गएको छ।[1]

नेपालमा सङ्घीयताको बहस जातजाति र प्रान्तीय पहिचानका आधारमा भइरहेको राजनीतिक र आर्थिक उपेक्षा विरुद्धको लडाइँसित अविभाज्य रूपमा जोडिएको छ। यो विषय गृहयुद्धपछिको अवस्थामा हुने शक्ति सम्बन्धबारेको नयाँ सम्झौताको प्रमुख मुद्दा हो। संस्थागत तहमा सङ्घीयताको मागले सानो सम्भ्रान्त वर्गमा शक्ति केन्द्रीकृत हुने प्रणालीलाई चुनौती दिएको छ। तर यो यतिमा मात्र सीमित छैन। यसले पहिलेदेखि रहँदै आएको राष्ट्रिय पहिचानलाई पुनर्परिभाषित गर्छ र आज नेपाल नामले चिनिने भूभागमाथि अठारौं शताब्दीमा भएको विजयलाई "एकीकरण" भनेर परिभाषित गर्ने राज्य निर्देशित इतिहासलाई उल्टाइदिन्छ। जातीय प्रदेशका लागि भइरहेको दबाब सरकार र प्रशासनमा न्यायोचित प्रतिनिधित्व रहनुपर्ने चाहनासँग मात्रै जोडिएको छैन यो त जातीय र सांस्कृतिक दृष्टिले भिन्न रहेका समूहहरू मिलेर बनेको राष्ट्र हो भन्ने कुरा स्वीकार गर्नुसित पनि गाँसिएको छ।

नेपालमा अनेकौं जातीय समूहहरू छन् — एउटा गणनाअनुसार एक सयभन्दा बढी जातीय समूह छन्।[2] त्यस्तै यहाँ जटिल जात प्रथा पनि प्रचलनमा छ। यो प्रथा समुदाय समुदायबीचमा फरक छ। धेरै समूहहरू अति साना छन् र छरिएर रहेका छन्। समग्र मुलुकमा ठूलो सङ्ख्यामा रहेको जातीय समूह पनि ठाउँ हेरी अल्पसङ्ख्यक हुने सम्भावना हुन्छ।[3] सन् २००१ को जनगणनामा नेपालमा ९२ ओटा भाषा बोलिने कुरा

---

[1] यी विषयहरूमा हेर्नुहोस् क्राइसिस ग्रुपका पहिलेका रिपोर्टहरूः संविधानबारे, क्राइसिस ग्रुप रिपोर्ट नं. ९९, *Towards a Lasting Peace in Nepal: The Constitutional Issues*, १५ जून २००५; नं. १२८, *नेपालको संवैधानिक प्रक्रिया,* २६ फेब्रुअरी २००७; पहिचानको राजनीतिबारे जातीय सक्रियतामा र समूहगत अधिकारहरूमा, एसिया ब्रिफिङ नं. ६८, *नेपालको नाजुक शान्ति प्रक्रिया,* २८ सेप्टेम्बर २००७; र एसिया रिपोर्ट नं. १०४, *नेपालका माओवादीः तिनका लक्ष्य, संरचना र रणनीति,* २७ अक्टोबर २००५; नं. १३६, *हिंसाको तापमा तराई,* ९ जुलाई २००७; नं. १४९, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* २ अप्रिल २००८; नं. १५५, *नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?,* ३ जुलाई २००८; नं. १५६, *नेपालको नयाँ राजनीतिक परिदृश्य,* ३ जुलाई २००८; नं. १६३, *नेपालको धर्मराउँदो शान्ति प्रक्रिया,* १९ फेब्रुअरी २००९। यी रिपोर्ट र ब्रिफिङहरूका पूर्ण नेपाली अनुवाद www.crisisgroup.org/nepali मा उपलब्ध छन्।

[2] नेपालमा जातीय पहिचानको सवालमा ठूलो विविधता छ। पहिचानका सीमाहरू तरल भएकाले विभिन्न समूहहरूका यकिन सङ्ख्या तोक्न असम्भव छ। तर सन् २००१ को जनगणनाबाट एउटा इसारासम्म मिल्दछ। पहाडे भनेर चिनिने समूहहरू हिन्दू धर्मसित सम्बद्ध छन्। उनीहरूको कुल सङ्ख्या जनसङ्ख्याको ३८ प्रतिशत छ, जसलाई छेत्री (१५.८० प्रतिशत) बाहुन (१२.७४ प्रतिशत), ठकुरी (१.४७ प्रतिशत), सन्यासी (०.८८ प्रतिशत) र दलित (७.११ प्रतिशत) मा विभाजन गर्न सकिन्छ। पहाडी क्षेत्रहरूमा पाइने नेवार समूह (५.४८) ले जातिगत विभाजन रेखालाई धमिलो पारिदिन्छन्, किनभने ८४ प्रतिशत नेवारहरू हिन्दू धर्मावलम्बी छन्। पहाड र हिमालका जनजातिहरूको सङ्ख्या २३.०२ प्रतिशत छ तिनमा सबैभन्दा ठूला समूहहरू मगर (७.१४ प्रतिशत), तामाङ (५.६४ प्रतिशत), राई (२.७९ प्रतिशत), गुरुङ (२.३९ प्रतिशत) र लिम्बू (१.५८ प्रतिशत) छन्। समथर मूलका मानिसहरूमा बहुसङ्ख्यक हिन्दू जातीय समूहहरू छन् (१९.४९ प्रतिशत), जसमध्ये दलित (४.९० प्रतिशत) र यादव (३.९४ प्रतिशत) छन्। तराईका जनजातीय समूहहरूको सङ्ख्या ७.८६ प्रतिशत छ त्यसमा थारूको सङ्ख्या सबभन्दा ठूलो (६.७५ प्रतिशत) छ, मुस्लिमको सङ्ख्या ४.२७ प्रतिशत र अन्य समूहको ०.०८ प्रतिशत छ। सबै मिलाएर यिनीहरूको सङ्ख्या कुल जनसङ्ख्याको ३१.७ प्रतिशत हुन आउँछ। हेर्नुहोस् पीताम्बर शर्मा *Unravelling the Mosaic: Spatial Aspects of Ethnicity in Nepal* (ललितपुर, २००८); "राष्ट्रिय जनगणना, २०५८ः जात/जातिको जनसङ्ख्या", केन्द्रीय तथ्याङ्क विभाग, जनवरी २००८ । http://cbs.gov.np/population_caste.php मा उपलब्ध छ।

[3] ७५ जिल्लामध्ये १४ जिल्लामा मात्र कुनै एउटा समूहले जिल्लाको सम्पूर्ण जनसङ्ख्याको ५० प्रतिशत भाग ओगटेको पाइन्छ, तिनमा ९ जिल्लामा छेत्री र बाँकी प्रत्येक जिल्लामा मगर, थारू, तामाङ, नेवार र गुरुङ पर्दछन्। पीताम्बर शर्मा *Unravelling the Mosaic,* माथि उल्लेखित, पृ. १४।

उल्लेख छ, तर एक प्रतिशतभन्दा बढी मानिसले बोल्ने भाषा १२ ओटा मात्र छन्।[४]

सन् १९९० मा प्रजातन्त्र आउनुभन्दा पहिलेका दशकहरूमा राज्यले हिमालयको काखमा रहेका प्रभुत्वशाली हिन्दू जातका संस्कृतिलाई राष्ट्रिय संस्कृति बनाउन खोजेको थियो। राजतन्त्रमा केन्द्रित यस संस्कृतिले हिन्दू धर्म, नेपाली भाषा र निश्चित पहिरनलाई प्रवर्द्धन गरेको थियो।[५] प्रजातान्त्रिक संविधानले नेपालको विविधतालाई केही हदसम्म भए पनि औपचारिक तवरमा स्वीकार गरेपछि यो संस्कृति भत्कन सुरु गऱ्यो।[६] नयाँ-नयाँ जातीय सङ्गठनहरू अस्तित्वमा आए तर उच्च जातका सम्भ्रान्तहरूको प्रभुत्व भने घटेन, बरु बढ्यो।[७]

राजतन्त्रको अन्त्य र सन् २००६ मा शान्ति प्रक्रियाको थालनी भएपछि आफ्नो भूमिका बढ्ने आशा अल्पसङ्ख्यकहरूमा एक पटक फेरि जागेको छ। सन् १९९० को दशकमा व्यक्तिगत अधिकारमा जोड दिने जुन अवधारणाको प्रयोग भएको थियो त्यसको उपयोगितामा विश्वास नरहेकाले धेरै जातीय र प्रान्तीय अधिकारवादीहरूले राज्यका अङ्गहरूमा आरक्षण र जनजातिहरूको अग्राधिकार रहने प्रान्तहरू हुने सङ्घीयतालाई सामूहिक अधिकारप्राप्ति र प्रतिनिधित्वको एक मात्र उपायका रूपमा लिएका छन्।

यसको विरोध पनि उल्लेखनीय मात्रामा भएको छ। पहिलेदेखि स्थापित राष्ट्रिय पहिचानको पुनर्परिभाषा गरिने कुराबाट सत्तामा भएका सम्भ्रान्त वर्गलाई डर लाग्नु अनौठो होइन। राज्य कति विभेदकारी छ र त्यसप्रति अल्पसङ्ख्यकहरूमा कति असन्तुष्टि छ भन्ने कुराको हेक्का धेरैलाई छैन। विविधतालाई स्वीकार गर्दा जातीय आधारमा सङ्गठित हुन लागेको नेपालमा आफू विरुद्ध भेदभाव होला भनी यी सम्भ्रान्तहरू डराएका छन्।

यस तनावलाई सम्बोधन गर्नु संविधान लेख्ने बेलामा नेपालले बेहोर्नुपर्ने सबैभन्दा गम्भीर समस्या हुनेछ। यस रिपोर्टमा नेपालमा सङ्घीय प्रणाली स्थापनामा देखा परेका राजनीतिक चुनौतीहरू र यो काम असफल भएमा उत्पन्न हुन सक्ने खतराका बारेमा चर्चा गरिएको छ। यसमा ठूला राजनैतिक पार्टीका धारणाहरूको लेखाजोखा गरिएको छ र सबै ठूला पार्टीभित्र सङ्घीयता विरोधी मत पाइन्छ। साथै यसमा पूर्वी पहाड र मध्य तथा पूर्वी तराईलाई पनि नियाल्ने काम भएको छ। ती दुवै ठाउँमा पहिचानमा आधारित सङ्घीयताको मागले चर्को रूप लिएको छ। नेपालका अरू क्षेत्रलाई यसमा छुने किञ्चित् प्रयास मात्र गरिएको छ। यस रिपोर्टमा सम्भावित सङ्घीय प्रणालीका जोखिम र चुनौतीहरूबारे चर्चा त गरिएको छ, तर सङ्घीयताका विभिन्न ढाँचाका फाइदाहरूबारे भने यस रिपोर्टले उल्लेख गरेको छैन। त्यसका साथै सङ्घीयताको कार्यान्वयनका प्राविधिक समस्याहरूलाई नियाल्ने चेष्टा पनि यसमा गरिएको छैन।

---

[४] यिनीहरूमा नेपाली (४८.६), मैथिली (१२.३), भोजपुरी (७.५), थारू (५.९), तामाङ (५.२), नेवार (३.६), मगर (३.४), अवधी (२.५), बान्तवा राई (१.६), गुरुङ (१.५), लिम्बू (१.५) र बज्जिका (१.१) छन्। ऐ.ऐ., पृ. ६४।

[५] सरकारी कर्मचारीहरूले प्रायःजसो दौरासुरुवाल, टोपी लगाउनुपर्थ्यो र सरकारी कार्यालयहरूमा जानुपर्दा पुरुषहरूले टोपी लगाउन अनिवार्य थियो। हेर्नुहोस् John Whelpton, *A History of Nepal* (दिल्ली, २००५), पृ. १६०।

[६] क्राइसिस ग्रुप रिपोर्ट, *Towards a Lasting Peace in Nepal: The Constitutional Issues*, माथि उल्लेखित, पृ. २।

[७] पञ्चायत कालको व्यवस्थापिकामा बाहुनहरूको उपस्थिति करिब १४ देखि २४ प्रतिशतको बीचमा रहेको थियो। सन् १९९१, १९९४ र १९९९ मा गठित व्यवस्थापिकाहरूमा उनीहरूको सङ्ख्या क्रमशः ३६.६, ४४.३९ र ४६.३४ भई झन्डै दोब्बर भएको थियो। पञ्चायत कालको व्यवस्थापिकामा करिब ३५ देखि ३८ प्रतिशत उपस्थिति रहेको छेत्रीहरूको प्रतिनिधित्व सन् १९९० पछि नाटकीय रूपमा घटेर १८.५३ प्रतिशत भयो। नेवार प्रतिनिधित्व तुलनात्मक रूपमा स्थिर रह्यो। उनीहरूको प्रतिनिधित्व सन् १९८६ र सन् १९९० को दशकका व्यवस्थापिकाहरूमा करिब ६.५ प्रतिशत रह्यो। अन्य पहाडी जनजाति समूहहरूको सबैभन्दा बढी प्रतिनिधित्व सन् १९८१ को व्यवस्थापिकामा (२१.४८ प्रतिशत) थियो। सन् १९९० पछि यो सङ्ख्या घटेर सन् १९९१ मा १६.६ प्रतिशत, सन् १९९४ मा ११.७ प्रतिशत र सन् १९९९ मा १२.१९ प्रतिशत भयो। सन् १९९० पछि तराईका जात समूहको प्रतिनिधित्व केही मात्रामा बढेर सन् १९९१ मा २१.०१ प्रतिशत, सन् १९९४ मा १८.५३ प्रतिशत र सन् १९९९ मा १७.०७ प्रतिशत भयो। पञ्चायत कालमा उनीहरूको प्रतिनिधित्व ११.४ र १८.५३ को बीचमा थियो। उच्च कार्यकारी पदहरूमा पहाडे बाहुन, छेत्री र नेवारको स्पष्ट पकड कायमै रहेको छ। सन् १९५१ देखि सबै प्रधानमन्त्रीहरू बाहुन, छेत्री र नेवार नै भएका छन्। सन् १९५१ देखि अप्रिल २००६ को बीचमा ६५ प्रतिशत मन्त्रीहरू यिनै तीन समूहबाट आएका थिए। हेर्नुहोस् Mara Malagodi, *Constitutional Nationalism and Legal Exclusion in Nepal (1990-2007)*(लन्डन, अप्रकाशित पीएचडी थेसिस)। जून २०१० मा बहाल रहेका प्रमुख जिल्ला अधिकारीहरूमा ७० प्रतिशत बाहुन, १६ प्रतिशत छेत्री, ४ प्रतिशत नेवार, ५ प्रतिशत मधेसी र १ प्रतिशत लिम्बू थिए।

## २. नेपालमा पहिचानको राजनीति

नेपालमा खुलमखुल्ला भेदभाव हुने गरेको र त्यसले कानुनी मान्यता समेत पाएको इतिहास छ। सन् १८५४ को मुलुकी ऐनले नेपालको जनसङ्ख्यालाई कानुनी तवरमै बेग्लाबेग्लै जातहरूमा विभाजित गरेको थियो जुन मुलुकी ऐन सन् १९५१ मा राणा शासनको पतन नहुँदासम्मै लागू रहेको थियो। त्यस मुलुकी ऐनले सबै समूहहरूलाई खास जातअन्तर्गत वर्गीकृत गरेको थियो र प्रत्येक जातका मानिसलाई छुट्टाछुट्टै कानुन र दण्डसजाय तोकेको थियो। त्यसैले सारा सामाजिक अन्तरक्रियालाई नियमन गरेको थियो। उदाहरणका लागि, प्रत्येक समूहले गर्न पाउने आर्थिक कारोबार र छोइछिटोको व्यवहार तथा यौन सम्बन्धसमेत सो ऐनले तोकेको थियो।[८]

आज पनि नेपाली समाजमा तिनै पुराना कुरा र पूर्वाग्रहरू व्याप्त छन्। भेदभाव र बहिष्करण सम्बन्धमा हरेक व्यक्तिको अनुभव बेग्लाबेग्लै तथा नितान्त निजी पनि हुन सक्छ। आर्थिक हिसाबले तुलनात्मक रूपमा बलिया गुरुङ, राई, लिम्बू जस्ता पहाडे जनजाति समूहले प्रायशः साङ्केतिक प्रकारको बहिष्करण भोग्छन्। रक्सी खाएर झगडा गर्ने र परेमा खुकुरी निकाल्ने भनेर चिनिएका ती समूहका मानिसहरू सेनामा भर्ती हुनचाहिँ योग्य मानिन्छन्, तर शिक्षा पाउन र माथ्लो तहको सरकारी जागिर पाउन समर्थ मानिदैनन्। यस्तो किसिमको पूर्वाग्रहले चोट होइन अपमान पुऱ्याउँछ। अन्य समूहहरूप्रतिको भेदभाव झनै देख्न सकिने किसिमको छ। उदाहरणका लागि, नागरिकताको प्रमाणपत्रका लागि आवेदन दिने तराई मूलका कुनै मधेसीलाई लिऔँ। उसले नागरिकताको प्रमाणपत्र पाउन हप्ता त के महिनौं कुर्नुपर्ने हुन्छ, किनभने प्रमाणपत्र दिने सरकारी अधिकृत ऊ भारतीय होइन भन्ने यकिन गर्न चाहन्छ। तर त्यही मधेसीको छिमेकीले भने आजको भोलि नै नागरिकताको प्रमाणपत्र पाउँछ, किनभने ऊ हेर्दा नै "नेपाली" देखिन्छ।

राजनीतिक र आर्थिक अवसरहरू प्राप्त गर्ने कुरा जात र जातीयताका आधारमा फरक पर्छ। विशेषगरी पहाडे बाहुनहरूको राजनीति र प्रशासनमा अति नै ज्यादा दबदबा छ। उदाहरणका लागि, सन् १९९० यता बनेका आठ जना प्रधानमन्त्रीहरूमा दुई जना छेत्री, एक जना ठकुरी र बाँकी सबै बाहुन थिए। जनजाति र मधेसी समूहहरूको अवस्था बेग्लाबेग्लै छ, तर केही दरिद्रतम समुदायहरू यिनै समूहहरूभित्र पर्दछन्।(सबैभन्दा खराब अवस्थामा भने पहाड र तराईका दलितहरू छन्)।[९] यस्ता पूर्वाग्रहहरू, राजनीतिक र प्रशासनिक क्षेत्रमा रहेको न्यून प्रतिनिधित्व तथा आर्थिक पछौटेपनको अन्तरसम्बन्ध के हो त्यो प्रस्ट छैन। जनजाति समूह अगाडि बढ्न नसक्नुका कारणमा रक्सी खाने बानी जस्ता गैरहिन्दू प्रकृतिका उनीहरूका आफ्नै कमजोरीहरू हुन् भन्ने धारणा पहिलेदेखि नै रहँदै आएको छ।[१०] उता जनजाति आन्दोलनकारीहरू उच्च जातका मानिसहरूले राजनीति र प्रशासनमा गर्ने गरेको भेदभाव यसको मुख्य कारण बताउँछन्।

### क. जातीय आन्दोलनः अतीत र वर्तमान

#### १. सन् १९९० अघि

जातीय र प्रान्तीय समूहहरूद्वारा गरिएको राज्यको प्रतिरोध नौलो कुरा होइन। सन् १७७० र १९७९ को बीचमा राज्य विरुद्ध जातीय र प्रान्तीय प्रकृतिका कम्तीमा पनि २५ ओटा विद्रोहहरू भएका थिए, तिनमध्ये धेरै पूर्वी नेपालका राई र लिम्बू जातिको अग्रसरतामा गरिएका थिए।[११]

उन्नाइसौं शताब्दीको पूरै समयदेखि सन् १९५० को दशकसम्मै पूर्वी पहाडमा धेरै पटक लिम्बूहरूले विद्रोह गरेका थिए। तिनका कारणमा उच्च जातिका बाहिरियाले गर्दा उनीहरूले जग्गा गुमाउनु र स्थानीय स्वशासनको व्यवस्थालाई राज्यले खोस्न खोज्नु थियो। स्थानीय तवरमा कडा प्रतिरोध भएको र त्यसका साथै संवेदनशील सीमा इलाकामा रहेको लिम्बूवानको रणनीतिक अवस्थितिलाई ध्यानमा राखेर उस बेलाको नेपाली राज्यले सन् १७७४ मा दूरगामी प्रभाव पर्ने किसिमको स्वशासनको अधिकार लिम्बू मुखियाहरूलाई दिएको थियो। ठेक्का-थिति व्यवस्थाअन्तर्गत उनीहरूले सामूहिक स्वामित्व भएको र कानुनी तवरमै

---

[८] András Höfer, *The Caste Hierarchy and the State in Nepal: A Study of the Muluki Ain of 1954* (काठमाडौं, २००४[१९७९])।

[९] मोटामोटी वर्गीकरणबाट महत्त्वपूर्ण आन्तरिक फरकहरू लुक्न जान्छन्। पहाडका जनजाति समूहहरू र मधेसीहरूको औसत गरिबी दर उच्च छ। तर तिनीहरूभित्रका केही ठूला समूहहरू केही महत्त्वपूर्ण आर्थिक सूचकाङ्कहरूका हिसाबमा बाहुन र छेत्रीहरूकै हाराहारीमा छन्। उदाहरणका लागि गुरुङहरू प्रतिवर्ष प्रतिपरिवार औसत रु.२२,१६८/-उपभोग गर्दछन् र उनीहरूको गरिबी दर ४.७ प्रतिशत छ। यादवहरूको औसत उपभोग रु.१२४७७/- छ र गरिबीको दर पनि ४.० प्रतिशत छ। त्यसको तुलनामा बाहुनहरूको औसत उपभोग रु.२३,०८८/- छ र गरिबी दर २.० प्रतिशत रहेको छ। पहाडे बाहुन र छेत्रीहरूको संयुक्त औसत उपभोग रु.१९,२१३/- र गरिबी दर ४.२ प्रतिशत रहेको छ। बाहुन र छेत्रीहरू यस्तो आन्तरिक फरक तथा सुदूरपश्चिमी नेपालमा विद्यमान उच्च गरिबी दर भएको कुरा औंल्याउँदछन्। सुदूरपश्चिममा बाहुन-छेत्रीहरूको ठूलो अनुपात रहेको छ र त्यहाँ सुदूरपश्चिममा गरिबी दर धेरै उच्च छ अर्थात् ४१ प्रतिशत छ, जुन राष्ट्रिय औसतभन्दा १० प्रतिशत बढी छ। (यद्यपि सन् १९९५ र २००३ को अवधिमा यो दर २३ प्रतिशतले घटेको छ) । तर बाहुनहरूमा अरू समूहको तुलनामा सबैभन्दा बढी औसत उपभोग र सबैभन्दा कम गरिबी दर पनि रहेको छ। तसर्थ बाहुनहरूमाझ ठूलो आर्थिक असमानता भेटिन्छ, त्यसका साथै धेरै थोरै बाहुनहरू मात्र असाध्ये गरिब छन्। बरु छेत्रीहरू बढी गरिब छन्। बाहुन र छेत्रीको समष्टिगत गरिबी दर ४.२ प्रतिशत छ। छेत्री मात्रैको गरिबी दर गुरुङ र यादवको भन्दा बढी हुन आउँछ। Arun KL Das and Magnus Hatlebakk, *Statistical Evidence on Social and Economic Exclusion in Nepal* (काठमाडौं, २०१०)।

[१०] डोरबहादुर विष्टको किताब *Fatalism and Development* ले हिन्दू धर्मसित जोडिएको भाग्यवादलाई यस कुराको जिम्मेवार ठान्दछ। (पटना १९९९[१९९१])।

[११] महेन्द्र लावतीले सन् १७७० देखि १९७९ को बीचमा भएका जातीय विग्रहका २५ ओटा घटनाको उदाहरण दिएका छन्, जसमध्ये १० ओटा घटनामा पूर्वी पहाडका लिम्बू र राई समुदायको संलग्नता रहेको थियो। महेन्द्र लावती "Contentious politics in democratizing Nepal", मा महेन्द्र लावतीद्वारा सम्पादित *Contentious Politics and Democratization in Nepal* (नयाँ दिल्ली, २००७), पृ. ३२।

छुट्याइएको किपट जग्गाको नियन्त्रण गर्थे, त्यस्ता किपट जग्गा भोगचलन गर्ने आफ्नै सगोत्री र अन्य व्यक्तिबाट कर उठाउँथे तथा न्याय सम्पादन गर्नुका साथै उनीहरूले सेना राख्न पाउँथे।[१२]

तर त्यस्तो स्वशासन थालिए लगत्तै राज्य त्यसलाई समाप्त गर्नेतिर लाग्यो। राज्यले हिन्दू जात समूहका मानिसहरूलाई पूर्वी पहाडहरूमा बसाइँ सर्न प्रोत्साहित गर्‍यो र किपट जग्गालाई रैकरमा परिणत गर्न थाल्यो। रैकर जग्गाको खरिद-बिक्री सजिलै हुन सक्थ्यो र त्यसको देखरेख केन्द्रीय राज्यले सोझै गर्थ्यो। आर्थिक रूपले सबल र प्रशासनमा पहुँच राम्रो भएको हुनाले बाहिरियाहरूले लिम्बूहरूबाट लिँदै आफ्नो जग्गा बढाउन थाले। यसप्रकार भूमिको स्वामित्वमा परिवर्तन आउन थालेपछि किपट जग्गासित जोडिएको लिम्बू मुखियाहरूको हैकम पनि घट्न थाल्यो। त्यसले गर्दा बेलाबखत चर्को र हिंसात्मक प्रतिरोध हुने गर्थ्यो। बाहिरबाट आएका हिन्दूहरूका कारण आफ्नो जग्गा र अख्तियार दुवै गुमाउनु परेको हुनाले लिम्बूहरूको मुख्य रिस हिन्दूहरूप्रति थियो र पूर्वी पहाडमा बस्न आइपुगेका बाहुन र छेत्री विरुद्ध लक्षित थियो।[१३] उदाहरणका लागि, सन् १९५० मा राणाशासन विरोधी आन्दोलन हुँदा लिम्बू र राईहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए[१४] तर त्यसका साथै पूर्वी पहाडमा बाहुन र छेत्री विरुद्ध कैयन् दङ्गाहरू पनि भए, जसमा धेरै बाहुन-छेत्रीहरू मारिए र उनीहरू लखेटिए पनि।[१५]

सन् १९५० को दशकमा तराईमा पहिलो पटक प्रान्तीय सङ्घर्ष भयो। सन् १९५१ मा खडा भएको नेपाल तराई काङ्ग्रेसले तराई स्वशासित राज्य हुनुपर्ने, हिन्दी भाषा प्रशासनिक भाषा हुनुपर्ने र तराईका मानिसहरूले अझ बढी सरकारी नोकरी पाउनुपर्ने माग राखेको थियो। पछि सन् १९५६ मा नेपाली भाषालाई शिक्षाको प्रमुख माध्यम बनाइयो। पूरै तराईमा त्यस निर्णयको ठूलो विरोध भयो। तर त्यो आन्दोलन अपेक्षाकृत सानो सम्भ्रान्त वर्गमा मात्रै सीमित रह्यो। केन्द्रीय पार्टीहरूसितको नाता तोडेर आफूले पाउँदै आएको आर्थिक र राजनीतिक लाभलाई धेरैले छाड्न चाहेनन्। नेपाल तराई काङ्ग्रेसले सन् १९५९ मा भएको आमनिर्वाचनमा ठूलो पराजय भोग्नुपर्‍यो।[१६]

राजा महेन्द्रको टाठाबाठा र ठूलाठालुलाई आफूतिर तान्ने चतुर नीतिका कारण सन् १९६० को दशकमा जातीय र प्रान्तीय आन्दोलन शिथिल भयो। दलविहीन पञ्चायत व्यवस्थामा राज्यले सबै नागरिक एक समान हुन् भन्ने नीति लिएर एउटै संस्कृतिको प्रवर्द्धनमा जोड दिएको थियो।[१७] यो संस्कृति वस्तुतः पहाडे मूलका उच्च जातका हिन्दूहरूको संस्कृति थियो। तर त्यस संस्कृतिलाई अँगालेर त्यसमा समाहित हुने अल्पसङ्ख्यक समूहका मानिसहरूले पनि शक्तिशाली पदहरू पाउन सक्थे।[१८] यसले गर्दा जातीय आन्दोलन भुत्ते हुन गयो।[१९] तर विशेषतः पूर्वी पहाडका बासिन्दाहरूमा जातीय भावना सल्किरह्यो।[२०] जनजातिका उच्च वर्ग र राज्यको मधुमास सन् १९७० को दशकमा टुङ्गियो, जब राज्यले विकासको फल दिन सकेन र प्रशासनमा केवल माथ्ला जातका धनीमानीको हालिमुहाली रहिरहने स्पष्ट भयो।[२१]

---

[१२] Philippe Sagant, *The Dozing Shaman: The Limbus of Eastern Nepal* (दिल्ली, १९९६), पृ. ३१९-३३५। (प्रावधानहरू केही फरक थिए। पहिलेका भूमिसम्बन्धी व्यवस्थाले लिम्बू शासकहरूलाई ससाना अधिराज्यहरूसँग जोडेको थियो जसको उनीहरूमाथिको शासकत्व नाम मात्रको हुने गर्थ्यो।

[१३] हेर्नुहोस् Lionel Caplan, *Land and Social Change in East Nepal: A Study of Hindu-Tribal Relations* (काठमाडौं, २००० [१९७०])।

[१४] टङ्कबहादुर राई, *किराँत इतिहासको रूपरेखा* (ललितपुर, २००३)। राणाशासन विरुद्ध सन् १९५०-५१ मा भएको सशस्त्र विद्रोहको नेतृत्व नेपाली काङ्ग्रेसले गरेको थियो। त्यस विद्रोहले राणाहरूलाई राजा त्रिभुवनको स्वदेश फिर्तीलाई स्वीकार्न र नेपाली काङ्ग्रेस-राणाको संयुक्त सरकार बनाउन बाध्य पारेको थियो।

[१५] टी.बी सुब्बा, *Politics of Culture: A Study of Three Kirata Communities in the Eastern Himalayas* (चेन्नाई, १९९९) पृ. ११२।

[१६] त्यस पार्टीले एक सिटसमेत ल्याउन नसकेको मात्रै होइन त्यसका सबै २१ उम्मेदवारहरूले आफ्नो चुनाव क्षेत्रबाट २० प्रतिशतभन्दा कम मत पाएकाले उनीहरूको २५० रुपियाँको जमानतसमेत जफत भएको थियो। Frederick Gaige, *Regionalism and National Unity in Nepal* (बर्कले, १९७५) पृ. १२३।

[१७] हेर्नुहोस् Joanna Pfaff-Czarnecka, "Vestiges and Visions: Cultural Change in the Process of Nation-Building in Nepal", in David Gellner, Joanna Pfaff-Czarnecka and John Whelpton (eds.), *Nationalism and Ethnicity in a Hindu Kingdom: The Politics of Culture in Contemporary Nepal* (लन्डन, १९९७)।

[१८] हिन्दू रीतिथिति र खानपिनको चालचलनलाई अपनाएर हिन्दू उच्च जातका अभ्यासहरूको अनुसरण गर्नु व्यक्तिगत र सामूहिक रूपमा माथि उक्लने एउटा महत्त्वपूर्ण रणनीति थियो। हेर्नुहोस् Joanna Pfaff-Czarnecka, "Vestiges and Visions", माथि उल्लेखित। कुनै व्यक्ति वा समूहको जातिगत स्तर उकास्न गरिने संस्कृतकरणको यस किसिमका प्रक्रिया दक्षिण एसियाभरि नै देखिएको छ। M.N. Srinivas, *Religion and society among the Coorgs of South India* (अक्सफोर्ड, १९५२)। संस्कृतकरणले बौद्ध धर्म वा प्रकृतिपूजाका अभ्यासहरूलाई पूरै विस्थापित नै गरिहालेको भने थिएन। हिन्दू कर्मकाण्डलाई माने जस्तो गरी राज्यका प्रतिनिधिहरूको सामुन्ने देखाउने मात्र पनि गरिन्थ्यो। हेर्नुहोस् टमस कक्स "Langtang Tibetans and Hindu Norms as Political Language: A Critical Perspective on Sanskritization Theory", in *Contributions to Nepalese Studies*, अङ्क १६, नं. १ (१९८९), पृ. ११-२०।

[१९] पञ्चायत कालमा पनि जातीय सङ्गठनहरू थिए। उनीहरूका उद्देश्य आफ्ना संस्कृति र भाषाको जगेर्ना गर्ने रहेका भए पनि उनीहरूको मुख्य प्रयास आफ्ना समुदायलाई संस्कृतकरणको माध्यमबाट हिन्दू संस्कृति अपनाउन लगाउनु थियो। रक्सी र मासु खान छाड्नु पर्नेमा उनीहरूको विशेष जोड थियो। मगर सङ्गठन नेपाल लाङ्घाली सङ्घबारे हेर्नुहोस् "The Kham Magar Country: Between Ethnic Claims and Maoism" in David N. Gellner (ed.), *Resistance and the State: Nepalese experiences* (New Delhi, 2003); थारू कल्याणकारी सभाका लागि हेर्नुहोस् Arjun Gunaratne, *Many Tongues, One People: The Making of Tharu Identity in Nepal* (Ithaca, 2002), ch. 5. नेपाल राष्ट्रिय जनजाति पार्टी जस्ता केही राजनीतिक अपवादहरू पनि नभएका होइनन्। त्यस पार्टीले भाषा र जातीयतामा आधारित बाह्रओटा राज्य रहने सङ्घीय संरचनाको माग गरेको थियो। मुक्त सिंह तामाङ "समानता सङ्घीयता र बहुसांस्कृतिक राष्ट्रवाद" मा कृष्ण खनाल, झलक सुवेदी, मुक्तसिंह तामाङ (सं), *राज्य पुनर्संरचनाः राजनीतिक, आर्थिक र संस्कृतिक दृष्टिकोण* (काठमाडौं, २००८), पृ. १२३।

[२०] उदाहरणका लागि, गरिब लिम्बू किसानहरू आफ्नो आर्थिक र राजनैतिक पछौटेपनका लागि माथ्लो जातको दबाबलाई दोष दिन्थे। Lionel Caplan, "From Tribe to Peasant? The Limbus and the Nepalese State", *Journal of Peasant Studies*, अङ्क १८, नं. २ (१९९१), पृ. ३०५-३२१।

[२१] हेर्नुहोस् Joanna Pfaff-Czarnecka, "Vestiges and Visions", माथि उल्लेखित।

## २. सन् १९९० पछि

सन् १९९० मा पञ्चायत व्यवस्थाको अन्त्य र संसदीय प्रजातन्त्रको स्थापना भएबाट जातीय मागहरूका लागि ढोका खुल्यो। नयाँ संविधानले औपचारिक तवरमा जातीय, धार्मिक र भाषिक विविधतालाई स्वीकार गर्‍यो। जहाँसम्म राष्ट्रिय पहिचानको कुरा हो त्यो अपरिवर्तनीय रह्यो।[२२] नेपाल एकात्मक हिन्दू राजतन्त्र नै रहिरह्यो र कामकाजी भाषाका रूपमा नेपाली भाषालाई नै कायम राखियो।[२३] केही संस्थागत सुधारहरू नभएका होइनन्, तर संरक्षणवादको आधारशिला हटेन र उच्च जातका सम्भ्रान्तहरूको प्रतिनिधित्व झनै बढेर गयो।[२४]

सन् १९९० को दशकमा जातीय सङ्घसंस्थाहरूको सङ्ख्यामा ह्वात्तै वृद्धि भयो।[२५] आठओटा समूहहरू मिलेर सन् १९९० मा खोलिएको नेपाल जनजाति महासङ्घ प्रभावशाली सङ्गठनका रूपमा अघिल्तिर आयो र सरकार तथा दातृ संस्थाहरूबीचको प्रमुख संवादकर्ता बन्न पुग्यो। जनजाति आन्दोलनले आदिवासी अधिकारबारेको विश्वव्यापी छलफलबाट धेरै कुराहरू लिएको थियो।[२६] सन् २००३ मा नेपाल जनजाति महासङ्घले आफ्नो नाम परिवर्तन गरेर नेपाल आदिवासी जनजाति महासङ्घ बनायो।[२७] यो सङ्गठन पञ्चायत कालमा रहेका विभिन्न जातीय संस्थाहरूभन्दा भिन्न थियो र यसले थालेको नयाँ आन्दोलनले भाषिक अधिकारबाहेक विकेन्द्रीकरण, जातीय समूहहरूका लागि राजनीतिक स्वायत्तता र राज्यका निकायहरूमा समानुपातिक प्रतिनिधित्वको माग अघि सार्‍यो।[२८]

अझै पनि जातीय र प्रान्तीय उद्देश्यका राजनीतिक पार्टीहरू खोल्न पाइन्न थियो।[२९] तर दुईओटा पार्टी यस प्रतिबन्धबाट उम्के। ती थिए, राष्ट्रिय जनमुक्ति पार्टी र नेपाल सद्भावना पार्टी, जसले सङ्घीय नेपालको वकालत गर्दै सन् १९९१, १९९४ र १९९९ को चुनावमा भाग लिएका थिए। दुवै पार्टीले चुनावमा राम्रो नतिजा ल्याउन सकेनन्। नेपाल सद्भावना पार्टीले जम्माजम्मी ४.१ प्रतिशत भोट पायो र राष्ट्रिय जनमुक्ति पार्टीले जम्माजम्मी १.०७ मत।[३०] यसबाट उनीहरूले बोकेका एजेन्डाप्रति मतदाताहरूको उत्साह नरहेको देखियो, साथै उनीहरूले आफ्ना क्षेत्रहरूमा बलियो जातीय प्रतिस्पर्धाको सामना पनि गर्नुपर्‍यो।[३१]

जातीय मागहरू पूरा गर्नेतर्फ उस्तो विधि प्रगति भएन। त्यो समय व्यक्तिगत अधिकारमाथि निकै जोड दिने गरिएको समय थियो। त्यसैले जातीय अधिकारवादीहरूले आफ्ना माग पूरा गराउन कानुनी उपायको सहारा लिए। त्यसको परिणाम मिश्रित रह्यो। उदाहरणका लागि, सन् १९९९ को जून महिनामा सर्वोच्च अदालतले स्थानीय निकायहरूमा नेपालीबाहेक अन्य भाषाको प्रयोगलाई गैरकानुनी ठहर्‍यायो।[३२] अर्को निर्णयमा सर्वोच्च अदालतले जातपातका आधारमा हिन्दू मन्दिरहरूमा कसैलाई पनि प्रवेश निषिद्ध गर्ने कानुनी व्यवस्थालाई गैरसंवैधानिक ठहर गर्‍यो। यद्यपि कानुन तथा न्याय मन्त्रालयले केही मन्दिरहरूलाई निजी स्थान मानिनुपर्छ भन्ने ढिपी गरेको थियो।[३३]

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन सन् २००२ मा आउनु जातीय आन्दोलनकारीहरूका लागि महत्त्वपूर्ण क्षण थियो। त्यस ऐनमा आदिवासी जनजातिको कानुनी वर्गीकरण गरिएको छ र त्यसका लागि पूरा गर्नुपर्ने सर्तहरू पनि तोकिएको छ साथै ५९ समूहलाई जनजाति समूह भनेर मान्यता दिइएको छ।[३४]

खासगरी पूर्वी पहाडमा जनजाति आन्दोलनको एउटा सानो हिस्सा सुरुदेखि नै लडाकू प्रवृत्तिको रहँदै आएको थियो। गोपाल खम्बुले सन् १९९२ मै स्वायत्त खम्बुवान राज्य स्थापनाका लागि सशस्त्र सङ्घर्ष थाल्ने सुरले खम्बुवान राष्ट्रिय मोर्चा खडा गरेका थिए। मोर्चाको सशस्त्र कारबाही भनेको केही संस्कृत पाठशालाहरूमा आगो लगाउनुमै सीमित रह्यो।[३५]

---

[२२] सन् १९९० को संविधानबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको संवैधानिक प्रक्रिया,* माथि उल्लेखित।

[२३] सन् १९९० को संविधानको धारा १८(२) ले नेपालीमा बाहेक मातृभाषामा प्राथमिक शिक्षा पाउन सकिने भनेर उल्लेख त गर्‍यो तर त्यसको ग्यारेन्टी भने गरेन।

[२४] हेर्नुहोस् पादटिप्पणी ७।

[२५] तिनको सङ्ख्या यकिन गर्न गाह्रो छ। १५० देखि सयौं सङ्गठनहरू रहेका अनुमान गरिन्छ। प्रत्यूष वन्त "The Growth of the Adivasi Janajati Movement in Nepal After 1990: The Non-Political Institutional Agents", in *Studies in Nepali History and Society*, अङ्क ११, नं. २ (डिसेम्बर, २००६)।

[२६] नेपालका गैरहिन्दू जातीय समुदायहरूलाई बुझाउन "जनजाति" शब्दको प्रयोग गरिन्छ।

[२७] ऐ.ऐ., पृ. ३२५-३३१।

[२८] Joanna Pfaff-Czarnecka, "Vestiges and Visions", माथि उल्लेखित।

[२९] सन् १९९० को संविधान, धारा ११३(३)।

[३०] महेन्द्र लावती, *Towards a Democratic Nepal* (नयाँ दिल्ली, २००५), पृ. ६९। दर्ता नभएकाहरूमा मङ्गोल राष्ट्रिय सङ्गठन र राष्ट्रिय जनमुक्ति पार्टी थिएः लिम्बूवान मुक्ति मोर्चाले निर्वाचन बहिष्कार गर्‍यो। Michael Hoftun, William Raeper and John Whelpton, *People, Politics & Ideology* (काठमाडौं, १९९९), पृ. १७८।

[३१] पूर्वी नेपालमा सन् १९९४ को निर्वाचनमा राष्ट्रिय जनमुक्ति पार्टीले १२ प्रतिशतसम्म मत हासिल गर्‍यो। अरू पार्टीहरूले जातीय समूहहरूबाट पहिलाभन्दा बढी उम्मेदवारहरू मैदानमा उतारेका थिए। Karl-Heinz Krämer, *Ethnizität und Nationale Integration in Nepal: Eine Untersuchung zur Politisierung der ethnischen Gruppen im modernen Nepal* (Stuttgart, १९९६), पृ. २७२-२६५।

[३२] सन् १९९७ मा काठमाडौं नगरपालिकाले नेवारी र धनुषा जि.वि.स.ले मैथिलीलाई अतिरिक्त कामकाजी भाषाका रूपमा प्रयोग गर्ने निर्णय गरेका थिए। Mara Malagodi, *Constitutional Nationalism and Legal Exclusion in Nepal (1990-2007)*, माथि उल्लेखित, पृ. २५३।

[३३] ऐ.ऐ., पृ. २४९-२५१।

[३४] हेर्नुहोस् Townsend Middleton and Sara Shneiderman, "Reservations, Federalism and the Politics of Recognition in Nepal", *Economic and Political Weekly*, १० मे २००८।

[३५] खम्बुवान राष्ट्रिय मोर्चाका एक जना नेताले भने "सन् १९९७/१९९८ मा हामीले संस्कृत पाठशालाहरू जलाउन सुरु गर्‍यौं। हामीले तीनओटा पाठशालाहरू जलायौं। हाम्रो विरोधको लक्ष्य संस्कृत थिएन, तर संस्कृत नबोल्ने मानिसमाथि भेदभाव गर्ने व्यवस्थालाई ध्वस्त बनाउनु थियो। त्यस बेला यदि तपाईंले संस्कृत

तर मोर्चा अस्तित्वमा आउनाले केही आन्दोलनकारीहरू सशक्त कारबाही गर्न रुचाउँछन् भन्ने देखायो भने त्यसले त्यसभन्दा अघि मूलतः मध्यम वर्गद्वारा सञ्चालित रहँदै आएको जातीय आन्दोलनलाई रातो मुख लगाउने पाऱ्यो र माओवादीहरूका लागि ढोका पनि खोलिदियो।

## ख. जातीय माग र "जनयुद्ध"

सरकार विरुद्ध सशस्त्र सङ्घर्ष सन् १९९६ मा भयो जुन बेला नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले विद्रोह सुरु गऱ्यो।[३६] माओवादीहरूले युद्ध थाल्नुभन्दा अगावै आफ्ना नीति र कार्यक्रमहरूमा जातीय भावनालाई समेटेका थिए। जुलाई १९९५ मा त्यस पार्टीले जातीय स्वशासनलाई स्वीकारेको थियो।[३७] उनीहरूले राखेका ४० बुँदे मागमा जातीय उत्पीडनको अन्त्य हुनुपर्ने र राज्य धर्म निरपेक्ष हुनुपर्ने, भाषिक समानता हुनुपर्ने मागहरू थिए र विशेषगरी प्रान्तीय स्वशासनमा जोड दिइएको थियो। फेब्रुअरी १९९७ मा पार्टी केन्द्रीय समितिले जनजातिबारेको आफ्नो नीतिलाई परिष्कृत गर्दै आत्मनिर्णयको अधिकारसहितको जातीय र प्रान्तीय स्वशासनको मागलाई समर्थन गरेको थियो।[३८] सन् २००० मा पार्टीले देव गुरुङको नेतृत्वमा जातीय विषय हेर्ने छुट्टै विभाग खोल्यो जसअन्तर्गत विभिन्न जातीय मोर्चाहरू पर्दथे।[३९] माओवादीहरूको जनसरकारअन्तर्गत नौओटा स्वशासित प्रदेशहरूका सिमाना जातीय वर्गीकरणकै आधारमा कोरिएका थिए।[४०]

पहिचानको राजनीतिलाई वर्गआधारित मार्क्सवादी सङ्गठनसित मिलाउने कुरा वैचारिक तवरमा हेर्दा जति दुष्कर देखिन्छ, त्यो वास्तवमा छैन। किनभने यसको पहिलेको नजिर छ। वरिष्ठ नेता बाबुराम भट्टराईले प्रतिपादित गरेको "जातीय प्रश्न" बारेको माओवादी धारणा पूरापूर लेनिनवादी छ। "उत्पीडित जाति" लाई अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक शोषणबाट मुक्ति दिलाउन, पुँजीवादतर्फ अग्रसर हुन र समाजवादी क्रान्तिका लागि वातावरण तयार पार्न आत्मनिर्णयको अधिकारसहितको स्वशासन चाहिन्छ। त्यसको अर्थ चाहेमा छुट्टिन पाउने अधिकार हो। तर अन्तिम उद्देश्यचाहिँ त्यस्तो जातीय पहिचानलाई वर्गविहीन र राज्यविहीन समाजमा विलयन गर्नु हो।[४१] तसर्थ जातीय आन्दोलन स्वाभाविक मित्र शक्ति हो, जसलाई सघाउनुपर्छ र माओवादी आन्दोलनको एकीकृत मोर्चाभित्र ल्याउनुपर्छ।[४२]

सबैको सोचाइ के रहेको छ भने जातीय असन्तुष्टिलाई उपयोग गर्दै व्यापक जनसमर्थन प्राप्त गर्नका लागि जातीय मागहरूको समर्थन नगरी माओवादीहरूलाई सुखै थिएन।[४३] यो भनाइ आंशिक रूपमा मात्र सत्य हो। माओवादीहरूको जातीय एजेन्डाले उनीहरूको मध्य-पश्चिममा रहेको गढमा एकदम नगण्य भूमिका मात्र खेलेको थियो। त्यस क्षेत्रमा खाम-मगरहरूको बाहुल्य छ र त्यस समुदायका धेरै मानिसहरू विद्रोहमा सहभागी बनेका थिए। तर त्यसमा जातीय कारण अत्यन्त थोरै छ।[४४] त्यहाँ जातीय नभई कम्युनिस्ट आन्दोलनको लामो समयदेखि प्रभाव रहँदै

---

बोल्नुभयो भने जागिर पाउने पक्का थियो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, खम्बुवान राष्ट्रिय मोर्चाका नेता, धरान १४ सेप्टेम्बर २०१०। हेर्नुहोस् सुधीर शर्मा, *The Ethnic Dimension of the Maoist Insurgency* (काठमाडौं, २००२)।

[३६] जनवरी २००९ मा तीनओटा साना कम्युनिस्ट पार्टीहरूसँग नेकपा (माओवादी) एकीकृत भएपछि यसको नाम एनेकपा (माओवादी) भयो। फेब्रुअरी २००९ मा एनेकपा (माओवादी) बाट छुट्टिएर माओवादी नेता मातृका यादवले पार्टीको पुरानो नामबाट अर्को पार्टी गठन गरे। यस ठाउँमा बाहेक रिपोर्टका अन्य ठाउँमा मातृका यादवको पार्टीलाई जनाउन नेकपा (माओवादी) नामको प्रयोग गरिएको छ।

[३७] "ऐतिहासिक जनयुद्धको पहिलो योजना", नेकपा (माओवादी), जुलाई १९९५।

[३८] "केही तत्कालीन राजनीतिक र सङ्गठनात्मक प्रश्नबारे प्रस्ताव", नेकपा (माओवादी), फेब्रुअरी १९९७।

[३९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ नेता एनेकपा (माओवादी), काठमाडौं, जनवरी २०१०।

[४०] अन्य जानकारीका लागि हेर्नुहोस् Kiyoko Ogura, "Maoist people's governments, 2001-2005: the power in wartime", in: David Gellner and Krishna Hachhethu (eds.), *Local Democracy in South Asia: Microprocesses of Democratization in Nepal and its Neighbours* (नयाँ दिल्ली, २००८)।

[४१] लेनिनले लेखेका थिए: "जसरी शोषित वर्गको अधिनायकत्वको सङ्क्रमण कालपछि मानव समाजमा वर्गहरूको उन्मूलन हुन्छ त्यसरी नै सबै दमित राष्ट्रहरू अलग्ग हुन पाउने अधिकारसहितको पूर्ण उन्मुक्तिको सङ्क्रमण कालबाट गुज्रेपछि राष्ट्रहरूको अपरिहार्य सम्मिलन हुन्छ।" Vladimir I. Lenin, "The Socialist Revolution and the Right of the Nations to Self-Determination", Lenin, *National Liberation, Socialism and Imperialism – Selected Writings* (New York, 2002 [1968]), पृ. ११४। बाबुराम भट्टराईद्वारा "The Question of Building a New Type of State", *The Worker* (९), २००४ मा उल्लेख गरिएको। विस्तृत जानकारीका लागि हेर्नुहोस् मुक्तसिंह तामाङ, "Culture, Caste and Ethnicity in the Maoist Movement", in *Studies in Nepali History and Society*, vol. 11, no. 2 (डिसेम्बर २००६)। यसको अर्थ माओवादीहरू साँच्चिकै राज्यहरू अलगिने अपेक्षा राख्दछन् भन्ने होइन। लेनिनको के विश्वास थियो भने ठूला राज्य हुनाका आफ्नै फाइदाहरू भएकाले अलग्ग हुन पाउने अधिकारलाई जति बलियोसित स्थापित गर्न सकिन्छ अलग्ग हुने सम्भावना त्यति नै कम हुन्छ। बरु यसले राष्ट्रहरूबीचको असमानतालाई हटाउन मद्दत गर्दछ। लेनिन, "The Socialist Revolution and the Right of the Nations to Self-Determination", माथि उल्लेखित, पृ. ११३।

[४२] बाबुराम भट्टराई नेपालमा जातीयताको सवाललाई नेपालको अर्धसामन्ती संरचना र क्षेत्रीय शोषण जन्माउने अर्धऔपनिवेशिक परनिर्भरतासँग जोडेर हेर्छन् "किनभने पिछडिएका शोषित क्षेत्रका बासिन्दाहरू प्रायःजसो आदिवासी जनजातिहरू हुने गर्दछन्। ती क्षेत्रहरूमा साझा भूभाग, भाषा, संस्कृति र अर्थव्यवस्था रहेको हुन्छ। त्यस्ता क्षेत्रहरूमाथिको थिचोमिचो राष्ट्रिय थिचोमिचोका रूपमा देखा पर्दछन्। यसप्रकार क्षेत्रीय विषयहरू र जातीयताका सवालहरू परस्परमा गुजुल्टिन पुग्छन्।" बाबुराम भट्टराई, "The Political Economy of the People's War", in Arjun Karki and David Seddon (eds.), *The People's War in Nepal: Left Perspectives* (नयाँ दिल्ली, २००३) पृ. १५०।

[४३] उदाहरणका लागि, यस्तो विचार कृष्ण भट्टचनद्वारा अगाडि सारिएको थियो, "Possible Ethnic Revolution or Insurgency in a Predatory Hindu state, Nepal", in ध्रुवकुमार (ed.), *Domestic Conflict and Crisis of Governability in Nepal* (काठमाडौं, २०००); र महेन्द्र लावती, "The Maoists and Minorities: Overlap of Interest or a Case of Exploitation?", *Studies in Nepali History and Society*, vol. 8, no. 1 (२००३), पृ. ६७-९७।

[४४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ नेता एनेकपा (माओवादी), काठमाडौं, डिसेम्बर २०१०।

आएको थियो।[४५] केवल दुईओटा साना मगर सङ्गठनहरू माओवादीहरूसित मिलेका थिए। तीभन्दा प्रभावशाली र मध्यमवर्गीय मगर आन्दोलनकारीहरूले आफूलाई माओवादीहरूबाट टाढै राखे।[४६]

त्यसको विपरीत पूर्वी पहाडहरूमा भने माओवादीहरू विद्यमान जातीय आन्दोलनप्रति एकदमै भर परेका थिए। उनीहरूका मुख्य सहयोगी गोपाल खम्बुको किराँत राष्ट्रिय मोर्चा (किरामो) थियो।[४७] सन् १९९७ देखि नै किरामोले माओवादीहरूसित लसपस सुरु गरेको थियो र त्यसको एउटा सानो मिलिसिया पछि गएर सोलु-सल्लेरी जनमुक्ति सेनासित मिसियो। तर सुरुदेखि नै यो सम्बन्ध सहज थिएन। जातीय मागहरूलाई अँगाले पनि माओवादीहरूको वर्गविश्लेषणमा आधारित विचार जातीय आन्दोलनकारीहरूका भावनासित बाझिनु स्वाभाविक थियो, किनभने उनीहरूका लागि जातीय र प्रान्तीय पहिचानले औधी महत्त्व राख्थ्यो। गैरकम्युनिस्ट जातीय आन्दोलनकारीहरूलाई निर्णयकारी निकायहरूमा माओवादीहरूले नराखेका कारण तनाव सृजना भयो। आफूहरूलाई उपयोग मात्र गर्ने ठानेर गोपाल खम्बुले निर्णयकारी तहमा आफ्नो भाग खोजे। माओवादीहरूले आलटाल मात्र गरिरहेकाले खम्बुले आफूलाई कैयौं पटक अलग पारे। सन् २००२ मा उनले बाहिर देखाउनलाई किराँत वर्कर्स पार्टी खोलेपछि मात्रै माओवादीहरूले उनलाई जुलाई २००३ मा पोलिटब्युरोमा नभए पनि क्रान्तिकारी जनपरिषद्सम्ममा ल्याए।[४८]

त्यसैगरी पूर्वी र मध्यतराईमा माओवादीहरूले पाएको समर्थनको आधार उनीहरूले प्रान्तीय स्वशासनलाई गरेको समर्थन थियो। जनयुद्ध सुरु भएदेखि नै ती क्षेत्र विद्रोहीहरूका लागि रणनीतिक महत्त्वका थिए, त्यसै हुनाले पनि उनीहरूले स्थानीय मागलाई काँध हालेका थिए।[४९] तर यहाँ पनि माओवादीहरूको छिट्टै नै प्रान्तीय एजेन्डाका समर्थकहरूसित कचमच सुरु भयो।

पूर्वी र मध्यतराई क्षेत्रका सुरुसुरुका धेरैजसो नेताहरू मध्यवित्तीय यादवहरू थिए। उनीहरूले सामाजिक रूपान्तरणलाई नभई जातिगत सम्बन्धलाई नै सङ्गठन विस्तारको आधार बनाएका थिए।[५०] जग्गाधनीहरूको यस शक्तिशाली समूहले माओवादीहरूलाई समर्थन गर्ने कारण प्रान्तीय स्वशासन पाउने उनीहरूको चाहना थियो।[५१] तर माओवादीहरूले स्थानीय जमिन्दारहरूको दबदबा र जरा गाडेर बसेको जात प्रथा विरुद्ध आवाज उठाउनाले त्यहाँका स्थानीय नेताहरूलाई अप्ठेरो पर्न गयो। माओवादीहरूले आफ्नो आन्दोलनमा तराई स्वशासनलाई न्यून प्राथमिकता दिएकोले र पार्टी तथा जनमुक्ति सेनाको नेतृत्व तहमा मधेसीहरूको सीमित भूमिका भएको कारणले असन्तुष्टि जन्मायो। सन् २००४ यता धेरै मधेसी नेता र तिनका अनुयायी कार्यकर्ताहरूले पार्टी छाड्दै स्वशासनको मुद्दा लिएर आआफ्नै समूहहरू खडा गर्न थाले। प्रायः तिनै नेताहरूका बलमा राजनीतिक पहिचानका लागि सन् २००६ देखि २००८ सम्म चलेको आन्दोलन हाँकिएको थियो।[५२] परिणामस्वरूप तराईमा माओवादीहरूको प्रभाव निकै घट्न गयो।

मूलभूत वैचारिक अन्तरविरोध र स्थानीय रूपमा प्रभावशाली रहेका समूहउपरको निर्भरताबीचको तनाव अहिले पनि टड्कारो छ। अझै पनि जातीय र प्रान्तीय नेताहरू माओवादीहरूलाई सम्भावित गठबन्धनको साझेदारका रूपमा हेर्छन्, तर त्यो माओवादीहरूले सङ्घीयताप्रति कत्तिको असन्दिग्ध र प्रस्ट प्रतिबद्धता देखाउन सक्छन् त्यसैमा निर्भर रहनेछ।

## ग. शान्ति सम्झौतापछिको सङ्घीयता

नोभेम्बर २००५ मा माओवादी र सात पार्टीहरूको गठबन्धनबीच शाही शासन विरुद्ध संयुक्त रूपमा लड्न भनेर बाह्र बुँदे सम्झौता भयो। त्यसको एक वर्षपछि राजा ज्ञानेन्द्र सत्ताच्युत भएपछि गरिएको बृहत् शान्ति सम्झौताले एक दशक लामो गृहयुद्धको अन्त्य गरिदियो।[५३] राजनीतिक परिवर्तन द्रुत तवरमा भइरहेको त्यस्तो समयमा त्यस सम्झौताले सङ्घीयताको अवधारणालाई संस्थागत गर्ने प्रक्रियाको थालनी गऱ्यो। बृहत् शान्ति सम्झौतामा संविधानसभाको निर्णयबाट राज्यको प्रजातान्त्रिक पुनर्संरचना र सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरण

---

[४५] Anne De Sales, "The Kham Magar Country: Between Ethnic Claims and Maoism", माथि उल्लेखित, पृ. ३४५-३४६।

[४६] माओवादीहरूसित नजिक रहेका समूहहरूमा मगराँत मुक्ति मोर्चा र मगर राष्ट्रिय मुक्ति मोर्चा थिए। हेर्नुहोस् Marie Lecomte-Tilouine, "Ethnic Demands within Maoism: Questions of Magar Territorial Autonomy, Nationality and Class", in Michael Hutt (ed.), *Himalayan People's War: Nepal's Maoist Rebellion* (लन्डन, २००४)।

[४७] राई आन्दोलनकारीहरू आफ्नो समूहलाई जनाउन खम्बु शब्दको प्रयोग गर्दछन्। खम्बु राष्ट्रिय मोर्चा स्वशासित खम्बुवान राज्य भएको सङ्घीय नेपाल स्थापनाका लागि लडिरहेको थियो। यसले आफूलाई एउटा सशस्त्र समूह बताउँथ्यो, तर चोमेलुङ्वा ब्रिगेड नामको उनीहरूको सेनामा थोरैतिनो हतियार भएका बिनातालिमका एक सयभन्दा कम जवानहरू थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सुनसरी, उदयपुर र काठमाडौं, सेप्टेम्बर-नोभेम्बर २०१०।

[४८] खम्बुले पूर्वी पहाडमा माओवादीहरूका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। उदाहरणका लागि उनले नीच मारेर बसेका इलाम र पाँचथरमा लिम्बू नेताहरूसँग कुरा मिलाइदिने काम गरे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ नेता एनेकपा (माओवादी), काठमाडौं, अक्टोबर-नोभेम्बर २०१०।

[४९] माओवादीहरूले सिराहा र धनुषाका सीमाक्षेत्रलाई हातहतियार भित्र्याउन र तालिम गर्नका लागि उपयोग गरेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेकपा (माओवादी) र एनेकपा (माओवादी) नेताहरू, सिराहा र धनुषा, अक्टोबर २०१०।

[५०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेकपा (माओवादी) नेता, सिराहा, २६ अक्टोबर २०१०।

[५१] हेर्नुहोस् Magnus Hatlebakk, "Economic and social structures that may explain the recent conflicts in the Terai of Nepal", सीएमआई, २००७।

[५२] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *हिंसाको तापमा तराई,* माथि उल्लेखित, पृ. ८-१०।

[५३] बाह्रबुँदे सहमतिमा हस्ताक्षर गर्ने सात पार्टी गठबन्धनमा नेका, एमाले, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी र संयुक्त वाममोर्चा थिए। हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट, *Nepal's New Alliance: The Mainstream Parties and the Maoists*, नोभेम्बर २००५। बृहत् शान्ति सम्झौताबारे हेर्नुहोस्, क्राइसिस ग्रुप एसिया रिपोर्ट, *Nepal's Peace Agreement: Making it Work,* १५ डिसेम्बर २००६।

गर्ने वचनबद्धता व्यक्त गरिएको थियो।[५४] तर उसै बेला जातीय र प्रान्तीय अधिकारवादीहरूले उक्त सम्झौताले उनीहरूका मुख्य-मुख्य मुद्दाहरूलाई यथेष्ट सम्बोधन गर्न नसकेको भनी सिकायत गरेका थिए।[५५]

१५ जनवरी २००७ मा संसदले अन्तरिम संविधान पारित गऱ्यो। त्यसको मस्यौदा हुँदाखेरि एमाले र नेकाभित्रका जनजाति तथा मधेसी नेताहरूले सङ्घीयताप्रति पूर्ण वचनबद्धता हुनुपर्छ भनेर आआफ्ना पार्टीमा सक्दो बल लगाएका थिए।[५६] सात पार्टीको गठबन्धन र माओवादीबीच सम्झौतावार्ताको क्रममा माओवादीले मात्रै सङ्घीयताको कुरा उठाए, तर एमाले र नेकाका वार्ताकारहरूले अड्डी लिएपछि उनीहरूले पनि त्यसलाई छाडिदिए।[५७] त्यसको फलस्वरूप अन्तरिम संविधानमा राज्य पुनर्संरचनाबारे चाहिँ पुनर्पुष्टि भयो तर सङ्घीयताबारे भने उल्लेख भएन।

त्यसले गर्दा र निर्वाचन प्रणाली भेदभावकारी भयो भन्ने कारणले गर्दा मधेसी आन्दोलनकारीहरू रिसले आगो भए। मधेसी जनअधिकार फोरम र नेपाल सद्भावना पार्टीले अन्तरिम संविधानको संशोधन हुनुपर्छ र पूरै तराईलाई एउटा सिङ्गो प्रान्त बनाइनुपर्छ भन्ने माग राखेर विरोध प्रदर्शन गर्न थाले। विरोध छिट्टै पूरै तराईमा फैलन गयो र त्यसले हिंसात्मक रूप लियो। माओवादी कार्यकर्ताद्वारा एक जना मधेसी आन्दोलनकारीको ज्यान गयो भने सुरक्षा बलको गोलीबाट ३० जना मारिए र ८०० जना घाइते भए। आपूर्तिका मुख्य-मुख्य मार्गमा नाकाबन्दी भएकाले काठमाडौंमा उपभोग्य वस्तुहरूको ठूलो अभाव सृजना भयो र मूल्य वृद्धि हुन गयो।

३१ जनवरी २००७ का दिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले हार माने र टेलिभिजनमार्फत भाषण गर्दै सङ्घीयताको ग्यारेन्टी गर्नुका साथै निर्वाचन क्षेत्रको पुनः सीमाङ्कन गर्ने बताए। विरोध अझै अर्को हप्ता तन्किएपछि कोइरालाले गरेको दोस्रो सम्बोधनमा उनले राज्यका निर्वाचित निकायहरू र प्रशासनमा अल्पसङ्ख्यकहरूको समानुपातिक प्रतिनिधित्व हुने वचन दिए।[५८] तैपनि विरोध प्रदर्शन र हिंसा रोकिएन र आखिर १२ अप्रिल २००७ मा संविधानसभा-संसदले अन्तरिम संविधानको प्रथम संशोधन गर्दै राज्यको प्रजातान्त्रिक सङ्घीय प्रणालीअन्तर्गत पुनर्संरचना गरिने प्रस्ताव पारित गरेपछि मात्रै त्यो साम्य भयो।[५९]

त्यसपछि सरकार र जातीय तथा प्रान्तीय आन्दोलनकारीहरूबीच पटक-पटक भएका सम्झौताहरूमा सङ्घीयता र समानुपातिक प्रतिनिधित्वबारेको प्रतिबद्धतालाई दोहोऱ्याउने काम भएको छ।[६०] ती सम्झौताहरूको कानुनी हैसियत बडो सीमित छ। एक जना कानुनविद्को भनाइमा "ती दुखाइ कम गर्ने औषधि थिए, उपचार थिएनन्"।[६१] तर तिनबाट प्रान्तहरूको निर्माण जातीय आधारमा हुनेछ भन्ने आशा जनजाति र मधेसी आन्दोलनकारीमा बढ्न गएको छ। संविधानसभाको निर्वाचनका साथै प्रशासन र सुरक्षा बलमा कोटा प्रणाली लागू गरियो।[६२] अन्तरिम

---

[५४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ नेता एनेकपा (माओवादी), काठमाडौं, डिसेम्बर २०१०। बृहत् शान्ति सम्झौतामा यस्तो भाषा परेको छ, "वर्ग, जाति, भाषा, लिङ्ग, संस्कृति, धर्म र प्रदेशका आधारमा रहेका विभेदहरूको अन्त्य गर्न तथा महिला, दलित, आदिवासी, जनजाति, मधेसी, पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय एवं पिछडिएका क्षेत्रका समस्याहरूलाई सम्बोधन गर्न वर्तमान केन्द्रीकृत र एकात्मक संरचनालाई भत्काएर राज्यको समावेशी, प्रजातान्त्रिक र अग्रगामी ढङ्गले पुनर्संरचना गरिनेछ।" बृहत् शान्ति सम्झौता, धारा ३.५।

[५५] क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Peace Agreement: Making it Work*, माथि उल्लेखित, पृ. १३।

[५६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, नोभेम्बर २०१०।

[५७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पार्टी नेताहरू र सरकारी कर्मचारीहरू, काठमाडौं, नोभेम्बर २०१०। वरिष्ठ माओवादी नेताहरू धारा १३८(१) मूल पाठमा रहेका "राज्यको केन्द्रीकृत तथा एकात्मक प्रणालीलाई उन्मूलन गर्दै राज्यलाई समावेशी बनाइनेछ र एउटा प्रगतिशील, प्रजातान्त्रिक प्रणालीमा पुनर्संरचना गरिनेछ" भन्ने शब्दावलीले स्पष्ट रूपमा सङ्घीयतालाई इङ्गित गरेको बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, २ डिसेम्बर २०१०।

[५८] पहिलो मधेसी आन्दोलनबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *हिंसांको तापमा तराई*, माथि उल्लेखित।

[५९] अन्तरिम संविधान, धारा १३८(१)।

[६०] अन्तरिम सरकार, आदिवासी जनजाति महासङ्घ र आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिको बीचमा भएको सहमति। "सरकार र जनजातिहरूबीचको सहमति", ७ अगस्ट, २००७। मधेसी जनअधिकार फोरम र सरकारबीचको सहमति। "नेपाल सरकार र मधेसी जनताको अधिकार फोरमबीचको सहमति", ३० अगस्ट २००७। सरकार र चुरे भावर एकता समाजबीचको सहमति। "सहमति पत्र", १३ सेप्टेम्बर २००७। २८ फेब्रुअरी २००८ मा सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच भएको आठबुँदे सहमतिमा पहिलाको २२ बुँदे सहमतिमा गरिएको प्रतिबद्धतालाई दोहोऱ्याउँदै मधेसीहरूलाई सेनामा सामूहिक प्रवेश दिने र संविधानसभामा मधेसीको कोटा २० प्रतिशतबाट बढाई ३० प्रतिशत पारिने कुरा थपिएको थियो। २ मार्च २००८ मा सरकार तथा सङ्घीय लिम्बूवान राज्य परिषद, सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय फोरम, संयुक्त थारू राष्ट्रिय मोर्चा, दलित जनजाति पार्टी र तामाङसालिङ स्वशासित राज्य परिषद्बीच भएको सहमतिमा सङ्घीय नेपालभित्र लिम्बूवान, खम्बुवान, थरुहट र तामाङसालिङ स्वशासित राज्यहरू बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ। १९ मार्च २००८ मा सरकार र सङ्घीय लिम्बूवान राज्य परिषद्बीच भएको सहमतिमा सङ्घीय नेपालभित्र लिम्बूवान राज्य बनाउने कुरा परेको छ। यी सबै सम्झौताहरूका मूल नेपाली पाठ र अङ्ग्रेजी अनुवाद www.unmin.org मा उपलब्ध छन्।

[६१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, नोभेम्बर २०१०।

[६२] संविधानसभा निर्वाचनका लागि महिला, मधेसी, दलित, "उत्पीडित र आदिवासी", "पिछडिएका क्षेत्र" का व्यक्तिहरू र "अन्य" लाई एकअर्कामा खप्टिने गरी कोटाको व्यवस्था गरिएको थियो। विस्तृत जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १४९, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, २ अप्रिल २००८। अगस्ट २००७ मा भएको निजामती सेवा ऐन, २०४९ (सन् १९९३) को संशोधनमा सरकारी सेवाका लागि हुने खुला प्रतियोगितामा १२.५ प्रतिशत आदिवासीलाई, १४.८५ प्रतिशत महिलालाई, ९.९ प्रतिशत मधेसीलाई, ४.०५ प्रतिशत दलितलाई र १.८ प्रतिशत पिछडिएका क्षेत्रका उम्मेदवारहरूका लागि छुट्याइएको थियो। निजामती सेवा ऐन, (दोस्रो संशोधन), ८ अगस्ट २००७। नोभेम्बर २००७ मा गरिएको प्रहरी नियमावली २०४९ (सन् १९९२) र सशस्त्र प्रहरी बल नियमावली २०६० (सन् २००३) संशोधनमा सबै पदहरूका लागि हुने खुला प्रतियोगितामा १४.४ प्रतिशत आदिवासी जनजातिलाई, १२.६ प्रतिशत मधेसीलाई, ९ प्रतिशत महिलालाई, ६.७५ प्रतिशत दलितलाई र २.२५ प्रतिशत पिछडिएका क्षेत्रका उम्मेदवारका लागि सुरक्षित गरिएको छ। प्रहरी नियमावली (बाह्रौं संशोधन), १९

संविधानको पाँचौं संशोधनमा "मधेसी, आदिवासी-जनजाति, सीमान्तीकृत र अन्य क्षेत्रका जनताका आकाङ्क्षालाई स्वीकार्दै नेपाल सङ्घीय प्रजातान्त्रिक गणतन्त्र हुनेछ" भन्ने शब्दावली परेपछि सबैका मनमा त्यही नै लाहाछाप भएर बस्न गएको छ।[६३]

नोभेम्बर २००७; सशस्त्र प्रहरी बल नियमावली (चौथो संशोधन), १९ नोभेम्बर २००७। सैनिक कानुन २०५३ (सन् २००६) अनुसार नेपाली सेनाको स्वरूप "राष्ट्रिय चरित्र" को हुनेछ। अन्तरिम संविधानको पाँचौं संविधानले मधेसी, आदिवासी-जनजाति, दलित, महिला र "सीमान्तीकृत क्षेत्र" का व्यक्तिहरूले सेनामा भर्ती हुन पाउने सुनिश्चित गरेको छ।

[६३] अन्तरिम संविधान, धारा १३८(१क)।

## ३. सङ्घीयताको राजनीति

अप्रिल २००८ मा चुनाव हुनुभन्दा अगाडि सङ्घीयताप्रति राजनीतिक पार्टीहरूले झन्डै-झन्डै एक मतले सार्वजनिक रूपमा समर्थन जनाएका थिए।[६४] तर ठूला पार्टीहरूमध्ये माओवादी पार्टी मात्रै त्यस्तो एक्लो पार्टी हो जसले तेह्रओटा सङ्घीय एकाइ बनाउने प्रस्तावसहितको विवरण आफ्नो घोषणापत्रमा राखेको थियो। अन्य पार्टीहरूका घोषणापत्रमा सङ्घीयताबारे थोरैतिनो मात्र उल्लेख भएबाट उनीहरूले सार्वजनिक रूपमा देखाएको समर्थनमा निहित पिपलपातेपनलाई देखाएको थियो। यसो हुनाको कारण यस सम्बन्धमा जति पनि सहमतिहरू भएका थिए ती लेनदेन र मोलमोलाहीबाट निस्केका थिए र नेताहरूले तिनलाई अल्पकालीन लेनदेन ठानेर तिनका सर्तहरूबाट आफू बाँधिनु पर्दैन भन्ने ठानेका थिए। पार्टीहरूले सङ्घीयताबारे गढेर विचार नै गरेका थिएनन् र नेका तथा एमालेमा यस विषयमा आन्तरिक छलफल नभए बराबर थियो। दुवै पार्टीमा अनुदारावादीहरूको गतिलो जमघट छ। त्यसैगरी पार्टीहरू सार्वजनिक रूपमा यसबारे लगभग मुख सिएर बसेका थिए।

संविधानसभाका एघार विषयगत समितिहरूले अवधारणापत्रहरू तयार पारेका छन् र दस्तावेजलाई पूर्णता दिँदाखेरि उपयोग हुने भाषाबारे पनि तिनमा सुझाउ परेका छन्। ती सबै अवधारणापत्रहरूले जातीय र प्रान्तीय पहिचानलाई स्वीकार गर्दै भावी सङ्घीय प्रणालीतर्फ नै इङ्गित गरेका छन्। तर पार्टीहरूभित्र त्यसको विरोध बढ्दै गएको छ। यसबाट संविधानबारे निर्णयात्मक भोट हुँदाखेरि यी पार्टीहरूले सङ्घीयताप्रति जनाएका समर्थन व्यवहारमा देखिन्छ या देखिँदैन भन्ने प्रश्न उठेको छ।

पार्टीहरूले सङ्घीयताबारे दिएका आफ्ना वचनलाई तोडेका खण्डमा उनीहरूले सम्भवतः कानुनी चुनौतीको सामना गर्नुपर्ने हुन सक्छ।[६५] तर त्यसभन्दा अहम् महत्त्वका विषय राजनीतिक छन्। सबै पार्टीहरू (तिनमा पनि विशेषतः माओवादीहरू) जातीय मागलाई भित्रभित्रै तौलिरहेछन्। जातीय र प्रान्तीय समूहहरू पार्टीहरूलाई सन्देहको दृष्टिले हेरिरहेछन् र सङ्घीयताले जातीय स्वशासन नदिएमा विद्रोह गर्ने चेतावनी पनि दिइरहेछन्।

[६४] क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. २३।

[६५] संविधानको मस्यौदा बनाउँदा पार्टीहरू आफूले गरेका अठोटहरूबाट कुन हदसम्म बाँधिन्छन् भन्ने सवालमा विश्लेषकहरूका धारणा फरक-फरक छन्। अन्तरिम संविधानले झट्ट हेर्दा संविधानसभालाई बाँध्न नसक्ने देखिन्छ, तर सङ्घीयता भने अपवाद हुन सक्छ भन्ने कुरामा कानुनविद्हरूका फरक मत पाइएका छन्। केही कानुनविद्हरू अन्तरिम संविधानले सम्प्रभु संविधानसभालाई बाँध्न सक्तैन भन्छन् र सरकार तथा विभिन्न आन्दोलनकारी समूहहरूबीच भएका सहमतिहरूको पनि कुनै कानुनी हैसियत नहुने बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ सरकारी कर्मचारी, काठमाडौं, २६ नोभेम्बर २०१०। अरूहरू के दाबी गर्दछन् भने यस विषयमा धारा १३८ अनुसार अन्तरिम संविधानबाट संविधानसभा बाँधिएको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संविधानविद्, काठमाडौं, डिसेम्बर २०१०।

## क. माओवादीहरू

मुख्य पार्टीहरूमा सङ्घीयताबारे दरिलो प्रतिबद्धता जनाउने माओवादी पार्टी मात्रै हो। उनीहरूले युद्धकालमा समर्थन जुटाउनलाई मात्रै यसलाई प्रयोग गरेनन्, चुनाव प्रचार पनि यसैको भरमा गरे र सङ्घीय प्रणाली कसरी चल्छ त्यसबारे विस्तृत विवरण दिएर अरू पार्टीले नगरेको कामसमेत गरेर देखाए।

माओवादीहरूद्वारा प्रस्तुत संविधानको मस्यौदामा "जात, भाषा र प्रान्तका" आधारमा बाह्र प्रान्तहरू खडा गरिने परिकल्पना गरिएको छ।[६६] तिनमा भौगोलिक रूपमा सङ्कुल जातीय वा भाषिक समूहलाई स्वशासन प्रदान गर्न, साना, सीमान्तीकृत वा "लोपोन्मुख" समूहहरूको संरक्षण गर्न र "पछौटे" इलाकाहरूलाई विकसित तुल्याउन उप-एकाइ रहने व्यवस्था पनि गरिएको छ।[६७] माओवादी नेताहरू आत्मनिर्णयको अधिकार (छुट्टिन सक्ने अधिकारसमेतको) लाई खुलेरै समर्थन गर्दछन् तर सिद्धान्तमा मात्र, व्यवहारमा होइन। छुट्टिएर जाने राज्यको आर्थिक रूपमा बाँच्न सक्ने सम्भावना नभएकाले पृथककरणलाई हतोत्साहित गरिनुपर्ने पनि उनीहरू बताउँछन्। भारत र चीनले राज्यहरूलाई चुँडिएर जान उचाल्न सक्नेतर्फ औंल्याउँदै केन्द्रीय राज्य सबल हुनुपर्ने तर्क पनि उनीहरू अघि सार्छन्।[६८]

परिणामतः शक्ति बाँडफाँडमा केन्द्रको तुलो भारी पारिएको छ र अवशिष्ट अधिकारहरू सङ्घीय राज्यमा रहनेछन्।[६९] अन्य धेरै प्रावधानहरू यस्ता छन् जसबाट केन्द्रले प्रान्तीय मामिलामा पनि नियन्त्रण राख्नेछ। त्यसको एउटा मुख्य उदाहरण प्रान्तीय प्रमुख केन्द्रीय सरकारको प्रतिनिधिका रूपमा रहने व्यवस्था हो। कुनै पनि प्रान्तीय कानुनको निर्माण र निर्वाचित मुख्य मन्त्रीको नियुक्तिलगायत वरिष्ठ पदहरूमा नियुक्ति गर्दा प्रान्तीय प्रमुखको स्वीकृति आवश्यक पर्नेछ।[७०] प्रान्तीय प्रमुखलाई प्रान्तीय मन्त्रिमण्डलले बाँधेर राख्न सक्ने कुनै प्रावधान छैन,[७१] तर केन्द्रीय राष्ट्रपतिले भने प्रान्तीय प्रमुखलाई पदबाट हटाउन सक्नेछ।[७२]

अन्य पार्टीहरूको तुलनामा सङ्घीयताका बारेमा माओवादी पार्टीमा आन्तरिक विभाजन छैन। सङ्घीयताबारे पुनर्विचारको त्यहाँ कुनै ठाउँ नै राखिएको छैन। तर प्रान्तहरूको सङ्ख्याउपर भने केही चासो उठेका छन्। अन्य पार्टीका नेताहरू प्रचण्ड र बाबुराम भट्टराई दुवैले व्यक्तिगत कुराकानीमा छओटा प्रान्तको पक्षमा बोलेका छन् भनी बताउँछन्।[७३] त्यसबाहेक जनजाति र मधेसी समुदायबाट आएका नेताहरूलाई सङ्घीयता सम्बन्धमा आफ्नो पार्टी नेतृत्वले कुरा फुस्काउला भन्ने डर छ। बाहुन बहुल पार्टीको नेतृत्व यस विषयमा चाहिए जति उत्साहित नरहेको बताइन्छ। पूर्वी पहाडका नेताहरू तल्लो तहको जनसमर्थनलाई कायम राखिराख्न यो विषयको कति महत्त्व छ भन्नेबारे नेतृत्वलाई सम्झाइरहनु परेको बताउँछन्।[७४]

पार्टीभित्र अल्पसङ्ख्यक मत राख्नेहरू वैचारिक कारणले चिन्तित छन्। माओवादीहरूका लागि स्वशासन विभिन्न जातीय समुदायबीच विद्यमान असमानता घटाउने एउटा साधन हो। त्यो उद्देश्य पूरा भएपछि जातीय भावना विलाएर बृहत्तर राष्ट्रिय पहिचानको निर्माण हुने आशा माओवादीहरूको छ। तर यो विचार जातीय आन्दोलनकारीहरूको दृष्टिसित मिल्दो छैन। अधिकांश जातीय आन्दोलनकारीहरू आफूलाई आदिवासी अधिकारको विश्वव्यापी आन्दोलनसित जोडेर हेर्छन् जसअनुसार संस्कृति र पहिचानको उच्च महत्ता हुन्छ।[७५]

लामो समयदेखि पार्टी लाइनमा रहँदै आएको अभिभावकीय स्वर पनि छटपटीको स्रोत बनेको छ। सन् १९९७ अघिको नीति आत्मनिर्णयको अधिकारलाई वर्जित गर्ने थियो र त्यसको कारणमा "जनजातिहरूको न्यून स्तरको विकास" बताइएको थियो। अहिले आएर वैचारिक मोलम्मा चढाइएको सिद्धान्तमा आत्मनिर्णयको अधिकार दिने तर व्यवहारमा नदिने लाइनले नीतिमा आएको परिवर्तन देखाउँछ। तर यो परिवर्तन सतही हो। धेरै जातीय आन्दोलनकारीहरूका लागि यो लाइन र त्यसमाथि बाहुन वर्चश्व रहेको माओवादी नेतृत्व चिन्ताको विषय बनेको छ। जनजाति समुदायलाई केटाकेटीसरह हेरविचार गर्नुपर्छ भन्ने प्रवृत्ति पनि छ। एक जना माओवादी समर्थकले भने, "के कुराचाहिँ प्रस्ट छ भने जुनसुकै किसिमको सरकार भए पनि केन्द्रले नै पूरै राष्ट्रलाई हाँक्ने छ। त्यसको कैयन् उदाहरण दिन सकिन्छ। बाबुले परिवारलाई चलाउँछ, प्रिन्सिपलले स्कुललाई।"[७६]

सङ्घीय पुनर्संरचनाप्रति माओवादीहरूले देखाएका प्रस्ट प्रतिबद्धताबाट उनीहरूलाई ठूलो राजनीतिक लाभ भएको छ। यसले परिवर्तन ल्याउने पत्यारिलो शक्तिको जुन छवि माओवादीहरूको छ त्यसलाई उजिल्याउने काम गरेको छ। तर यो विषय पार्टीका लागि गलगाँड पनि भएको छ। नेपाल गणतन्त्र र धर्म निरपेक्ष भइसकेको छ। अब माओवादीहरूको

---

[६६] "जनताको सङ्घीय गणतन्त्र नेपालको संविधान", एनेकपा (माओवादी), २९ मे २०१०, धारा ६२(१) बाह्र प्रान्तहरू यसप्रकार छन्: लिम्बूवान, मिथिला-भोजपुरा-कोच-मधेस, किराँत, सेर्पा, ताम्सालिङ, नेवा, तमुवान, मगराँत, लुम्बिनी-अवध-थरुवान, कर्णाली, जडान र खसड। ऐ.ऐ., अनुसूची १।

[६७] "विशेष संचरना" का तीन प्रकार यसबमोजिम छन्: "स्वशासित क्षेत्रहरू", "संरक्षित क्षेत्र" र "विशेष क्षेत्रहरू"। ऐ.ऐ., धारा ६५।

[६८] क्राइसिस ग्रुपसँग अन्तवार्ता, वरिष्ठ माओवादी नेता, काठमाडौं, डिसेम्बर २०१०।

[६९] "जनताको सङ्घीय गणतन्त्र नेपालको संविधान", एनेकपा (माओवादी), २९ मे २०१०, धारा ६६ र अनुसूची ५-७।

[७०] ऐ.ऐ., धारा ९५, मुख्य मन्त्रीको नियुक्तिबारे धारा ९८ मा उल्लेख छ।

[७१] धारा ९५(२) मा उल्लेख भएबमोजिम "सामान्यतया, प्रान्तीय प्रमुखले संवैधानिक र कानुनसम्मत शक्तिको प्रयोग गर्दा प्रान्तीय मन्त्रिपरिषद्को सल्लाह र सहमतिमा गर्नेछ।" धारा ९५(३) ले अपवाद स्थापित गर्दै "प्रान्तीय प्रमुखले अन्य अख्तियारप्राप्त निकायको सिफारिसमा काम गर्नेछ" भनेको छ।

[७२] प्रान्तीय प्रमुखको बर्खास्त गर्ने व्यवस्था, धारा ९२(३) र ९४(१ (ख) मा छ।

[७३] क्राइसिस ग्रुपसँग अन्तवार्ता, नोभेम्बर-डिसेम्बर २०१०।

[७४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) केन्द्रीय समिति सदस्य, ९ नोभेम्बर २०१०।

[७५] हेर्नुहोस् मुक्तसिंह तामाङ, "Culture, Caste and Ethnicity in the Maoist Movement", माथि उल्लेखित, पृ. २९४-२९५।

[७६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, बिर्तामोड, २० सेप्टेम्बर २०१०।

अल्पकालीन रूपान्तरणको एजेन्डामा नेपाली सेनाको प्रजातान्त्रिकरण र सङ्घीयता बाँकी रहेका छन्। यी कुरा र विशेषगरी सङ्घीय नेपाल बनाउने कुरा पूरा गर्न नसकेमा माओवादीहरूले जनसमर्थन गुमाउनेछन् र पार्टी एकता कायम राख्न पनि उनीहरूलाई गाह्रो पर्नेछ। माओवादी नेतृत्व अझै पनि यस विषयमा अरू पार्टीलाई तानेर ल्याउन सक्ने विश्वास राख्दछ। पूर्वी नेपालका एक जना पार्टी नेताले भने, "माओवादीहरूले अरूलाई यो स्वीकार्न बाध्य पारे, तर तिनको स्वीकृति नक्कली हो। त्यसैले त्यस प्रक्रियालाई हाँकेर लैजाने जिम्मा पनि अब माओवादी कै हो।"[७७]

## ख. मुख्य ठूला पार्टीहरू

अन्य दुई ठूला पार्टीहरू एमाले र नेकाले सङ्घीयताको समर्थन त गरेका छन् तर त्यसले उनीहरूमा चिन्ता पनि जन्माएको छ। धेरै जना नेताहरू एकात्मक राज्यको अन्त्य हुन लागेकोमा अप्ठेरो अनुभव गरिरहेछन्। दुवै पार्टीहरू अहिले नदेखिएको तर साँच्चैको डरबाट ग्रस्त छन्। उनीहरूको डर राष्ट्रिय पहिचान कमजोर भएर जाला र साम्प्रदायिक तनाव बढ्ला भन्ने छ। दुवै पार्टीमा सम्भ्रान्त वर्गका व्यक्तिहरूको नियन्त्रण छ तर तिनका केही नेताहरूले भेदभावको सिकार भएकाहरूको गुनासोलाई नबुझेका होइनन्। सन् १९९० को दशकमा उनीहरू सत्तामा रहँदा राजनीतिक व्यवस्था किन त्यतिविघ्न असफल हुन पुग्यो त्यसलाई बुझ्न पनि उनीहरू अबेर गरिरहेछन्।

माओवादीलाई झैं मूलधारका यी दुई पार्टीहरूलाई पनि सङ्घीयताले लोकप्रियता पाएको पूर्वी पहाडका इलाका र चितवनभन्दा पूर्वका तराई क्षेत्रका कार्यकर्ताबाट दबाब परिरहेको छ। पूर्वी तराईका नेकाका एक जना मधेसी नेताले भने, "आफ्नै परिवारका सदस्यहरूले पनि नेकाले मधेसी अधिकारको ग्यारेन्टी नगर्ने हुनाले मलाई भोट दिन नसकेको बताए।"[७८]

सङ्घीय पुनर्संरचना हुन नसके माओवादीले कुन नोक्सानी बेहोर्नुपर्छ त्यो एमाले र नेका दुवैले बुझेका छन्।[७९] उनीहरूले खुट्टा घिसार्नुका पछाडि यो पनि एउटा कारण हो। तर त्यसबाट सोझै पिठ्यूँ फर्काउनचाहिँ राजनीतिक दुर्घटना नै हुनेछ। सङ्घीय व्यवस्थाबारे नमिलेका कुराहरू टुङ्गो लगाउन जनमत सङग्रह गर्ने कुरा लोभलाग्दो हुन सक्छ र नेताहरू विकल्पका रूपमा त्यसलाई उठाउन थालेका छन्।[८०]

[७७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एनेकपा (माओवादी) जिल्ला इन्चार्ज, सुनसरी, १६ सेप्टेम्बर २०१०।

[७८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अक्टोबर २०१०।

[७९] एउटा दैनिक पत्रिकाअनुसार एमालेका वरिष्ठ नेता वामदेव गौतमले नेका संसदीय दलका नेता र प्रधानमन्त्री पदका उम्मेदवार रामचन्द्र पौडेलले आफूलाई संविधान नलेख्न र त्यसको दोष माओवादीलाई लगाउन भनेको आरोप लगाए। "एमाले प्रधानमन्त्री चयन हुन नदिने रणनीतिमाः गौतम", *राजधानी,* १० डिसेम्बर २०१०।

[८०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, नोभेम्बर २०१०।

### १. एमालेः चित्त बुझाउन नसके अल्मल्याउ

सन् २००७ मा मधेसी आन्दोलन हुनुअघि एमालेले सङ्घीयताको नीति लिएको थिएन। पार्टीको जोड विकेन्द्रीकरणमा थियो। सङ्घीयतालाई औपचारिक तवरमा स्वीकार्नु पहिचानको राजनीति सम्बन्धमा एमालेको धारणामा आएको मूलभूत परिवर्तनको ध्योतक थियो। एमालेको माउ संस्था नेपाल कम्युनिस्ट पार्टी सन् १९४९ मा स्थापना भएपछिका वर्षहरूमा त्यस पार्टीले आत्मनिर्णयको अधिकारसहितको जातीय मागको समर्थन गरेको थियो। तर वैचारिक छलफलहरूमा भने वर्गआधारित विश्लेषणले नै प्रश्रय पाउँदै आयो र जातीय आन्दोलनलाई हतोत्साहित पारियो। त्यसबाट आजित भएर जनजाति पृष्ठभूमि भएका धेरै नेताहरूले कि त पार्टी छाडेर जातीय आन्दोलन गर्नतर्फ लागे कि भने आफ्नै खाले वामपन्थी पार्टीहरू खोले। पहिचानको राजनीतिलाई विरोध गर्ने क्रम सन् १९९० पछि निकै चर्कियो। त्यस बेला एमालेले "साझा नेपाली संस्कृति" को विकास गर्ने नीति लियो र जातीय आन्दोलनलाई प्रतिक्रियावादी तथा विभाजनकारी बताउँदै जात र जातीयताको भेदभाव वर्गसङ्घर्षसित मेल नखाने ठोकुवा गऱ्यो।[८१]

अन्तरिम संविधानको पहिलो संशोधनबाट सङ्घीयताबारे प्रस्ट धारणा ल्याउन आवश्यक भएपछि एमालेले बडो चतुऱ्याइँसाथ हचुवा समर्थन जनाएर वास्तविक ढङ्गको निर्णय गर्नबाट आफूलाई उम्क्यायो। संविधानसभाको चुनावअगाडि एमाले केन्द्रीय समितिले पारित गरेको अवधारणापत्रमा सङ्घीयतालाई स्वीकार गरिएको थियो जसले चुनावी घोषणापत्रमा पार्टीको धारणा राख्ने आधार प्रदान गऱ्यो।[८२] त्यसपछि पनि तीन-तीनओटा समिति बनाएपछि बल्ल संविधानसभाको राज्य पुनर्संरचना समितिमा एमालेले आफ्नो धारणा प्रस्तुत गर्न सक्यो जसमा अनेकन्

[८१] मुक्तसिंह तामाङ, "Culture, Caste and Ethnicity in the Maoist Movement", माथि उल्लेखित। एमालेले सन् १९९८ को छैटौं महाधिवेशनमा पहिचानको राजनीतिबारे एउटा नीति नै ल्याएको थियो। त्यसमा सांस्कृतिक र भाषिक एकरूपता ल्याउने प्रवृत्तिलाई नेपाली राष्ट्रको निर्माणका लागि एउटा नभई नहुने खुट्किलो बताइएको थियो। साथै त्यसमा जातीयता र प्रान्तीयतामा आधारित सङ्गठनहरूलाई विखण्डनकारी भनेर तिनीहरूको आलोचना गर्दै जातीय स्वशासन र सङ्घीयताको मागबाट नेपालको क्षेत्रीय अखण्डतामा आँच आउने ठहर गरिएको थियो। "जाति, भाषा, धर्म र संस्कृतिसम्बन्धी हाम्रो नीति", नेकपा (एमाले), मिति नखुलेको। एमालेको सन् २००३ मा भएको सातौं महाधिवेशनले पास गरेको नीति झनै बढी दोधारे देखियो। त्यस नीतिले जातीय असमानता भएको कुरालाई स्वीकार त गऱ्यो, तर वर्गमा आधारित नीतिहरूबाटै त्यो समस्या सल्टिन्छ भनेको थियो। माओवादीहरूको स्वशासित राज्यहरूको स्थापना गर्ने नीतिलाई पनि अप्रत्यक्ष रूपमा आलोचना गरिएको थियो। "राजनीति-सङ्गठनात्मक प्रतिवेदन", नेकपा (एमाले), केन्द्रीय कार्यालय, मार्च २००३।

[८२] उक्त पत्र शङ्कर पोखरेलको नेतृत्वमा बनेको समितिले तयार गरेको थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले सभासद, काठमाडौं, नोभेम्बर २०१०। एमालेको संविधानसभा निर्वाचनको घोषणापत्रमा वर्गसङ्घर्षकै प्राथमिकतामाथि जोड दिइएको थियो र जातीय तथा प्रान्तीय असन्तुष्टिलाई त्यसैबाट उत्पन्न समस्या भनिएको थियो। त्यसमा केन्द्र, प्रान्त र स्थानीय निकायहरू रहने सङ्घीय प्रणालीको प्रस्ताव गरिएको थियो। प्रान्तहरू खडा गर्दा भौगोलिक तथा सांस्कृतिक विशेषताहरूका आधारमा गरिनुपर्ने बताइएको थियो। "संविधानसभा निर्वाचन, चैत २८, २०६४ नेकपा (एमाले) को घोषणापत्र", एमाले केन्द्रीय समिति, २००८।

वर्गीकरणका आधारमा पन्ध्रओटा राज्य बनाउने प्रस्ताव गरिएको छ।[८३] संविधानसभाको राज्य पुनर्संरचना समितिमा रहेका एमाले सभासदहरू प्रान्तीय राज्यको सीमा छुट्याउने विषयमा माओवादीहरूसित मिल्न पुगे। माओवादीहरूले चाहिँ खालि पहिचानमा आधारित प्रान्त बनाउनुपर्ने ढिपी छाडे भने एमालेचाहिँ भाषा र जातीयताको सीमित भूमिकालाई मात्र राजी भयो।[८४]

अवधारणापत्रमा अभिव्यक्त भएको अडानमा पार्टीका वरिष्ठ नेताहरूकै मतैक्य नभएको देखिन्छ। संविधानसभाको राज्य पुनर्संरचना समितिमा भएका छलफलहरूमा पार्टीका विचार राख्नेहरूमा मङ्गलसिद्धि मानन्धर र रामचन्द्र झा जस्ता सङ्घीयताका पक्षधरहरू थिए। एमालेभित्र सङ्घीयताको खुला विरोध भएको छैन।[८५] तर यस विषयमा एमालेका दुई मुख्य गुटमा प्रस्ट मतभिन्नता रहेको पाइन्छ। पार्टी अध्यक्ष झलनाथ खनाल र उनी निकटका नेताहरूले सङ्घीयताबारे पार्टीका दस्तावेज र प्रकाशनहरूमा लेखेर सङ्घीयताप्रति आफ्नो प्रतिबद्धता देखाएका छन्।[८६] त्यसको विपरीत माधव नेपाल र के.पी. ओली यस विषयमा विरलै बोल्ने गर्छन् र बोलिहाले पनि गोलमटोल भाषामा बोल्छन्।[८७]

एमालेभित्र सङ्घीयताको समर्थनमा चर्को आवाज उठाउनेहरूमा प्रायः जनजाति वा मधेसी मूलका नेताहरू नै छन्। पार्टीका शीर्षस्थ नेताहरूले सङ्घीयताप्रति व्यक्त गरेका प्रतिबद्धता सक्कली हो भन्नेमा उनीहरू शङ्का गर्दछन्। नेताहरूले किटानी प्रतिबद्धता गर्नलाई धिङ्न्याई गरेको र नेकाका अनुदारवादी नेताहरूसित मिलेर सङ्घीय पुनर्संरचनालाई गज्याङमज्याङ पार्न खोजेको आरोप पनि उनीहरू लगाउँछन्।[८८] एमालेका एक जना सभासदले भने, "उनीहरू यसबाट पछि हट्न त सक्दैनन्, तर उनीहरू अर्ध-सङ्घीयता चाहन्छन् र जातीयताका आधारमा राज्य खडा भएको हेर्न चाहँदैनन्।"[८९]

एमालेको सङ्घीयता विरोधी बाह्य छविले गर्दा जातीय र प्रान्तीय स्वशासनप्रति प्रबल समर्थन रहेको ठाउँका स्थानीय नेताहरूलाई अप्ठेरो परेको छ। खासगरी पूर्वी नेपालमा जातीय र प्रान्तीय सङ्गठनहरूमा जानबाट आफ्ना कार्यकर्तालाई जोगाउन उनीहरूलाई हम्मे-हम्मे परिरहेको छ।[९०] पूर्वी तराईका एक जना एमाले नेताले भने, "अहिले जनतालाई खालि सङ्घीयता चाहिएको छ। यो भनेको अधिकारका लागि सङ्घर्ष हो। जनता झिनामसिना कुरातिर लागेका छैनन्, उनीहरू समानता चाहन्छन् र भेदभावको अन्त्य चाहन्छन्। उनीहरूको विचारमा त्यो प्राप्त गर्ने एक मात्र बाटो सङ्घीयता हो।"[९१] त्यसका साथै सङ्घीयताको मुद्दा थाँति राख्दा आफ्नो पार्टीलाई फाइदा पो हुन्छ कि भन्ने सोचाइ पनि उनीहरूको छ। एमालेका तिनै नेताले अगाडि भने, "संविधानसभामा अहिले अति विवादित विषय भनेको "एक मधेस एक प्रदेश" र जातीय सङ्घीयता हो। यसको सबभन्दा ठूलो असर माओवादीहरूलाई पर्छ। किनभने यसलाई खुला समर्थन गर्ने उनीहरू नै हुन्। वचन पूरा गर्न नसके त्यसको मार उनीहरूलाई नै पर्नेछ।"[९२]

## २. नेपाली काङ्ग्रेस

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अन्य धेरै महत्त्वका विषयमा झैं पार्टीसित परामर्श नगरिकनै सङ्घीयताप्रति समर्थन जनाएका थिए। यस विषयमा नेकाको केन्द्रीय समितिमा औपचारिक तवरमा

---

[८३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, नोभेम्बर २०१०। एमालेको आठौं महाधिवेशनले पारित गरेको नीतिगत प्रतिवेदनमा आरक्षण र सकारात्मक विभेदसहितको सङ्घीयता सीमान्तकृत समूहका समस्यालाई सम्बोधन गर्ने उपायमा हुने उल्लेख गरिएको थियो। त्यसका साथै त्यस प्रतिवेदनले वर्गसङ्घर्षको महत्त्वलाई जोड दिँदै प्रतिक्रियावादी शक्तिहरूले जातीय र प्रान्तीय भावनालाई भड्काएको भनी दोष पनि लगाएको थियो। "नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को आठौं राष्ट्रिय महाधिवेशन (५-१४ फागुन २०६५, बुटवल) द्वारा पारित राजनीतिक प्रतिवेदन", एमाले केन्द्रीय कार्यालय, अगस्ट २००९। अवधारणापत्रका अनुसार प्रान्तहरू पहिचान र आत्मनिर्भर हुन सक्ने सम्भावनामा आधारित हुनुपर्दछ। पहिचानलाई जातीयता, भाषा, संस्कृति, भूगोल र ऐतिहासिक निरन्तरताको सन्दर्भमा हेरिनुपर्ने र आत्मनिर्भर हुन सक्ने सम्भावनालाई आर्थिक अन्तरसम्बन्ध, पूर्वाधार विकासका अवस्था र सम्भावना, प्राकृतिक स्रोतहरूको उपलब्धता र प्रशासनिक पहुँचका सन्दर्भमा हेरिनुपर्ने कुरा अवधारणापत्रमा उल्लेख थियो। "नेकपा एमालेद्वारा प्रस्तुत राज्य पुनर्संरचनाको खाकाको प्रारम्भिक प्रस्ताव", एमाले, मिति नखुलेको।

[८४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, काठमाडौं, २४ नोभेम्बर २०१०।

[८५] पार्टीभित्र यस्तो आवाज छेउछाउबाट आउने गर्दछ। उदाहरणका लागि डा. पुष्प कँडेलले आठौं महाधिवेशनका लागि तयार गरिएको एउटा प्रकाशनमा सङ्घीयतालाई विखण्डनकारी भनेका थिए। "नेकपा (एमाले) को आठौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत महासचिवको प्रतिवेदनको सङ्घीयतासम्बन्धी विषयमा फरक मत", डा. पुष्प कँडेल, १४ फेब्रुअरी २००९। तर पार्टीका केही प्रभावशाली समर्थकहरू पनि सङ्घीयताको खुला रूपमा विरोध गर्दछन्। उदाहरणका लागि, एमाले नजिक रहेका *दृष्टि* र *जनआस्था* साप्ताहिकका सम्पादकहरू राष्ट्रिय जनमोर्चाको सङ्घीयता विरोधी मोर्चाका सदस्य छन्।

[८६] उदाहरणका लागि, झलनाथ खनानले पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा नीतिगत प्रतिवेदन प्रस्तुत गरेका थिए जसमा एउटा खण्ड राज्य पुनर्संरचनाबारे पनि परेको थियो। "नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को आठौं राष्ट्रिय महाधिवेशन (फागुन ५-१०, २०६५) बुटवलमा प्रस्तुत गरिने राजनीतिक प्रतिवेदन", एमाले केन्द्रीय समिति, २५ जनवरी २००९।

[८७] उदाहरणका लागि, के.पी. ओलीले सङ्घीयताका लागि जनमत सङ्ग्रहमा जाने सम्भावना खुला रहेको कुरा व्यक्त गरेका छन्। "UNMIN- the white elephant in Nepal: K.P. Oli", telegraphnepal.com, १० जनवरी २०१०।

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले सभासद, काठमाडौं, २५ नोभेम्बर २०१०।

[८९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले सभासद, काठमाडौं, २५ नोभेम्बर २०१०।

[९०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले जिल्ला सचिव, सेप्टेम्बर २०१०।

[९१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले जिल्ला नेता, सिराहा, २७ अक्टोबर २०१०।

[९२] ऐ.ऐ.।

कहिल्यै पनि छलफल भएन।[९३] वास्तवमा अरू धेरै काङ्ग्रेसी नेताहरूझैं कोइराला पनि "सङ्घीयताको कट्टर विरोधी थिए।"[९४] मधेसी पार्टीहरूले राखेका मागहरूको सन्दर्भमा नेपाललाई सङ्घीय राज्य बनाउन उनी राजी भएको कुरा पार्टीका केही वरिष्ठ नेताहरूले कोइरालाले टेलिभिजनमार्फत राष्ट्रका नाममा सन्देश दिँदाखेरि मात्र थाहा पाएका थिए।[९५]

नेकाले संविधानसभाको निर्वाचनका लागि निकालेको घोषणापत्रमा सङ्घीयताको समर्थन गरेको थियो। त्यसमा नेपाललाई सङ्घीय राज्यमा रूपान्तरित गरिने कुरामा जोड दिइएको छ, तर स्वशासित प्रान्तहरूको गठन कसरी हुनेछ भन्नेबारे चाहिँ स्पष्ट खुलाइएको छैन।[९६] निजी तवरमा गिरिजाप्रसाद कोइराला हाल रहेका पाँचओटा विकास क्षेत्रहरूलाई नै प्रान्तहरूको स्वरूप दिने कुरा बताउने गर्थे।[९७] घोषणापत्रमा शक्तिको बाँडफाँडबारे पनि कुनै किटान गरिएको छैन[९८], यद्यपि करचाहिँ केन्द्रले नै उठाउने भनिएको छ।[९९] घोषणापत्रमा सीमान्तीकृत समूहहरूका लागि समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेदको व्यवस्था गर्ने प्रतिबद्धता जनाइएको भए तापनि त्यसलाई विस्तारसित व्याख्या गरिएको छैन।[१००]

फेब्रुअरी २००९ मा प्रकाशित अवधारणापत्रमा छओटा र तेह्रओटा राज्यहरूको मोडेल प्रस्तुत गरिएको छ। छओटा राज्य "स्रोत र सम्भावना" का आधारमा र तेह्रओटा चाहिँ "पहिचान र भाषिक तथा सांस्कृतिक वैशिष्ट्यलाई दृष्टिगत गरी तिनको संरक्षणका लागि प्रतिनिधित्व गराउने"[१०१] आधारमा सुझाउ गरिएका हुन्। नेकाले मे २०१० मा प्रस्ताव गरेको संविधानको मस्यौदामा छओटा प्रान्तको मोडेल प्रस्तुत गरिएको छ जसअनुसार दुईओटा प्रान्त तराईमा रहनेछन् र अन्य सबै प्रान्त दक्षिणी सिमानासित जोडिएका हुनेछन्।[१०२]

पार्टीभित्र र राज्य पुनर्संरचनाबारेको समितिमा पनि सङ्घीयताउपरको धारणामा यस्तो परिवर्तन आउनुका पछाडि नरहरि आचार्यसमेतको एउटा सानो समूहको प्रयास रहेको छ। केन्द्रीय समितिको सदस्य रहेका आचार्य सङ्घीयताको पक्षधर मानिन्छन्। पार्टीको औपचारिक धारणामा परिवर्तन आए पनि नेकाको आम दृष्टिकोण भने बदलिएको छैन। यसका नेताहरू अझै पनि निजी कुराकानीमा सङ्घीयताको विरोध गर्छन्।[१०३] नेकाका वरिष्ठ र अनुदारवादीहरूको एउटा ठूलो खेमा यथेष्ट छलफलबिना नै सङ्घीयतालाई अँगालेकोमा बेखुसी छन्। उनीहरू सङ्घीय संरचनालाई अब आएर पन्छाउन नसकिने तथ्यलाई स्वीकार गर्छन्, तर जातीय तथा भाषिक आधारमा सङ्घीय राज्यको निर्माण गर्न नहुने र पाँच वा छओटा भन्दा बढी प्रान्तहरू बनाउन नहुने तर्क गर्छन्।[१०४]

आचार्यवरिपरिका पार्टीभित्रका बढी प्रगतिशील खेमा भने यस विषयलाई बेवास्ता गर्नाले निर्वाचनमा नोक्सानी हुने खतरा देख्छन्। उनीहरू प्रतिक्रिया मात्र जनाउने पार्टीको ताल देखेर दिक्दार छन् र सङ्घीयताबारे पार्टीको आफ्नै मौलिक दृष्टिकोण हुनुपर्नेमा जोड दिन्छन्। तर यस समूहका लागि पनि जातीय सङ्घीयता त्यति रुचिकर छैन र सांस्कृतिक सिमानाको सट्टा भौगोलिक विभाजन हुनुपर्नेमै उनीहरूको जोड छ। केन्द्रीय समितिका एक जना सदस्यले भने, "जातीयताबाट सङ्घीयतालाई अलग्याउने हो भने यसलाई विकाससित जोड्नुपर्छ। चुप लागेर बस्न पटक्कै हुँदैन। यसबारेको छलफलमा हामीले पहल गर्नुपर्छ ...। हामी सङ्घीयताको पक्षमा छौं भनेर साफ-साफ भन्न सक्नुपर्छ।"[१०५]

विचारको यो भेद पार्टीको तल्लो तहसम्मै पाइन्छ र त्यसमा जातीय आयाम पनि छ। जिल्ला तहका पहाडे छेत्री-बाहुन नेताहरू जातीय

---

[९३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका केन्द्रीय समिति सदस्य, अक्टोबर-नोभेम्बर २०१०।

[९४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका केन्द्रीय समिति सदस्य, २४ अक्टोबर २०१०। राज्य पुनर्संरचना सम्बन्धमा नेकाभित्र सन् २००७ को सुरुतिर चलेको विवादबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको संवैधानिक प्रक्रिया,* माथि उल्लेखित, पृ. १५।

[९५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका केन्द्रीय समिति सदस्य, अक्टोबर २०१०।

[९६] उपेक्षा होइन, समावेशीकरणः "प्रान्तहरूको निर्माण राष्ट्रिय एकता, भौगोलिक सम्भाव्यता, जनसङ्ख्याको आकार, प्राकृतिक स्रोतका सम्भावनाहरू, भाषिक, जातीय र सांस्कृतिक निकटता र राजनीतिक तथा प्रशासनिक अनुकूलता हेरी गरिनेछ। प्रान्तहरूको निर्माण गर्दा तराई, पहाड र हिमाली क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति, मधेसी, दलित र अन्य समूहहरू चारित्रिक विशेषतालाई पनि सम्मान गरिनेछ।" "संविधानसभा निर्वाचन २०६४, नेपाली काङ्ग्रेसको घोषणापत्र", नेका केन्द्रीय प्रकाशन समिति, १० मार्च २००८, पृ. १२।

[९७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका केन्द्रीय कार्यसमिति सदस्य, अक्टोबर २०१०।

[९८] "शक्ति बाँडफाँडको हकमा परराष्ट्र मामिला, मौद्रिक नीति, राष्ट्रिय सुरक्षा र महत्त्वपूर्ण अन्तरप्रान्तीय विषयहरू जस्तै हवाई यातायात, राजमार्गहरू र ठूला जलविद्युत् आदि केन्द्रअन्तर्गत हुनेछन्। राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक अधिकारका साथै कृषि, वन, शिक्षा, स्वास्थ्य, रोजगार र अरू विषयहरू प्रान्तीय र स्थानीय सरकारको नियन्त्रणमा हुनेछन्।" "संविधानसभा निर्वाचन २०६४ नेपाली काङ्ग्रेसको घोषणापत्र", नेका केन्द्रीय प्रकाशन समिति, १० मार्च २००८, पृ. १२।

[९९] भ्याट, आयकर, अन्तशुल्क र अन्य नतोकिएका करहरू। प्रान्तीय र स्थानीय राजस्व सङ्कलन मालपोत, सम्पत्तिकर र सवारी दर्ता शुल्कबाट हुने उल्लेख गरिएको छ। ऐ.ऐ.।

[१००] ऐ.ऐ., पृ. १३।

[१०१] "संवैधानिक अवधारणापत्रः सङ्घीय गणतन्त्र नेपालको संरचना", नेका २६ फेब्रुअरी २००९। उक्त अवधारणापत्र नरहरि आचार्यको अध्यक्षतामा गठित नेकाका २५ जना सभासदहरूको समितिद्वारा तयार गरिएको थियो र आचार्यद्वारा प्रस्तुत गरिएको थियो।

[१०२] प्रान्तका नामहरूमा कर्णाली, लुम्बिनी, गण्डकी, सगरमाथा, सिमरौनगढ, सिरिजुङ्घा छन्। प्रस्तावित संविधानले प्रान्तीय सभा एक सदनात्मक हुने र त्यसैको बहुमतद्वारा मुख्यमन्त्रीको निर्वाचन हुने अनि केन्द्रमा चाहिँ दुई सदनात्मक व्यवस्था हुने सुझाउ दिएको छ। "नेपालको प्रस्तावित संविधान (छोटकरी विशेषताहरू)", नेका, २८ मे २०१०।

[१०३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका केन्द्रीय समिति सदस्य, २४ अक्टोबर २०१०।

[१०४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका, केन्द्रीय समिति सदस्य, २५ नोभेम्बर २०१०। उदाहरणका लागि हेर्नुहोस् रामशरण महत, "Challenges of federalism", myrepublica.com, १७ र १८ अगस्ट २००९।

[१०५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका केन्द्रीय समिति सदस्य, २४ अक्टोबर २०१०।

आधारको सङ्घीयतामा जान नहुने चेतावनी दिन्छन्। तराईका गैरमधेसी नेकाका नेताहरू मधेसी अधिकारका लागि भएको आन्दोलन देखेर अवाक् भएका थिए, तर त्यसको खुलेर विरोध गर्ने स्थितिमा पनि थिएनन्। "भारतीयहरूलाई नागरिकता दिएकोमा" भित्रभित्रै मुर्मुरिए पनि एक जना कार्यकर्ताले भनेझैं उनीहरूले "राजनीतिको स्थानीय भाषा" बोल्नुपरेको छ।[१०६] त्यसको विपरीत आदिवासी र मधेसी नेताहरू भने जातीय सङ्घीयताका पक्का समर्थक छन्। उनीहरूले जातीय तथा प्रान्तीय अधिकारवादीहरूसित गहिरो सम्बन्ध पनि कायम राखेका छन्। जातीय तथा प्रान्तीय स्वशासनको अधिकार स्थापित नभएमा धेरैले पार्टी परित्याग गर्ने धम्कीसमेत दिएका छन्।[१०७]

## ग. जातीय र प्रान्तीय आन्दोलनकारीहरू

संविधान लेखनको प्रक्रियाबाट सङ्घीय संरचना आउने कुरामा जातीय र प्रान्तीय आन्दोलनकारीहरूको विश्वास घट्दै गएकाले केहीले चाहिँ आफूलाई अब गर्नुपर्ने सङ्घर्षका लागि तयार पार्न थालेका छन्।[१०८]

पहिचानमा आधारित सङ्घीय राज्यप्रतिको समर्थन र जातीय तथा प्रान्तीय आन्दोलनलाई हाँक्ने क्षमताको सन्दर्भमा पूर्वी नेपाल छुट्टै स्थान छ। पूर्वी नेपालका पहाडी इलाकाहरूमा लिम्बूहरूको व्यापक समर्थन छ। तराई प्रदेशमा पनि आम समर्थन निकै ठूलो छ र मधेसी तथा थारूहरू सङ्घीयताको ठाडै विरोध गरिहाल्दैनन्।[१०९]

### १. पूर्वी पहाड

पूर्वी पहाडका इलाकामा मोटामोटी तवरमा स्वायत्तता सम्बन्धमा दुईओटा आन्दोलन उठेका छन्। लिम्बू आन्दोलनकारीहरू भारतको सिमानासित जोडिएका नेपालको सुदूर पूर्वका जिल्लाहरूमा लिम्बूवान राज्य चाहन्छन्। त्यसको पश्चिमपट्टि खम्बुवान राज्य हुनुपर्ने माग राईहरूको छ। लिम्बूवान र खम्बुवान राज्यको सिमाना एकआपसमा खप्टिने खालको छ। राष्ट्रिय रूपमा हेर्दा लिम्बूहरूको जनसङ्ख्या १.४ प्रतिशत र राईहरूको २.६ प्रतिशत रहेको पाइन्छ। लिम्बूवान क्षेत्र भनेर दाबी गरिएको नौओटा जिल्लाहरूमध्ये तीनओटा जिल्लामा मात्र लिम्बूहरू सबभन्दा ठूलो समूहका रूपमा छन्। त्यस्तैगरी राईहरूको आधिक्य पाँचओटा जिल्लाहरूमा छ। कुनै पनि जिल्लामा यी दुवै समूहको बहुमत छैन।[११०] यी दुई समूहबीच सांस्कृतिक र धार्मिक समानता छ र दुवैबीच बिहेबारी चल्छ।[१११]

**लिम्बूवान।** अति सक्रिय लिम्बूवान समूहहरूमा सङ्घीय लिम्बूवान राज्य परिषद् (सलिराप) का तीन घटकहरू छन्। यसको स्थापना डिसेम्बर २००५ मा भएको थियो, जसको अध्यक्ष सन्जुहाङ पालुङ्वा थिए। यसमा सबभन्दा पहिलो र ठूलो फुट सन् २००८ को सुरुतिर संविधानसभाको चुनावमा भाग लिने वा नलिने भन्नेबारे भयो। सलिरापका नेता कुमार लिङ्देनले सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय फोरम (सप्राफो) को छाताअन्तर्गत चुनाव लड्ने निर्णय गरे।[११२] त्यसपश्चात् सलिराप (पालुङ्वा) का नेता मिसेकहाङ र अन्य धेरै कार्यकर्ताहरूले सलिराप (क्रान्तिकारी) को स्थापना गर्ने निधो गरे। यो समूह सलिराप (पालुङ्वा) र सलिराप (लिङ्देन) दुवैभन्दा निकै नै सानो छ र राजनीतिक रूपमा त्यतिविघ्न चुस्त-दुरुस्त मानिदैन।

सन् २०१० को सुरुतिर थारू नेता लक्ष्मण थारूले सलिराप (लिङ्देन) का कैयन् नेताहरूसित मिलेर सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय पार्टी गठन

---

[१०६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका जिल्ला नेता, वीरगन्ज, ७ अक्टोबर २०१०।

[१०७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सप्तरी, सिराहा, पाँचथर, अक्टोबर-नोभेम्बर २०१०। पार्टी छाडेर खम्बुवान मुक्ति मोर्चा प्रवेश गरेका पूर्वी पहाडी जिल्लाका एक जना नेका नेता सेप्टेम्बर २०१० को नेका महाधिवेशनअगाडि जिल्ला समितिको सदस्य पद पाएपछि पार्टीमा फर्किएका थिए। तर अन्तरपार्टी छलफलहरूमा सङ्घीयतालाई एजेन्डाका रूपमा ल्याउन गाह्रो भइरहेको उनले बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नोभेम्बर २०१०।

[१०८] माथिल्लो जातकाले सितिमिति नदेखाउने दम्भ एक-दुई घटनामा प्रकट भएकाले त्यसबाट झनै आशङ्का बढाउने काम भएको छ। जातीय आन्दोलनकारीहरू सन् १९९० को दशकमा देखिएका केही लेख र पर्चाहरूबारे चर्चा गर्ने गर्छन्। उदाहरणका लागि, बाहुन र छेत्रीहरूबीच मात्रै वितरण गर्नु भनिएको एउटा पर्चामा नेपाल र सिक्किमका मतवालीहरूमाझ राजनीतिक चेतना बढ्दै गएकोमा क्षोभ प्रकट गरिएको छ। "शासन गर्ने हाम्रो जन्मजात अधिकार" भन्दै त्यस पर्चामा माथिल्लो जातको हकडक कायम राख्न एकताबद्ध हुन आह्वान गरिएको छ र मतवाली नेताहरूलाई साम्प्रदायिक, कपटी, अनैतिक, असमाजिक र भ्रष्ट बताइएको छ। "गायत्री मन्त्र ३", तागाधारी सुरक्षा समाज, १९९२। त्यसभन्दा खुलेर एउटा पत्रिकाले "मङ्गोलियनहरू शैतानका अवतार हुन्" भन्ने शीर्षकमा नेपालका जनजाति समूहहरू राज्य कब्जा गर्ने योजना बनाइराखेका छन् भन्ने दोषारोपण गरेको थियो। त्यसले जनजातिहरूलाई देशभक्तिको भावना नभएका, जङ्गली जँड्याहाका रूपमा चित्रित गर्दै जनजातिहरूलाई जुनसुकै प्रकारको राजनैतिक नेतृत्वका लागि अयोग्य बताएको थियो। "मङ्गोलहरू राक्षसका अवतार हुन्", *नव स्मृति मासिक पत्रिका,* भाग २, १९९९।

[१०९] सन् २००९ इन्टरडिसिप्लिनरी एनालिस्ट्सले गरेको एउटा सर्वेक्षणअनुसार जातीय सङ्घीयताको समर्थनमा सम्पूर्ण जनसङ्ख्याको केवल १३.९ प्रतिशत मानिसहरू छन्। लिम्बूहरूमा ४२ प्रतिशतले यसको समर्थन गरेका छन्। मधेसी र तराईका जनजातिहरूमा केवल १६.६ प्रतिशतले सङ्घीयताको विरोध गरेका छन्। तर फरकहरू पनि त्यति नै छन्: नेपालको पूरै दक्षिणी भाग एउटै राज्य हुनुपर्छ भन्ने पक्षमा मधेसीहरूको सबभन्दा बढी प्रतिशत छ भने त्यसको विरोध गर्नेहरूमा थारूहरूको सङ्ख्या बढी छ, त्यसमा पनि विशेषतः पश्चिम तराईमा। हेर्नुहोस् "Federalism and Constitutional Issues in Nepal: Perspectives from the Local Level", कार्टर सेन्टर, २२ फेब्रुअरी २०१०, पृ. ८-१०।

[११०] पीताम्बर शर्मा, *Unraveling the Mosaic*, माथि उल्लेखित, पृ. १७।

[१११] किराँती शब्दले विभिन्न जातीय समूहलाई ओगट्छ, त्यसमा लिम्बू र राईहरू सबैभन्दा ठूला समूह हुन्। डोरबहादुर विष्ट, *People of Nepal* (Kathmandu, 2000[1967]). (काठमाडौं, २००० [१९९६])। राईहरूभित्रै कम्तीमा १५ ओटा विभिन्न भाषिक समूह छन्। Martin Gaenzle, *Origins and Migrations: Kinship, Mythology and Ethnic Identity among the Mewahang Rai of East Nepal* (काठमाडौं, २०००), पृ. २।

[११२] सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय फोरम (सप्राफो) को स्थापना डिसेम्बर २००५ मा भएको थियो, जसको अध्यक्ष पालुङ्वा र महासचिव लिङ्देन थिए। थरुहट स्वशासित राज्य परिषद्का नेता लक्ष्मण थारूले यसै सङ्गठनअन्तर्गत संविधानसभाको चुनाव लडेका थिए। यो १८ जनवरी २००८ मा एउटा राजनीतिक दलका रूपमा दर्ता भयो।

गरेपछि सप्राफो फुट्यो। यस नयाँ पार्टीका नेताहरू लिङ्देनले लिम्बू विषयहरूलाई मात्र प्राथमिकता दिने गरेको र सप्राफोका राष्ट्रिय एजेन्डाहरूलाई वास्ता नगरेको आरोप लगाउँछन्।[११३] यसैबीच लिङ्देन तथा पालुङ्वा समूहमा केही समझदारी उत्पन्न भएको देखिएको छ र पालुङ्वाको भनाइमा दुई समूहबीच पुनःएकीकरण गर्नेबारे झन्डै-झन्डै समझदारी हुन लागेको छ।[११४] नीतिगत रूपमा यी दुईबीच खासै फरक पाइँदैन। दुई समूहको एकीकरणमा सबभन्दा नमिल्ने कुरा भनेकै नेतृत्वदायी पदमा ककसलाई राख्ने भन्नेबारे हो।

*उनीहरू के चाहन्छन्:* लिम्बूवान समर्थकहरू पहिले-पहिलेका शाही लालमोहर लागेका कागतपत्रहरूलाई लिम्बूवान राज्य पहिले पनि अस्तित्वमा रहेको प्रमाणका रूपमा तेर्स्याउँछन् र आत्मनिर्णयसहितको स्वशासित राज्य हुनुपर्ने तर्कका रूपमा अघि सार्छन्।[११५] सलिराप (लिङ्देन) र सलिराप (पालुङ्वा) ले यस भावी राज्यको परिकल्पनालाई आफ्ना नीतिगत दस्तावेजहरूमा विस्तारसित उल्लेख गरेका छन्।[११६] दुवै समूहले सङ्घीय नेपालअन्तर्गत सुदूरपूर्वी नेपालका नौओटा जिल्लाहरू समावेश गरिएको स्वशासित लिम्बूवान राज्यको माग गरेका छन्। उनीहरूले माग गरेअनुसार सङ्घीय संरचनाअन्तर्गतका स्वशासित राज्यमा आफ्नै संविधान बनाउन सक्ने अधिकार निहित हुनेछ र केन्द्रको अधीनमा केवल प्रतिरक्षा, विदेश मामिला र मौद्रिक नीति हुनेछन्।

दुवै समूह आदिवासीहरूका लागि विशेष सुविधा चाहन्छन्, जसको अर्थ यथार्थमा लिम्बूहरू लिम्बूवानका आदिवासी हुन् भन्ने हो।[११७] राजनीतिक र आर्थिक मामिलाको हकमा दुवै समूह राज्य व्यवस्थापिकामा आदिवासीहरूका लागि ५० प्रतिशत आरक्षण चाहन्छन्। लिङ्देनले त प्रान्तीय मन्त्रिमण्डल नै हुनुपर्ने माग राखेका छन्। आदिवासीहरूको मात्रै प्रतिनिधित्व रहेको माथ्लो सदन हुनुपर्ने र राज्य विधायिकामा विशेषाधिकार रहनुपर्ने तथा प्राकृतिक साधनस्रोतहरूहरूको उपयोगमा पनि त्यस्तो विशेषाधिकार हुनुपर्ने माग पालुङ्वाको छ। आदिवासीहरूले परम्परागत रूपमा उपयोग गर्दै आएका प्राकृतिक साधनस्रोतमा आदिवासीहरूकै विशेषाधिकार रहनु पर्ने माग पनि दुवै समूहले गरेका छन्, यद्यपि त्यसको व्याख्या भने उनीहरूले गरेका छैनन्।[११८]

*जनसमर्थनको स्तरः* पूर्वी पहाडका लिम्बूहरूमा लिम्बूवानप्रति व्यापक समर्थन रहेको देखिन्छ।[११९] नेपाली राज्यबाट ऐतिहासिक रूपमा भएको भेदभावको साझा भोगाइ नै लिम्बूवानको मागपछाडिको मूल चुरो रहेको बुझिन्छ। "एकीकरण" हुनुअगाडि लिम्बू राजाहरूद्वारा शासित राज्यहरूको स्वतन्त्रता र पृथ्वीनारायण शाहले उनीहरूलाई दिएको स्वशासित राज्यको अधिकार लिम्बूहरूबीच ठूलो छलफलका विषय हुन्। उच्च जातका मानिसहरूका हकमा जमिन गुमाउनु परेकोमा अन्याय भएको भावना पनि छ, तर त्यही भावना नै उनीहरूका सिकायतको प्रमुख स्रोत भने रहेको छैन।

आजको सन्दर्भमा उठेका मुख्य असन्तुष्टि सांस्कृतिक सवालसित जोडिएका छन् र काठमाडौँमा आधारित उच्च जातका शासक वर्गको प्रत्यक्ष शासनको अन्त्य होस् भन्ने हो, जुन शासक वर्गले लिम्बूहरू र उनीहरूको संस्कृतिलाई बेवास्ता गर्ने मात्र होइन सकेमा पेलेर लैजान्छन् भन्ने सोचाइ छ। एक जना युवा आन्दोलनकारीको भनाइ यस्तो थियो, "हाम्रा मानिसहरूमा आफ्नो अधिकार गुमाएका छौँ र आफ्नो संस्कृति मान्नबाट पनि वञ्चित छौँ भन्ने आत्मबोध भएबाट हामीले समर्थन पाउन सकेका हौँ। जातीय पहिचानको राजनीतिले हामीलाई डोऱ्याएको छ मार्क्सवाद वा पुँजीवादले होइन। पहिचानको राजनीति नै सबभन्दा बलियो राजनीति हो भन्ने हाम्रो विश्वास छ।"[१२०] लिम्बूवान आएपछि के पाइन्छ त भन्ने प्रश्न गर्दा धेरै जना आफ्नै सरकार हुनेबाहेक आफ्ना संस्कृति, भाषा र विशेषतः धर्मको जगेर्ना हुने कुरामा जोड दिन्छन्।

लिम्बूवानको मागले पार्टीहरूको सीमालाई नाघेको छ। राजनीतिक सम्बन्धता बेग्लाबेग्लै पार्टीसित भए पनि गाउँस्तरमा यस मागबारे एक किसिमको आम सहमति पाइन्छ। नेकाका पुराना सदस्यहरूसमेत लिम्बूवानको प्रबल समर्थक रहेका छन्।[१२१] सङ्गठनको आफ्नै क्षमताले भन्दा यस्ता कुराहरूले आन्दोलनलाई शक्ति प्रदान गरेको छ।

*सङगठनात्मक क्षमताः* तीनओटा मुख्य समूहहरूमा सलिराप (पालुङ्वा) र सलिराप (लिङ्देन) को पूर्वी पहाडहरूमा गतिलो उपस्थिति छ। दुवै समूहका प्रस्तावित लिम्बूवान क्षेत्रको नौओटै जिल्लाहरूमा जिल्ला समिति छन् र धेरै गाविसहरूमा गाउँ समिति छन्।

---

[११३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सप्राफो केन्द्रीय नेता, काठमाडौँ, डिसेम्बर २०१०।

[११४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सङ्घीय लिम्बूवान राज्य परिषद् सलिराप (एल) जिल्ला नेता, काठमाडौँ, डिसेम्बर २०१०।

[११५] साञ्जुहाङ पालुङ्वा "तेह्थुमे ढाका टोपी मोडेलमा लिम्बूवान स्वायत्त राज्यको खाका" (विराटनगर, २००९)।

[११६] साञ्जुहाङ पालुङ्वाको सलिरापको अडानबारे हेर्नुहोस् ऐ.ऐ.। लिङ्देनको अडानबारे हेर्नुहोस् "सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालअन्तर्गत लिम्बूवान स्वायत्त राज्यको संविधान २०६७", सलिराप, २५ जुलाई २००९; "सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०६७", सप्राफो, १ अप्रिल २००९। मिसेखाङ समूहको कुनै नीतिगत दस्तावेज छैन।

[११७] दुवै दस्तावेजमा लिम्बूवानमा "आदिवासी" शब्दले कसलाई बुझाउँछ भनी परिभाषित गरिएको छैन। तर पालुङ्वा र लिङ्देन दुवैका दृष्टिमा यसले लिम्बू र सङ्घीय नेपालमा "आफ्नै" छुट्टै राज्य नहुने अरू ससाना जनजाति समूहलाई समेट्दछ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सलिराप (एल) र सलिराप (पी), नेताहरू, डिसेम्बर २०१०।

[११८] तिनीहरूका दस्तावेजहरूमा पाइने अस्पष्टता उनीहरूले अन्तर्राष्ट्रिय आदिवासी अधिकार आन्दोलनका दस्तावेजहरूबाट शब्द सापटी लिएका कारण उत्पन्न भएका हुन्, किनभने ती अन्तर्राष्ट्रिय दस्तावेजहरूकै कतिपय शब्दहरू आफैँ अस्पष्ट छन्। सप्राफोका घोषणापत्रका केही खण्डहरू, मुख्यतया आत्मनिर्णयको अधिकार तथा स्रोतहरूमा अग्रधिकारबारेका खण्डहरू संयुक्त राष्ट्रको आदिवासीहरूको अधिकारसम्बन्धी घोषणाबाट सोझै उतारिएको छ (र अनुवाद गरिएको छ) अथवा तिनमा त्यसै घोषणापत्रको भाषा हुबहु प्रतिबिम्बित भएका छन्।

[११९] हेर्नुहोस् पादटिप्पणी १०९।

[१२०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सलिराप (एल) जिल्ला प्रवक्ता, धरान १४ सेप्टेम्बर २०१०।

[१२१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पाँचथर, नोभेम्बर २०१०।

दुवैका लिम्बूवान भोलिन्टियर्स (एल.भी.) नामका युवा दस्ताहरू छन्, जसको गठन सङ्गठनको सुरक्षार्थ भएको बताइन्छ। तर जातीय राज्य स्थापना भएपछि तिनै भोलिन्टियर दस्ता लिम्बूवान राज्य सुरक्षाको बीज हुने आशा आन्दोलनकारीहरूले राखेका छन्। यस्ता भोलिन्टियरहरूको सङ्ख्या हजारौं रहेको दाबी उनीहरूको छ। सलिराप (पालुङ्वा) को पाँचथर जिल्लाका एक जना सङ्गठनकर्ताले प्रस्तावित लिम्बूवानका नौओटा जिल्लामा हरेकमा पाँच हजार भोलिन्टियर छन् भनी दाबी गरेका थिए। यो सङ्ख्या निश्चय पनि अतिरञ्जित छ। भोलिन्टियरहरूलाई तालिम दिइएको पनि बताइन्छ, तर उनीहरू निस्शस्त्र रहेका पनि सङ्गठनकर्ताहरू स्वीकार गर्दछन्। जे होस्, पूर्वी पहाडका गाउँहरूमा ती भोलिन्टियरहरूको उपस्थिति रहेको पाइन्छ।[१२२]

तिनै भोलिन्टियरहरूले नै वास्तवमा लिम्बूवान राज्यको स्थापना गराउनेछन् भन्ने आशय पनि लुकेको पाइन्छ। केही गरी सङ्घीयता प्राप्त नभएमा ती भोलिन्टियरहरूलाई लडाकू शक्तिमा रूपान्तरण गरिने सम्भावना पनि छ। ब्रिटिस तथा भारतीय सेनाका अवकाशप्राप्त सैनिकहरू त्यस क्षेत्रमा धेरै सङ्ख्यामा रहेकाले र उनीहरूले लिम्बूवानलाई समर्थन पनि गर्ने भएकाले तिनबाट आन्दोलनलाई सामरिक ज्ञान एवं अनुशासन मिल्ने आन्दोलनकारीहरू दाबी गर्दछन्।

दुवै भोलिन्टियर दस्ता जबर्जस्ती चन्दा असुलीको धन्दामा लागेका हुनाले त्यसबाट भौतिक लाभ हुने देखेर लिम्बूवानसित खासै सरोकार नभएकाहरू पनि भोलिन्टियर बनेका छन्। तर उद्देश्यप्रति पूर्ण समर्पित कार्यकर्ताहरू पनि उत्तिकै छन्। धेरै युवा समर्थकहरू पढेलेखेका छन् र पार्टीको नीतिलाई उनीहरूले राम्रोसित बुझेका छन्। माथ्ला तहका प्रायः सबै नेताहरूका राजनीतिक पृष्ठभूमि लामो छ, कोही राष्ट्रिय जनमुक्ति पार्टीको केन्द्रीय तहका र कोही एमालेको मध्यम तहका नेता रहिसकेका छन्। आफ्नो जनाधारलाई बढाउनुपर्छ भन्ने बुझेर होला पालुङ्वाका भोलिन्टियरहरू सुध्रिँदै गएका देखिन्छन्। स्थानीय पर्यवेक्षकहरूको भनाइमा पहिले हेरी भोलिन्टियरहरूको आपराधिक क्रियाकलापमा संलग्नता घट्दै गएको छ।[१२३]

*साम्प्रदायिक तनावः* लिम्बूवानका धेरै समर्थकहरू आफ्नो राज्य बनेपछि त्यहाँका सबै बासिन्दाहरूप्रति राज्यको समान व्यवहार हुने कुरा बताउन चुक्दैनन्। समावेशीकरणको लवज हालका वर्षहरूमा नेपालको राजनीतिक जीवनमा छाएको छ र अधिकांश जातीय आन्दोलनकारीहरूलाई जातीय एजेन्डालाई बढ्ता जोड दिनाले त्यो अरूलाई स्वीकार्य नहुने कुरा थाहा छ। लिम्बूवानमा लिम्बूहरू नै अल्पसङ्ख्यक हुने हुनाले अन्य समुदायलाई चिढाउनु आफ्नो हितमा नहुने कुरा उनीहरूले बुझेका छन्।

त्यति भएर पनि भविष्यमा हुन सक्ने भेदभावको सम्भावनाले बाहुन र छेत्रीहरूमा व्यग्रता उत्पन्न गराएको छ। साम्प्रदायिक तनाव बढ्न गएको लक्षणहरू देखा परेका छन्। ताप्लेजुङमा लिम्बूहरू आफ्ना बाहुन छिमेकीहरूप्रति देखादेखी असहिष्णुता प्रदर्शन गर्छन्। उनीहरूलाई धम्की दिने र पिटपाट गर्ने काम पनि भएका छन्। सन् २००० मा पूर्वी पहाडमा विप्लव सुरु भएपछि ताप्लेजुङका कैयन् गाविसहरूबाट कि त पूरै कि त ठूलो सङ्ख्यामा बाहुनहरू पलायन भएका छन्। उदाहरणका लागि, सन् १९९० मा ५० घर बाहुन रहेको एउटा गाविसमा अहिले एक घर पनि बाहुन छैन। उनीहरूमध्ये अधिकांशको जमिन अहिले लिम्बू परिवारको स्वामित्वमा छ।[१२४] पाँचथरमा यस्तो तनाव अझ कम देखिन्छ तर पनि धेरै बाहुन-छेत्री आफ्नो अचल सम्पत्ति बेचेर मधेस बसाइँ सरेका छन्।[१२५] उनीहरूमा डर वास्तविक हिंसाका कारणले भन्दा पनि तनावपूर्ण वातावरण र कहिलेकाहीं आउने धम्कीले गर्दा उत्पन्न भएको हो।[१२६]

**खम्बुवान।** पूर्वी नेपालको खम्बुवान क्षेत्रमा सबभन्दा महत्त्वपूर्ण समूहहरूमा खम्बुवान राष्ट्रिय मोर्चा (खरामो) र किराँत जनवादी वर्कर्स पार्टी (किजवपा) हुन्। खरामोका नेता र कार्यकर्ताहरूमा त्यस्ता व्यक्ति छन् जो गोपाल खम्बुलाई पछ्याएर माओवादी पार्टीमा गएनन्। यसलाई आर.के. खम्बु र इन्द्रहाङ खम्बुले नेतृत्व दिएका छन्। दुवै सन् १९९२ मा यस पार्टीको स्थापना भएदेखि नै नेतृत्वमा छन्। उनीहरू आफ्नो पार्टी अब सशस्त्र सङ्गठन नरहेको बताउँछन्। किनभने उनीहरूको भनाइमा मार्च २००८ मा सरकारले गरेको पाँच बुँदे सम्झौतामा खम्बुवान राज्यको स्थापना गर्ने कुरालाई स्वीकारिसकेको छ।[१२७]

किजवपाले आफूलाई भूमिगत सशस्त्र समूह बताउँछ र यसको स्थापना सन् २००७ मा माओवादीहरूबाट फुटेर आएका खरामोका कार्यकर्ताबाट भएको हो (उनीहरू पहिले गोपाल खम्बुसँगसँगै माओवादी पार्टीमा प्रवेश गरेका थिए।) सन् २००९ र २०१० मा दुई पटक पार्टी फुटेपछि यसको नेतृत्व हाल विनोद राई (विश्वास विद्रोही) ले गरिरहेका छन्। यसका पहिलेका नेता नवीन किराँती संप्राफोमा लागेका छन् र अहिले त्यसको उपाध्यक्ष बनेका छन्। विनोदका भाइ अनन्त क्रान्तिले भने संयुक्त जातीय मुक्ति मोर्चा खडा गरेका छन्।

---

[१२२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सुनसरी, झापा, पाँचथर, सेप्टेम्बर र नोभेम्बर २०१०।

[१२३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, झापा, सेप्टेम्बर २०१०। आपराधिक क्रियाकलापहरूमा लिम्बूवान स्वयंसेवकका संलग्नताबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित, पृ. १४ र १७।

[१२४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ताप्लेजुङका नेका जिल्ला नेता, काठमाडौं, अक्टोबर २०१०।

[१२५] "Fear makes non-Limbus sell out, flee villages", myrepublica.com, ३० मे २०१०। एक समाचार लेखका अनुसार गैरलिम्बूहरूले जग्गा बिक्री गर्ने कार्य युद्ध सकिएपछि बढेर झनै दोब्बरभन्दा बढी भयो। जग्गा बिक्रीको सङ्ख्या सन् २००४-२००५ मा १२९४ थियो भने २००६-२००७ मा २२५६ र सन् २००८-२००९ मा त्यो बढेर २९३३ पुग्यो। "Ethnic violence stokes fear among non-Limbu", myrepublica.com, ५ जून २०१०।

[१२६] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, पत्रकार, डिसेम्बर २०१०।

[१२७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता खम्बुवान राष्ट्रिय मोर्चा (खरामो) का नेताहरू, धरान, सेप्टेम्बर २०१०।

*उनीहरू के चाहन्छन्:* खरामोको माग सङ्घीय नेपालमा खम्बुवान राज्य बनाउने रहेको छ।[१२८] उनीहरूका दस्तावेजमा राईहरूको कुनै विशेष अधिकार रहने उल्लेख गरिएको छैन, अपितु राज्य सरकारमा समानुपातिक प्रतिनिधित्वको माग गरिएको छ। विदेश मामिला, मौद्रिक नीति र प्रतिरक्षा मात्रै केन्द्रमा रहने र अरू सबै अधिकार सङ्घीय एकाइहरूमा रहने व्यवस्थाको माग गरिएको छ।[१२९] किजवपाले रामेछापदेखि पूर्वका सबै इलाका ओगट्ने गरी लिम्बूवान र खम्बुवान मिलेको एउटा सिङ्गो राज्यको माग गरेको छ। राज्यका सबै अङ्गहरूमा समानुपातिक प्रतिनिधित्व रहनुपर्ने माग पनि उनीहरूले गरेका छन्।[१३०]

*जनसमर्थनको स्तर:* खम्बुवान आन्दोलनको मुख्य लक्ष्य स्वशासित राज्यको स्थापना हो जसप्रति पूर्वी पहाडका राईहरूको निकै ठूलो समर्थन रहेको छ। त्यसो हुनाको पछाडि सक्रिय राजनीतिक परिचालनभन्दा पनि पहिल्यैदेखिको भावनात्मक कारण हो। खरामो र किजवपा दुवैले यसबारे खासै प्रचार अभियान चलाएका छैनन्। त्यस क्षेत्रका बासिन्दाहरूमा स्वशासित प्रान्त कस्तो हुनेछ भन्नेबारे कुनै प्रस्ट विचार छैन र उनीहरूले कुनै पार्टी विशेषको नीति पनि पछ्याएका छैनन्। खम्बुवान आउँदा राम्रो हुने हो वा बृहत्तर किराँत राज्य आउँदा राम्रो हुने त्यसबारे प्रस्ट धारणा पनि धेरैको छैन। स्वशासनको मागको सम्बन्ध आर्थिक अवसर र स्रोतहरूमा पहुँचसित भन्दा बढ्ता हिन्दू धर्मको प्रभाव तथा किराँती संस्कृति (खासगरी भाषा) को क्षयसित छ।[१३१] औपचारिक तवरमा ठूला पार्टीहरूसित जोडिएका भए पनि राई जातिका स्थानीय उच्च वर्ग बहुधा खम्बुवान आन्दोलनको समर्थन गर्दछन्।[१३२]

तर यो सशस्त्र सङ्घर्षमा रूपान्तरित भने भएको छैन। खरामो र किजवपा दुवै एकमना एजेन्डा भएका पार्टी हुन्। अन्तरिम संविधानले जातीय आधारको सङ्घीयतालाई औपचारिक मान्यता दिइसकेको परिप्रेक्ष्यमा र मानिसमा संवैधानिक प्रक्रियाप्रति किञ्चित् पनि विश्वास रहेको अवस्थामा उनीहरूलाई जनपरिचालन गर्न गाह्रो पर्नेछ। खोटाङका एक शिक्षकले भने, "नयाँ संविधानले यी विषयलाई सम्बोधन गरेको खण्डमा किजवपाको खेलो हराउनेछ। तर यदि देश यस्तै अनिर्णित अवस्थामा रहने हो भने उनीहरूको जोड चल्ने सम्भावना छ।"[१३३]

*सङ्गठनात्मक क्षमता:* किराँत जनवादी वर्कर्स पार्टीको शक्तिको आधार उसका कार्यकर्ताहरूको जत्था नभई दह्रोसित बनेको उसको भित्री सञ्जाल हो। यसको माथ्लो स्तरका धेरैजसो नेताहरूको एकअर्कासित पारिवारिक नाता गाँसिएको छ र सबै उत्तरी उदयपुरको एउटै गाउँका बासिन्दा हुन्। धेरैजसो मिलिसियाका सदस्यहरू पनि त्यसै गाउँ हुन्।[१३४] हुन त किजवपाले झापामा पनि आफ्नो उपस्थिति नदेखाएको होइन, तर त्यस पार्टीको प्रभाव भने मूलतः उदयपुर जिल्लाको उत्तरी भाग र सुनसरी तथा खोटाङ जिल्लाको दक्षिणी भाग र भोजपुरमा सीमित छ। पार्टीको विभाजन र सन् २०१० मा भएको गिरफ्तारीको लहरपछि त्यस पार्टीको वास्तविक क्षमता कति छ त्यसको आकलन गर्न गाह्रो भएको छ।[१३५] किजवपाको सुरुको नेतृत्वमा रहेकामध्ये विनोद राई र उनकी बहिनी मीना राई मात्र बाँकी छन्। उनीहरूका भाइ हंस किराँती पक्राउ परे। नवीन किराँती अहिले संप्रराफोका उपाध्यक्ष छन् र अरू धेरै कार्यकर्ताहरू पनि त्यस पार्टीमा छिरेका छन्।

खरामोले जिल्ला र गाउँ तहमा कार्यालयहरू राखेको छ र खास-खास जिल्लाहरूमा अनुभवी नेताहरूको सञ्जाल छ।[१३६] आफ्ना मिलिसियालाई बाह्य अभियानका लागि राजनीतिक रूपमा प्रशिक्षित स्वयंसेवकका जत्थामा परिणत गरेको पनि उनीहरू दाबी गर्दछन्।[१३७]

गुट र व्यक्तिगत सम्बन्धताभन्दा खम्बुवान आन्दोलनकारीहरूबीच पहिल्यैदेखि रहिआएको सञ्जाल बढी महत्त्वको सावित हुन सक्नेछ। धेरैको लामो र साझा राजनीतिक पृष्ठभूमि रहेको छ र उनीहरूको बलियो नाता र निजी सम्बन्धले सङ्गठनात्मक सिमानालाई नाघ्ने गर्दछ। उनीहरूबीच व्यक्तिगत तहमा अन्तरक्रिया पनि हुने गर्दछ। धरान, बिर्तामोड र उत्तरी उदयपुरका बेलटार जस्ता ठाउँहरू यस्ता गतिविधिका केन्द्र रहेका छन्।

*साम्प्रदायिक तनाव:* खम्बुवान इलाकाका बासिन्दाहरू भित्रभित्रै सल्किएको साम्प्रदायिक तनावका कुरा गर्छन् यद्यपि त्यसको व्यापकताबारे बुझ्न बाँकी नै छ। भोजपुरका एक जना सरकारी अधिकृतले माओवादीहरूभित्र "चुच्चे र थेप्चे नाक" बीच तनाव रहेको उल्लेख गरेका थिए।[१३८] खोटाङका एक जना छेत्रीले किजव पार्टीको लहलहैमा गाउँलेहरूले आफ्ना बाहुन-छेत्री छिमेकीहरूलाई दुःख दिएको कुरा सुनाएका थिए।[१३९]

**लिम्बूवान र खम्बुवान समर्थकहरूबीचको सम्बन्ध।** दुवै समूहका कार्यकर्ताहरूलाई संवैधानिक प्रक्रियाप्रति ठूलो अविश्वास छ। लिम्बूवान र खम्बुवान आन्दोलनमा लागेका सबै सङ्गठनका नेताहरू संविधान लेखिए

---

[१२८] उदयपुर, खोटाङ, भोजपुर, धनकुटा, सोलुखुम्बु, सङ्खुवासभा, ओखलढुङ्गा, रामेछाप, सिन्धुली, दोलखा, सप्तरी, सुनसरी, सिराहा तथा सर्लाही, महोत्तरी, धनुषा र मोरङका केही भागहरू यसमा परेका छन्। "खम्बुवानको राजनैतिक प्रस्ताव", खरामो, २०१०।

[१२९] "खम्बुवान राष्ट्रिय मोर्चा, विधान-२००९", खरामो, २००९।

[१३०] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, किराँत जनवादी वर्कर्स पार्टी नेता, सेप्टेम्बर २०१०।

[१३१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, उदयपुर र खोटाङ, नोभेम्बर २०१०।

[१३२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, भोजपुर, जनवरी २०१०।

[१३३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, शिक्षक, खोटाङ, नोभेम्बर २०१०।

[१३४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, उदयपुर, नोभेम्बर २०१०।

[१३५] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित, पृ. २-६।

[१३६] खरामो नेताहरूका भनाइमा उनीहरूका भोजपुर, खोटाङ, सुनसरी र उदयपुरमा गाउँ समितिहरू तथा धनकुटा, सङ्खुवासभा, रामेछाप, सोलुखुम्बु र ओखलढुङ्गामा जिल्ला समितिहरू छन्। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, डिसेम्बर २०१०।

[१३७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, खरामो नेताहरू, धरान, सेप्टेम्बर २०१०।

[१३८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भोजपुर, जनवरी २०१०।

[१३९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, खोटाङ, नोभेम्बर २०१०।

पनि आफ्ना मागहरू पूरा हुने अपेक्षा राख्दैनन्। उनीहरू २८ मे २०११ को तिथिलाई कुरेर बसेका छन्। त्यसपछि जनपरिचालनका लागि उपयुक्त परिस्थिति पैदा हुने उनीहरूको आशा छ। आफ्ना जातीय मागहरूलाई पूरा गराउने सम्भावनाहरू साँघुरिदै जाँदा उनीहरूमा हुटहुटी भइरहेको छ। सन् २००९ मा नेकाले आफ्नो सङ्गठनभित्र कोटा प्रणाली लागू गरेकोमा टिप्पणी गर्दै खम्बुवानका नेताले ठूला पार्टीहरूले यसप्रकार सहुलियत दिन थालेमा त्यसबाट आफ्नो आन्दोलन एक ढिका हुनमा बाधा पुग्ने कुरा बताए।[१४०] असलमा भन्ने हो भने तराईका बारेमा जस्तै पूर्वी पहाडका बारेमा पनि उठ्न सक्ने प्रश्न के हो भने के त्यहाँको आन्दोलन त्यस्तो अवस्थामा पुग्न सक्ला जब मन मिल्ने नेताहरू ठूला पार्टी छाडेर त्यस आन्दोलनमा प्रवेश गर्लान्?

अन्ततोगत्वा, साङ्गठनिक साँध-सिमानाको महत्त्व सीमित छ। खम्बु, लिम्बू, थारू र तामाङ समूहका नेताहरूमा एकआपसमा नजिकको सम्बन्ध छ र उनीहरू आफूहरूलाई साझा आन्दोलनकै एउटा हिस्सा ठान्छन्। फैलिँदै गरेको यस सञ्जालमा ठूलाठूला सङ्गठनहरूबाहेक पहिले अरू पार्टीसित सम्बद्ध जनजाति पृष्ठभूमिका प्रभावशाली व्यक्तिहरू, भूमिगत नेताहरू र भूतपूर्व माओवादी लडाकूहरूका ससाना समूहहरू पनि समावेश छन्। साझा रणनीतिको अभावमा शान्तिपूर्ण आन्दोलनको प्रभावकारिताबारे गम्भीर छलफल चलिरहेको छ।[१४१]

## २. पूर्वी र मध्यतराई

पूर्वी र मध्यतराईको जनसङ्ख्यामा मधेसी मूलका मानिसहरूको बाहुल्य छ। अधिकांश मधेसीहरू जात प्रथा मान्ने हिन्दूहरू हुन् र उनीहरूले बोल्ने भाषा हिन्दीसित मिल्दोजुल्दो छ। उनीहरूको सीमापारि भारतसित गहिरो आर्थिक र सामाजिक सम्बन्ध रहेको छ। पहाडी मूलका नेपाली र राज्यमा प्रभुत्व जमाएर बसेकाहरू उनीहरूको बफादारी पनि सीमापारि नै रहेको शङ्का गर्दै आएका छन्। मधेसीहरूको पनि पहिलेदेखि नै आफ्नो प्रतिनिधित्व न्यून रहेको, राज्यको नीतिका कारण नागरिकता, भाषा तथा राजस्व वितरणमा आफूहरूप्रति भेदभाव भएको र पहाडी समुदायलाई राज्यले नै तराईमा बसाइँ सर्न प्रोत्साहित गरेको गुनासो रहँदै आएको छ।[१४२] यसरी लामो समयदेखि गुम्सिएर रहेको गुनासो सन् २००७ र २००८ मा विस्फोट हुँदा त्यो साम्य हुन कैयौं हप्ता लाग्यो।

मधेसी आन्दोलनले अहिले पहिलेको तेज गुमाएको छ।[१४३] सन् २००७ र २००८ को आन्दोलनमा मानिसहरू भेदभावको सिकार भएको आम भावनाबाट प्रेरित भएर लागेका थिए र उनीहरूले वर्ग र पार्टी विभाजनलाई त्यस बखत बिर्सेका थिए। सन् २००७ को पहिलो आन्दोलनपछि सरकारले केही मुद्दाहरूलाई सम्बोधन गर्नका लागि केही नयाँ नीतिहरू ल्याएको छ। प्रतिनिधित्व बढाउन जून २००७ मा निर्वाचन क्षेत्रहरूको पुनः सीमाङ्कन गरियो। नागरिकता नपाएर बसेका मधेसीहरूले नागरिकता पाए। धेरैको विचारमा पहिले-पहिले असहयोगी रवैया देखाउने कर्मचारीतन्त्रको व्यवहार पनि अहिले धेरै हदसम्म बदलिएको छ।

यस आन्दोलनका मुख्य खेलाडीहरूमा संविधानसभामा प्रतिनिधित्व गर्ने पाँचओटा मधेसी पार्टीहरू हुन्। मधेसी जनअधिकार फोरम (प्रजातान्त्रिक), सद्भावना पार्टी र तराई मधेस लोकतान्त्रिक पार्टी सरकारमा छन्[१४४] र उपेन्द्र यादवद्वारा नेतृत्व गरिएको मधेसी जनअधिकार फोरम (नेपाल) तथा नेपाल सद्भावना पार्टी (आनन्दी देवी) भने प्रतिपक्षमा छन्। तराईका सशस्त्र समूहहरूमा विखण्डनको प्रक्रिया रोकिने छाँट देखिँदैन र उनीहरूमा राजनीतिक एजेन्डा बोक्ने जाँगर पनि पाइँदैन।[१४५]

पाँचओटै मधेसी पार्टीहरूको मुख्य माग भनेको नेपालको पूरै दक्षिण भागलाई एउटै तराई प्रान्त बनाउने हो।[१४६] मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) र दुवै सद्भावना पार्टीहरूले त्यसमा उप-प्रान्तहरू पनि हुनुपर्ने माग गरेका छन्।[१४७] शक्ति बाँडफाँडबारे मतभिन्नता भए पनि सबै मधेसी पार्टीहरू शक्तिसम्पन्न प्रान्तहरू चाहन्छन्।[१४८] भाषाको

---

[१४०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, डिसेम्बर २०१०।

[१४१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, नोभेम्बर-डिसेम्बर २०१०।

[१४२] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *हिंसाको तापमा तराई,* माथि उल्लेखित, पृ. २-६।

[१४३] सन् २००७ को आन्दोलनबारे क्राइसिस ग्रुप रिपोर्ट, *हिंसाको तापमा तराई,* माथि उल्लेखित; र दोस्रो आन्दोलनबारे हेर्नुहोस् *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित।

[१४४] तमलोपाको अवस्था प्रस्ट छैन। पार्टी नेता महेन्द्र यादवले ३१ डिसेम्बर २०१० मा तमलोपा (नेपाल) नामक नयाँ पार्टी दर्ता गरे। त्यसमा तमलोपाका नै सभासदहरू समावेश छन् जसमध्ये दुई जना मन्त्रिपरिषद्का सदस्य थिए। तमलोपाका बाँकी चार जना मन्त्रीहरूले पनि राजीनामा दिए, तर कामचलाउ प्रधानमन्त्री माधव नेपालले स्वीकार गरेका थिएनन्।

[१४५] तराईका सशस्त्र समूहहरूबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित, पृ. १४, १७, १८।

[१४६] "संविधानसभाको निर्वाचनका लागि मधेसी जनअधिकार फोरम, नेपालको घोषणापत्र-२०६४", १६ मार्च २००८। मजफो, केन्द्रीय कार्यालय वीरगन्ज, पृ. १०; "मधेसी जनअधिकार फोरम नेपालको राजनीतिक दस्तावेज", मजफो (ने) केन्द्रीय कार्यालय, १७ जनवरी २००९ पृ. ६; "अवधारणापत्र" मजफो (लोकतान्त्रिक) मिति नखुलेको; "सद्भावना पार्टीद्वारा प्रस्तुत सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको अवधारणा", सद्भावना पार्टी केन्द्रीय कार्यालय, २ अप्रिल २००९, पृ. ७; "घोषणापत्र", तमलोपा केन्द्रीय कार्यालय, मिति नखुलेको, पृ. ४।

[१४७] मजफो (लोकतान्त्रिक) थारू समुदायको मागको सट्टा दुई उपप्रान्तहरू (पूर्वी र पश्चिमी) भएका थारू स्वायत्त मधेस चाहन्छ। "अवधारणपत्र", मजफो (लोकतान्त्रिक) मिति नखुलेको। नेसपा (आनन्दीदेवी) ले संविधानसभाको राज्य पुनर्संरचना समितिलाई पेस गरेको नक्सामा नेपालको पूरै दक्षिणी भाग ओगटेको मधेस क्षेत्रलाई पाँच उपक्षेत्रहरूमा बाँडिएको छ।

[१४८] मजफो (नेपाल) को केन्द्रमा रहने गरी तोकिएको अधिकारबाहेक अन्य सबै अधिकार प्रान्तमै रहनुपर्ने अडान छ। मजफो (लोकतान्त्रिक) भाषा नीति, नागरिकता, शान्ति र सुरक्षा जस्ता धेरै विषयहरू केन्द्र र प्रान्तले संयुक्त रूपमा हेर्नुपर्छ भन्ने चाहन्छ।

विषयमा पनि सबै पार्टी एक मत छन् — उनीहरू सबैको माग केन्द्रमा हिन्दी दोस्रो कामकाजी भाषा हुनुपर्छ भन्ने छ।[१४९]

एक मधेसको माग एकदमै हौसिएर गरिएको माग हो। निजी कुराकानीमा मधेसी नेताहरू त्यसमा सम्झौता गर्न तयार रहेको बताउँछन्। नेपालगन्जका एक जना मधेसी नेताले भने, "सार्वजनिक रूपमा हाम्रो माग एक मधेसको हो। तर हाम्रो पार्टीभित्र हामीलाई के थाहा छ भने कम्तीमा तीन या चार त पाउँछौं। हाम्रो नबदलिने अडान भनेको यस्ता प्रदेश पूर्व-पश्चिम हुनुपर्छ, उत्तर-दक्षिण होइन। उत्तर-दक्षिण प्रदेश बनाएमा पहिलेकै शोषण दोहोरिन्छ।"[१५०]

मधेसी नेतृत्वप्रतिको मोहभङ्ग सिराहा र सप्तरीमा टड्कारो गरी देख्न सकिन्छ। यी जिल्लाहरू सन् २००७ र २००८ को आन्दोलनका केन्द्रस्थल थिए। बहुतायत मधेसीहरू काठमाडौंमा बस्ने नेताहरूबाट आफ्नो प्रतिनिधित्व हुन नसकेको र आन्दोलनबाट अनुभूत गर्न सकिने कुनै फाइदा नभएको ठान्छन्। मधेसी पार्टीका मन्त्रीहरूलाई आफ्नै भुँडी भर्नपट्टि मात्रै लागेको आरोप लागेको छ।[१५१] सिराहाका एक जना गाउँले दलितले गुनासो गर्दै भने, "हामीले मधेसको आन्दोलनमा भाग लियौं। नेताहरूले अधिकार दिलाइछाड्छौं भने र हामीले पनि हाम्रो हालतमा सुधार होला भन्ने आशा लिएका थियौं। तर केही भएन। नेताहरू काठमाडौं गए र सत्तामै रमाए।"[१५२] त्यसै पनि संविधानसभामा कम औसतको उपस्थिति रहेको मधेसी पार्टीहरूको उपस्थिति झनै घटेको छ।[१५३]

केही विश्लेषकहरूको अनुमानमा यस्तो परिस्थिति एमाले र नेकाले गुमाएको पहिलेको प्रभाव फेरि प्राप्त गर्न अनुकूल हुनेछ।[१५४] तर नयाँ संविधानले आम जनताका आकाङ्क्षाहरूलाई पूरा गर्न सकेमा मात्र त्यो हुन सम्भव छ। यसअघिको आन्दोलनमा उनीहरूले देखाएका धिङ्न्याईका कारण दुवै पार्टीको छवि धमिलिएको छ र मधेसी अधिकारप्रति उनीहरूको प्रतिबद्धता पनि ओठे मात्र भएको ठानिन्छ। मधेसी पार्टीहरूप्रति असन्तुष्टि हुँदाहुँदै पनि उनीहरूका मुद्दाप्रति जनसमर्थन हराएको भने छैन। मधेसी आन्दोलनका कार्यकर्ताहरू मात्र होइन सामान्य मधेसवासीको नजरमा मधेस आन्दोलनको सबभन्दा ठूलो उपलब्धि भनेको उनीहरूको मधेसी पहिचानको राजनीतिकरण हो।[१५५] अहिलेसम्म पनि उनीहरूका आकाङ्क्षा स्वशासन र कोटाको वरिपरि नै घुमिरहेको छ।

मधेसी पार्टीहरूमा मधेसी जनअधिकार फोरम (नेपाल) अझै पनि लोकप्रिय जनभावनाबाट फाइदा लिन सक्ने स्थितिमा छ। उपेन्द्र यादव विशेष हैसियत राख्दछन्।[१५६] एक जना स्वतन्त्र मधेसी विश्लेषकको भनाइमा, "तराई मधेस लोकतान्त्रिक पार्टी उच्च जातिको पार्टी हो; सद्भावनाले वस्तुतः भारतीय संस्थापनाको प्रतिनिधित्व गर्दछ। उपेन्द्रको साख केही गिरेको छ, तर पनि उनको विकल्प छैन।"[१५७] बिनानेतृत्व कुनै स्वस्फूर्त आन्दोलन उठ्ने सम्भावना छैन। पहिलेको आन्दोलनमा हिस्सा लिएका मोरङको एक गाउँका सहभागीहरूले भने, "जनता आफैंले कसरी आन्दोलन थाल्न सक्छन्? त्यो त राजनीतिक नेताहरूले थाल्ने कुरा हो। जुलुस उनीहरूले निकाल्नुपर्छ। जनता त दुई छाक टार्नभन्दा पर्तिर सोच्न सक्तैनन्।"[१५८]

मधेसी पार्टीहरूको पूर्वदेखि मध्यतराईसम्म पूरै भागमा बलियो स्थानीय पकड छ। तिनका धेरै नेताहरूले पहिलेको पार्टी सञ्जाललाई प्रयोग गर्दै सङ्गठन बनाएका हुन्। उदाहरणका लागि, सिराहाबाटा चुनिएका कैयन्

---

[१४९] नेसपा (आ) हिन्दीलाई कामकाजी र राष्ट्रिय भाषा घोषणा गरिनुपर्दछ भन्ने चाहन्छ। "नेपाल सद्भावना पार्टी (आ) अपिल", नेसपा (आ), जुलाई २००९। मजफो (नेपाल) र मजफो (लोकतान्त्रिक) दुवैले केन्द्रमा घटीमा दुईओटा कामकाजी भाषा हुनुपर्ने र प्रान्तहरूले आफ्नै कामकाजी भाषा तोक्न पाउनुपर्ने अधिकार हुनुपर्ने माग राखेका छन्। "मधेसी जनअधिकार फोरम नेपालको राजनीतिक दस्तावेज", मजफो (नेपाल) केन्द्रीय कार्यालय; "मधेसी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) को घोषणापत्र", मजफो (लोकतान्त्रिक) केन्द्रीय समिति। सद्भावना पार्टीले नेपालीका साथसाथै हिन्दीलाई कामकाजी भाषा बनाउनुपर्ने र प्रान्तहरूमा नेपाली, हिन्दीका साथै प्रान्तीय मातृभाषा गरी त्रिभाषीय नीति अवलम्बन गर्नुपर्ने माग गरेको छ। "सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको अवधारणा", सपा, २ अप्रिल २००९। तमलोपाले केन्द्रमा हिन्दी, नेपाली र अङ्ग्रेजी तथा प्रान्तहरूमा नेपाली, हिन्दी र प्रान्तीय मातृभाषा रहने त्रिभाषीय नीतिको माग गरेको छ। "वर्तमान राजनीतिक स्थिति — हाम्रो धारणा, हाम्रो दिशा", तमलोपा, मिति नखुलेको।

[१५०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जुलाई २०१०।

[१५१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जनकपुर, सिराहा, सप्तरी, अक्टोबर २०१०।

[१५२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दलित गाउँलेहरू, सिराहा, २८ अक्टोबर २०१०।

[१५३] संविधानसभाका पूर्ण बैठकहरूमा सभासदहरूको सरदर उपस्थिति ६३ प्रतिशत रहेको छ। त्यसमा पनि वरिष्ठ मधेसी नेताहरूको उपस्थिति झनै कम छ। मजफो (नेपाल) का नेता उपेन्द्र यादवको ९.८ प्रतिशत , नेसपा नेता राजेन्द्र महतोको ११.८८ प्रतिशत र मजफो (लोकतान्त्रिक) का नेता विजय गच्छेदारको ९.९ प्रतिशत उपस्थिति छ। "Attendance and participation in the Constituent Assembly", मार्टिन चौतारी, ४ सप्टेम्बर २०१०, पृ. ६-७। www.martinchautari.org.np उपलब्ध छ।

[१५४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जनकपुर र लाहान, अक्टोबर २०१०। सिराहाका दलित गाउँलेहरूले भनेः "हामीले नेकालाई भोट हाल्यौं र अर्कोपटक पनि नेकालाई नै भोट हाल्छौं।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, २८ अक्टोबर २०१०।

[१५५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, वीरगन्ज, जनकपुर, सिराहा, सप्तरी र मोरङ, अक्टोबर २०१०।

[१५६] एक जना स्वतन्त्र मधेसी विश्लेषकले भनेः "मानिसहरू उपेन्द्र यादवलाई घृणा गर्न सक्छन् किनभने तिनीहरूले पहिला उनलाई माया गरेका थिए। गच्छेदारलाई मानिसहरू घृणा गर्दैनन्, किनभने उनलाई घृणा गर्ने कुरा नै केही छैन।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विराटनगर, ३० अक्टोबर २०१०।

[१५७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, स्वतन्त्र मधेसी विश्लेषक, विराटनगर, ३० अक्टोबर २०१०।

[१५८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, स्थानीय बासिन्दाहरू, कटाहारी, ३१ अक्टोबर २०१०।

सभासदहरू पहिले नेकासित आबद्ध थिए।[१५९] मधेसी पार्टीका जिल्ला नेताहरू जनसामान्यसित निरन्तर सम्पर्कमा रहन्छन् र परेका बेला जनतालाई सेवा पुऱ्याउँछन्, विशेषतः प्रशासनिक कार्यहरूमा।[१६०]

प्रधानमन्त्री चुन्न असफल रहेको जुलाई २०१० को निर्वाचनका लागि खडा भएको संयुक्त प्रजातान्त्रिक मधेसी मोर्चाले परेमा भित्री एजेन्डाका लागि मधेसी पार्टीहरू एकआपसमा सहयोग गर्न सक्छन् भन्ने देखाएको छ।[१६१] तर उनीहरूका आन्दोलन भने विभिन्न धारमा बाँडिएको छ। जातिवादी राजनीतिले अझै झन्झन् बढ्दो रूपमा आन्दोलनलाई चिरा पार्ने काम गरिरहेको छ। उच्च जातका धेरै मधेसी नेताहरू यादव जस्ता बीचको जातका व्यक्तिहरूको मधेसी जनअधिकार फोरम (नेपाल) मा देखिएको हालिमुहालीबाट तर्सिएका छन्।

विशेषतः मधेसी जनअधिकार फोरम (नेपाल) को नेतृत्वमा रहेको आपसी अविश्वासको असर जिल्ला तहसम्मै पुगेको छ। स्थानीय नेताहरूमा अधीरता बढिरहेको छ। उनीहरू अर्को विद्रोहको प्रतीक्षामा छन् र सबै नेताहरू जिल्लामा फर्केर त्यस्तो विद्रोहको तयारीमा सघाउन् भन्ने चाहन्छन्। "मधेसी जनअधिकार फोरमले आफ्ना सबै प्रतिनिधिहरूलाई जिल्लामा फिर्ता बोलाउन सक्छ ... र किन कुनै प्रगति हुन नसकेको त्यसबारे जनतालाई बुझाउन सक्छन्।"[१६२]

केही मधेसी नेताहरूलाई तराईमा प्रान्तहरू निर्माण गर्न कुनै हतारो देखिँदैन। मधेसी आन्दोलन र सन् २००८ को निर्वाचनमा प्राप्त सफलताबाट काठमाडौँमा उनीहरूको मोलमोलाहीको शक्ति बढ्न गएको छ। कतिपयले ठूल्ठूला पद पाएका छन्। फेरि आन्दोलन सुरु गर्ने चेतावनी दिएरै उनीहरूले थप दबाब दिन सकेका छन्। तर साँच्चिकै आन्दोलन गरेर त्यो केही गरी सफल भएमा त्यो दबाब दिने शक्ति पूरै हराउनेछ। एक जना स्वतन्त्र मधेसी विश्लेषकले भने, "काठमाडौँमै आपूर्ति मन्त्री हुन सक्ने राजेन्द्र महतोले मिथिलाको मुख्य मन्त्री हुन किन चाहने?"[१६३]

मधेसी आन्दोलन चर्केका बेला उत्पन्न मधेसी-पहाडी तनाव र तराईका सशस्त्र समूहले चलाएको जबर्जस्ती चन्दा असुलीले गर्दा धेरै पहाडीहरू पूर्वी र मध्यतराईबाट घरबार त्यसै छाडेर वा कौडीको मोलमा घरजग्गा बेचेर अन्यत्र गए। मधेसी राजनीतिज्ञ र पत्रकारहरूका अनुसार ७० प्रतिशत पहाडेहरूले सिराहा जिल्ला छाडे। यहाँ रहनेमा अन्त जान नसक्ने गरिबहरू मात्र छन्।[१६४]

हाल देखिएको तस्बिर मिश्रित किसिमको छ। सिराहाको राजमार्ग छेउ बसोबास गर्ने तामाङ समुदायका मानिसहरू आफूलाई सुरक्षित र राम्रोसित घुलमिल भएको महसुस गर्छन्।[१६५] विराटनगरका चिया दोकानहरूमा चल्ने गफ र तन्नेरी राजनीतिकर्मीहरूले पोख्ने आक्रोशमा अब साम्प्रदायिक रङ पाइँदैन। तर सबै ठाउँको अवस्था यस्तै छैन। हुन त धेरै पहाडेहरू सन् २००७ र २००८ को तुलनामा अहिले आफूहरूलाई कुनै डर नभएको बताउँछन्, तैपनि उनीहरूले लुत्रुक्क परेर बस्नुपर्ने अवस्था विद्यमान छ। आफ्ना परिवारलाई काठमाडौँ पठाएर प्रायःजसो पुरुष सदस्यहरू आफू मात्र कारोबार चलाइराखेका हुन्छन् वा घर कुरिबसेका हुन्छन् र परिवारलाई फिर्ता बोलाउने उनीहरूको कुनै छाँटकाँट देखिँदैन।[१६६]

## घ. सङ्घीयता र यसका आलोचकहरू

जातीय र प्रान्तीय अधिकारको आन्दोलनले जोड पक्रदै जाँदा त्यसले केही चिन्ता र संशयलाई पनि जन्माएको छ। यी दुवै आन्दोलनका मागहरूलाई एकसाथ मिलाएर हेर्ने हो भने तिनले नेपालीको आधिकारिक परिभाषालाई नै समग्र रूपमा चुनौती दिएको देखिन्छ। अल्पसङ्ख्यामै भए पनि नेपाली जनसङ्ख्याको एउटा महत्त्वपूर्ण हिस्सा सङ्घीयताको पूरै विरोधमा छन्। सन् २००९ मा गरिएको एक मत सर्वेक्षणमा एकचौथाइ उत्तरदाताहरूले सङ्घीयता नचाहेको बताएका थिए।[१६७] सङ्घीयताको समर्थन गर्नेहरूमा ५० प्रतिशत उत्तरदाताहरू थिए, तर जातीय र भाषाका आधारमा देशको विभाजन चाहनेमा उनीहरूमध्ये पनि आधाभन्दा कम मात्र थिए। जनसङ्ख्याको आधा भागको यस सरोकार र चिन्ताले अहिलेसम्म सङ्गठित प्रतिरोधको रूप लिएको छैन।

यस परिवर्तनबारे मोटामोटी रूपमा तीन प्रकारका विरोध पाइएका छन्। वामपन्थी, धर्म निरपेक्ष र गणतन्त्रवादी धारको दृष्टिमा पहिचानको राजनीति प्रतिक्रियावादी हो र सङ्घीयता नेपालको एकता निम्ति खतरा हो। जातीय मागले जोड पक्रेकाले धेरै बाहुन र छेत्रीहरू आफूमाथि खतरा आइपरेको ठान्छन्, तर कैयन् सङ्गठनहरू अहिलेको जातीय सन्दर्भमा उनीहरूप्रति असहमत रहँदारहँदै पनि उनीहरूलाई समेत मिसाएर हिँड्न खोजिरहेछन्। तेस्रोचाहिँ हिन्दूत्ववादी र राजावादीहरूको मिश्रित

[१५९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, लाहान, २६ अक्टोबर २०१०, नेका जिल्ला नेता, सिराहा, २७ अक्टोबर २०१०।

[१६०] उदाहरणका लागि, मोरङ जिल्लाका एक जना नेता नागरिकता प्रमाणपत्र लिने काममा गाउँलेहरूलाई सहयोग गर्दछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कटाहारी, ३१ अक्टोबर २०१०।

[१६१] प्रधानमन्त्री माधवकुमार नेपालले ३० जून २०१० मा राजीनामा गरेपछि तीन ठूला पार्टीहरू सहमतीय सरकारको नेतृत्व कसले गर्ने भन्नेबारे एकमत हुन सकेनन् र व्यवस्थापिका संसदले नयाँ प्रधानमन्त्री चयन गर्न सकेन। माधवकुमार नेपाल अझै कामचलाउ सरकारको नेतृत्व गरिरहेका छन् ।

[१६२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मजफो (नेपाल) जिल्ला नेता, विराटनगर, ३० अक्टोबर २०१०।

[१६३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी विश्लेषक, काठमाडौँ, २६ नोभेम्बर २०१०।

[१६४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अक्टोबर २०१०।

[१६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अक्टोबर २०१०।

[१६६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, धनुषा, सेप्टेम्बर २००९ र अक्टोबर २०१०।

[१६७] इन्टर डिसिप्लिनरी एनालिस्ट्द्वारा गरिएको सर्वेक्षणबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित, पादटिप्पणी २१९।

समूह हुन्, जो मूलतः धर्म निरपेक्षता र गणतन्त्रको विरोधी छन्। उनीहरूका लागि सङ्घीयता तपसिलको विषय हो। उनीहरू सङ्घीयताको ठाडै विरोध गरिहाल्दैनन्, तर पहिचानका आधारमा बन्ने प्रान्तहरूको पक्षमा भने छैनन्।

## १. को के चाहन्छन्:

चित्रबहादुर के.सी.को राष्ट्रिय जनमोर्चा नै एक मात्र त्यस्तो पार्टी हो जो सङ्घीयताको खुलेरै विरोध गर्दछ। यो पार्टी राजनीतिक प्रणालीको आमूल विकेन्द्रीकरण हुनपर्छ भन्ने स्वीकार्दछ। तर यतिका विधि जातीय विविधता भएको मुलुकमा सङ्घीयताको मागको कुनै ओरछोर नहुने कुराको यसलाई डर छ। यसबाट भारतको हस्तक्षेप अझै बढ्न जाने सम्भावना र एकीकृत मधेस प्रान्तबाट नेपालको अखण्डतामा आइपर्ने खतरालाई त्यस पार्टीले औंल्याएको छ। के.सी.ले सङ्घीयता विरोधी राष्ट्रिय अभियान थालेका छन्। यसको कुनै विधान छैन र जो कोही पनि यसको सदस्य बन्न सक्दछन्। पार्टी सम्बद्धता जेसुकै भए पनि यस अभियानको उद्देश्य सङ्घीयता विरोधीहरूको साझा मञ्च बनाउने रहेको छ।

छेत्री समाज नेपालको गठन प्रा. दिलबहादुर छेत्रीद्वारा सन् १९९६/९७ मा पोखरामा भएको थियो। सुरुमा सानो रहेको यो सङ्गठन सन् २००९ देखि निकै बढ्न गयो। छेत्री समाजको आधिकारिक भनाइअनुसार यो सङ्गठन सङ्घीयताको विरोधी होइन तर पहिचानमा आधारित सङ्घीयताको भने विरोध गर्दछ। यो जातीय समानुपातिक प्रतिनिधित्वको पक्षमा रहेको छ। तर यसको माग छेत्रीलाई आदिवासी जातिका रूपमा मान्यता दिनुपर्ने र अहिलेझैं "अन्य" जातिका रूपमा सूचीकृत हुन नहुने छ। यो अडान विश्वासका कारणले भन्दा पनि आफ्नो समूहलाई पर्न जान नोक्सानी कम होस् भन्ने उद्देश्यले लिइएको बुझिन्छ। छेत्री समाजले प्रकाशित गरेको पुस्तकमा परेका लेखहरूमा पहिचानको राजनीतिको कडा आलोचना गरिएको छ।[१६८] उक्त समाजका सदस्य तथा जिल्लास्तरका नेताहरूको भनाइमा उनीहरू भविष्यमा बन्ने सङ्घीय नेपालमा हुन सक्ने भेदभावबाट छेत्रीहरूलाई जोगाउन चाहन्छन्।[१६९]

त्यसको विपरीत युवराज कार्कीद्वारा नेतृत्व गरिएको खस छेत्री एकता समाजचाहिँ जातीय सङ्घीयताको पक्षमा रहेको छ र छेत्रीहरूलाई आदिवासीका रूपमा मान्यता दिनुपर्ने तथा विभिन्न जातिको समानुपातिक राजनीतिक प्रतिनिधित्व हुनुपर्ने माग खस समाजले अघि सारेको छ। छेत्री समाजका नेताहरू भने छेत्रीहरूका लागि आदिवासीको मान्यता दिनुपर्ने माग राखेकामा खस समाजको आलोचना गर्दछन्। उनीहरूको भनाइमा अत्यन्त साना र सीमान्तीकृत समूहलाई बाहेक अरूलाई आदिवासीको मान्यता दिनु हुँदैन।[१७०]

यी तीनैओटा सङ्गठनहरू भविष्यमा हुने परिवर्तनहरूबारे मानिसमा रहेको संशय र अन्योलको फाइदा लिने प्रयासमा छन्। राष्ट्रिय जनमोर्चाले सन् २००८ को निर्वाचनमा खासै सफलता पाउन सकेको थिएन। त्यस पार्टीले जम्मा चार सिट जितेको थियो, त्यसमा पनि तीन सीट समानुपातिक प्रतिनिधित्वका आधारमा। तर के.सी.को सङ्घीयता विरोधी मोर्चाले भने केही समर्थन जुटाउन सकेको छ। सन् २००९ को अन्त्यतिर मोर्चाले आयोजना गरेको विरोध प्रदर्शनमा उल्लेखनीय जनसहभागिता रहेको थियो। त्यसका साथै के पनि उल्लेखनीय छ भने मोर्चाले यस विषयमा काठमाडौंका राजनीतिक र बौद्धिक वृत्तको समर्थन पाउन केही हदसम्म सफल रहेको छ, नेका र एमालेका नेता तथा एमाले समर्थित दुई ठूला साप्ताहिक अखबारहरूका सम्पादकहरूसमेत तिनमा पर्दछन्।[१७१]

धेरै बाहुन र छेत्रीहरू आफूहरूले गुमाउनुपर्ला भनेर डराएका छन्। धेरैको दिमागमा सङ्घीयता र कोटा तथा अल्पसङ्ख्यकहरूलाई दिइने विशेष आरक्षणबाट उनीहरूको हित हुँदैन भन्ने परेको छ। यसबाट अहिलेका उच्च वर्गलाई त्यतिविघ्न फरक पर्दैन, किनभने उनीहरूले आफ्ना छोराछोरीलाई बाहिर पठाउनुका साथै धन-सम्पत्ति पनि बाहिरै थुपारेका छन्। तर जीवन यापनका लागि सङ्घर्षरत मध्यवित्तीय बाहुन-छेत्री परिवारले भने उनीहरूले पाउँदै आएका अवसरहरू गुमाउन सक्ने कुरा साँचो हो। छेत्री र बाहुनलाई संविधानसभाको निर्वाचनमा "अन्य" शीर्षकअन्तर्गत सूचीकृत गरिएकोमा खस छेत्री एकता समाजका जुम्लाका एक जना नेताको टिप्पणी यस्तो थियोः "कोटा लगाउने हो भने एउटा गरिब छेत्रीको खैर छैन।"[१७२]

नयाँ नेपालमा बाहुन-छेत्रीको कुनै स्थान रहने छैन भन्ने अर्को ठूलो डर पनि छ। धेरै जातीय अधिकारवादीहरूका दृष्टिमा हिन्दू धर्म, नेपाली भाषाको विशेष स्थान र उच्च जातिको थिचोमिचो एकअर्कासित जोडिएका कुरा हुन्। त्यसैगरी नेपाली राष्ट्रियतालाई पुनर्परिभाषित गर्नका लागि भइरहेको प्रयासलाई धेरै बाहुन र छेत्रीहरूले निजी तवरले लिने गरेका छन्। जातीय सङ्घीयताले अन्तरजातीय वैमनस्यता बढाउनेछ भन्ने चिन्ता देशैभरिका बाहुन-छेत्रीहरू व्यक्त गर्दछन्, विशेषगरी पूर्वी नेपालका पहाडी इलाकाहरूमा।[१७३] खस छेत्री एकता समाजका एक जना स्थानीय नेताले भने, "हिन्दू धर्मलाई हटाइयो। यही ताल हो भने सङ्घीयताले बाहुन-

[१६८] उदाहरणका लागि, जातीय सङ्घीयतालाई "विष" र जातीय मनोविज्ञानलाई वर्ग आधारित राजनीतिलाई कमजोर बनाउने कुरा हो भनी व्याख्या गरिएको छ। "छेत्री आवाज" छेत्री समाज नेपाल केन्द्रीय समिति, नोभेम्बर २००९।

[१६९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जुम्ला, डडेलधुरा, सुनसरी र झापा, जुलाई र सेप्टेम्बर २०१०।

[१७०] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, छेत्री समाज सशस्त्र दस्ता कमान्डर, नोभेम्बर २०१०।

[१७१] हेर्नुहोस् पादटिप्पणी ८५।

[१७२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जुम्ला, जुलाई २०१०।

[१७३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, खोटाङ, उदयपुर, सुनसरी र पाँचथर, सेप्टेम्बर र नोभेम्बर २०१०।

छेत्रीलाई पनि हटाउनेछ।यी दुइटा समूहमाथि नै प्रहार भइरहेको छ।"[१७४]

छेत्री समाज नेपाल र खस छेत्री एकता समाजको उपस्थिति नेपालका जिल्ला-जिल्लामा रहेको छ।[१७५] तिनका माथ्ला तहका नेताहरूमा जानेमानेका बुद्धिजीवी र स्थापित व्यापारीहरू छन्।[१७६] विशेषतः खस छेत्री एकता समाजले एमालेको युथ फोर्सका धेरै कार्यकर्ताहरूलाई आकर्षित गरेको छ।[१७७] दुवै सङ्गठनले नेपाली सुरक्षा बल र भारतीय तथा ब्रिटिस सेनाका अवकाशप्राप्त सैनिकहरू मिलाएर सशस्त्र दस्ता खडा गरेको बताउँछन्। नेपालको "एकीकरण" मा आफ्नो समूहको अहम् भूमिका रहेको दाबी गर्दै उनीहरू देश टुक्र्याउने प्रयासको मुकाबिला गर्ने चेतावनी दिन्छन्। उनीहरूले वास्तवमै केही जिल्लाहरूमा भूतपूर्व सैनिकहरूको भेला गराएको बुझिन्छ। अहिलेसम्म उनीहरूको अरू थप गतिविधि देखिएको छैन, तर विशेषगरी छेत्री समाज नेपाल आफ्नो सङ्गठन विस्तारमा निकै सक्रिय देखिन्छ। यसका नेताहरू समर्थन जुटाउन निकै दौडधुप गरिरहेका छन्।

तर यी कुनै पनि सङ्गठनहरूले आम जनसमर्थन भने जुटाउन सकेका छैनन्। कोटा र आरक्षणको असर पर्दै गएपछि भने जनपरिचालन गर्न सजिलो हुन सक्ला। त्यस्तो बेलामा अहिले बनाउँदै गरिएको सञ्जालले सङ्गठनात्मक मेरुदण्डको काम गर्न सक्नेछ।

## २. पहिलेका शाही परिवार र धार्मिक कट्टरपन्थी

राजाका समर्थकहरूको आशा के छ भने राजनीतिक पार्टीहरूप्रतिको वितृष्णाले शाही परिवारसामु अवसरहरू ल्याइदिनेछ। तर यस घडीमा उनीहरूको पुनरागमनको पक्षमा कुनै ठूलो समर्थन रहेको देखिँदैन र त्यस्तो समर्थन आउने छाँट पनि छैन। केही समय निश्चल रहेपछि शाही परिवारले धार्मिक र समाज कल्याण कार्यको माध्यमबाट सार्वजनिक भूमिका सुरु गरेका छन्।[१७८] तराईमा भूतपूर्व राजा र युवराज निकै पटक सार्वजनिक रूपमा देखा परेका छन्। तर उनीहरूलाई हेर्न आएका मानिसको भीडलाई उनीहरूको वास्तविक समर्थक भन्ने गल्ती नगर्न पर्यवेक्षकहरू चेतावनी दिन्छन्। "तराईमा विद्यमान विविधताका कारण ज्ञानेन्द्रले पनि यहाँ आफ्नो शक्ति प्रदर्शन गर्न सक्छन्। पारस यहाँ आउँदा मानिसहरू उनको लामो कपाल हेर्नलाई पनि झुम्मिन्छन्," वीरगन्जका एक जना वरिष्ठ पत्रकारले भने।[१७९] काण्डैकाण्डमा मुछिएका पहिलेका राजपरिवारको राजनीतिक पुनरागमनको मार्गमा यदि कुनै अड्चन छ भने त्यो उनीहरू आफैं हुन्।[१८०]

राजावादीहरू आफ्ना एजेन्डालाई नेपाल हिन्दू राष्ट्र नरहेको विषयसित जोड्न खोजिरहेछन्। उनीहरूलाई राजा गएकोमा विस्मातभन्दा राष्ट्र धर्म निरपेक्ष भएकामा चिन्ता छ।[१८१] एक मात्र "राजावादी" पार्टी भनेर चिनिएको राष्ट्रिय प्रजातान्त्रिक पार्टी (नेपाल) (राप्रपा, नेपाल) ले धर्म निरपेक्षता, राजतन्त्र र सङ्घीयताबारे जनमत सङ्ग्रह गरिनुपर्छ भन्ने निरन्तर माग गरिरहेको छ। विभिन्न क्षेत्रमा कोटा र आरक्षण दिने कुरामा विमति नराखे पनि पहिचानको राजनीतिबाट राष्ट्रिय पहिचान कमजोर हुन गएकामा यो पार्टी बेखुसी छ।[१८२] पहिलेका राजालाई तराईको भ्रमण गराउनेमा हिन्दू समूहहरू थिए। नेपाललाई पहिलेझैं हिन्दू राजतन्त्र बनाउनुपर्नेमा भारतका दक्षिणपन्थी हिन्दू समूहहरूले पनि जोड दिँदै आएका छन्। नेपालमा धर्म निरपेक्षता विरोधी आन्दोलनलाई तिनीहरूले नै पैसा र सङ्गठनात्मक समर्थन दिन सक्नेछन्।[१८३]

नेपालमा पनि दक्षिणपन्थी हिन्दू सक्रियता नरहेको होइन। तर भारतमा झैं यो त्यति बलियो छैन। विश्व हिन्दू महासङ्घ सन् १९८१ मा वीरगन्जमा खडा भएको थियो। भारतको विश्व हिन्दू परिषदसित यसको निकट सम्बन्ध रहेको छ र नेपालको पहिलेका शाही परिवारबाट पनि यसले संरक्षण पाएको थियो।[१८४] अहिले यसको मुख्य ध्याउन्न नै धर्म निरपेक्षता विरुद्ध लड्नु हो। सन् १९९० मा नेपालगन्जमा शिवसेनाको शाखा खुलेको थियो। धर्म निरपेक्षताको विरोध गर्नुबाहेक यो सङ्गठन पनि आफ्नो भारतीय समकक्षीझैं इस्लाम धर्मबाट भयाक्रान्त छ। सन् १९९० पछि घटित छओटा हिन्दू-मुस्लिम दङ्गामा पाँचओटा दङ्गा नेपालगन्जमा

---

[१७४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जुलाई २०१०।

[१७५] हेर्नुहोस् "Local Political and Peace Process Trends", कार्टर सेन्टर, २३ नोभेम्बर २०१०, पृ. ६। खस छेत्री एकता समाजका नेताहरू पूर्वाञ्चल विकास क्षेत्रका सबै १६ जिल्लासमेत गरी ३७ जिल्लाहरूमा आफ्ना समितिहरू रहेका बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, इटहरी, सेप्टेम्बर २०१०।

[१७६] उदाहरणका लागि, गृहमन्त्री भीम रावल छेत्री समाज नेपालका सदस्य हुन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, छेत्री समाज नेपालका नेता, डिसेम्बर २०१०।

[१७७] एमालेको युवा दस्ताबारे हेर्नुहोस्, क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित।

[१७८] सन् २०१० भरी नै पूर्व राजा ज्ञानेन्द्र शाह र पूर्व युवराज पारस शाहले नेपालका धेरै ठाउँको यात्रा गरे र मन्दिर उद्घाटन जस्ता धार्मिक कार्यक्रमहरूमा भाग लिए। पूर्व युवराज्ञी हिमानी शाहले "हिमानी ट्रष्ट" नामक एउटा परोपकारी संस्थाको स्थापना गरिन् जसका सञ्चालकहरूमा शाही परिवारका सदस्यहरू मात्रै छन्।

[१७९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, वीरगन्ज, ७ अक्टोबर २०१०।

[१८०] डिसेम्बर २०१० मा पूर्व युवराज पारस शाहमाथि उपप्रधानमन्त्री सुजाता कोइरालाका ज्वाईंलाई बन्दुक ताकेको आरोप लाग्यो। "पारसले गोली चलाए", *कान्तिपुर,* १३ डिसेम्बर २०१०।

[१८१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार वीरगन्ज, ७ अक्टोबर २०१०।

[१८२] "राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको सङ्कल्प-पत्रः संविधानसभा निर्वाचन २०६४", राप्रपा (नेपाल), २००८।

[१८३] उदाहरणका लागि, भारतीय जनता पार्टीका पूर्व अध्यक्ष राजनाथ सिंहले भाजपा नेपाल एउटा हिन्दू राष्ट्र भएको चाहन्छ भनेका थिए। "नेपाल हिन्दू राज्य नै हुनुपर्दछ", *घटना र विचार,* ८ डिसेम्बर २०१०।

[१८४] Gerard Toffin, "The Politics of Hinduism and Secularism in Nepal", in *Studies in Nepali History and Society*, vol. 11, no. 2 (डिसेम्बर २००६)। वीरेन्द्रले सन् १९८८ मा काठमाडौंमा विश्व हिन्दू महासङ्घको दोस्रो अधिवेशनलाई स्वागत गरेका थिए। ज्ञानेन्द्रले पनि विश्व हिन्दू महासङ्घप्रति सन् २००१ देखि नै आफ्नो समर्थन जनाउँदै आए। उनका मानार्थ अङ्गरक्षक विश्व हिन्दू महासङ्घका अध्यक्ष थिए। सन् २००८ देखि अवकाशप्राप्त जर्नेल हेमबहादुर कार्की त्यसको अध्यक्ष रहेका छन्।

भएका थिए।[१८५] विश्व हिन्दू महासङ्घझैं नेपाल शिवसेनाको पनि भारतीय समकक्षीसित निकट सम्बन्ध रहेको छ।

दुवै समूहको बलियो देशव्यापी सङ्गठन छैन। विश्व हिन्दू महासङ्घको युवा सङ्गठन हिन्दू युवा सङ्घका स्थानीय नेताले काठमाडौंबाट सहयोग नपाएकामा गुनासो गर्दै भनेः "हामीले फोन गर्दा कहिले जाडो छ, कहिले गर्मी छ, कहिले पानी परिरहेको छ भन्छन्। केन्द्रबाट कुनै सहयोग नआउने हुनाले हामीलाई काम गर्न गाह्रो परिरहेको छ।"[१८६] तर दुवै समूहको वीरगन्ज र नेपालगन्जमा भने सानै भए पनि निकै बलियो सञ्जाल रहेका छन्। स्थानीय सञ्जालहरूबीच आपस्तमा राम्रो साठगाँठ छ। नेपालगञ्जमा हिन्दू युवा सङ्घ र शिवसेना मिलेर काम गर्छन् र त्यसैगरी हिन्दू युवा सङ्घका नेताहरू राप्रपा (नेपाल) का विभिन्न पदमा पनि बसेका छन्।[१८७] हिन्दू युवा सङ्घ मे २०१० मा वीरगन्जमा माओवादीले गरेको विरोध प्रदर्शनमा आक्रमण गरेर देशव्यापी चर्चामा आएको थियो। यो सङ्घ वीरगन्जमा महत्त्वाकाङ्क्षी व्यापारीहरूलाई एक जुट तुल्याउने कडी बनेको छ र स्थानीय वरिष्ठ राजनीतिज्ञहरूको धाप पनि यसलाई छ।[१८८]

नेपालमा दक्षिणपन्थी हिन्दूको अवरोध भन्नु नै धर्म निरपेक्षताको अभाव हो। पुरातनवादी हिन्दू मूल्य-मान्यताबाट ओतप्रोत नेपाल जस्तो देशमा "नेपाललाई हिन्दू राष्ट्र बनाऔं" भन्नुको कुनै अर्थ छैन।[१८९] सङ्घीयता अघि बढ्दै जाँदा यसमा परिवर्तन आउन सक्ला र आउँदा दिनहरूमा जनजाति अडानले जोड पकड्दै जाँदा बाहुन र छेत्रीहरूको प्रतिरोध तथा हिन्दूत्वको आन्दोलन पनि बढ्दै जान सक्ला त्यो बेग्लै कुरा हो। जातीय आन्दोलन र माओवादीहरूबीच राजनीतिक विचारधारामा पनि केही समानता रहेको र उनीहरूका शत्रु पनि साझा हुने हुनाले यी दुईबीच फराकिलो गठबन्धन हुन सक्ने सम्भावना पनि छ।

१८५ महेन्द्र लावती, "Contentious Politics in Democratizing Nepal", माथि उल्लेखित, पृ. ३८।

१८६ क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जुलाई २०१०।

१८७ क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, हिन्दू युवा सङ्घ नेपाल शिव सेनाका नेताहरू, नेपालगन्ज, जुलाई २०१०।

१८८ क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वीरगन्ज, अक्टोबर २०१०।

१८९ David Ludden (सं) को पुस्तक *Making India Hindu* (नयाँ दिल्ली, २००५ [1996]) बाट अभिप्रेरित शब्दावली । Gerard Toffin, "The Politics of Hinduism and Secularism in Nepal", माथि उल्लेखित।

## ४. जोखिम र अवसरहरू

संविधानको मस्यौदा र नयाँ राजनीतिक संरचनाको निर्माण भनेको नेपालका लागि दशकौंदेखि गुम्सिएर बसेका दुखेसाहरूलाई हटाउने मौका हो। यसबाट नेपाललाई समतामूलक र स्वच्छ राजनीतिक प्रणालीको निर्माण गर्ने अवसर मिलेको छ। यस प्रक्रियाले अनेकौं विषयहरूलाई सम्बोधन गर्नुपर्नेछ, सङ्घीयता त्यस प्रक्रियाको एउटा भाग मात्र हो। यहाँ अनेक खालका भेदभावहरू छन् जो सङ्घीयता आउँदैमा हटेर जाने छैनन्। त्यसका लागि बेग्लै किसिमका सकारात्मक कारबाहीको खाँचो छ। तर यस्ता कारबाही गर्दा जातीय र प्रान्तीय समूहका स्वार्थमा धक्का पर्न सक्छ। असमानताको सबैभन्दा निकृष्ट स्वरूपमा रहेको जातपातको भेदभाव र लैङ्गिक असमानतालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। अल्पसङ्ख्यकमध्ये पनि ठूला समूहलाई सांस्कृतिक मान्यता दिँदा ससाना समूहहरू टुट्टामा पर्न सक्छन्। सङ्घीयता र समानुपातिक प्रतिनिधित्वको माग गर्दाखेरि राज्यको संरक्षणवादी स्वभावलाई बदल्ने उद्देश्य राखिएको छैन, न त तिनका यो स्वभाव बदलिनेछ।[१९०] त्यो त सेलरोटीको भागबण्डालाई फराकिलो पार्ने उपाय मात्रै हो। तर राजनीतिक हिसाबले सङ्घीयता किन महत्त्वपूर्ण छ भने समावेशीकरणका लागि गरिएको मागलाई यसले वैधानिकता प्रदान गर्दछ र अब हुने परिवर्तनको ढाँचालाई निर्धारित गर्दछ।

### क. साझा धरातल

संविधानसभाका एघारओटा विषयगत समितिहरूद्वारा तयार पारिएका अवधारणापत्रहरूबमोजिम नेपाल एउटा सङ्घीय मुलुक हुनेछ।[१९१] त्यसमा रहेका केही विवादहरू प्रान्तका सङ्ख्या, भौगोलिक सिमाना, नामकरण तथा विभिन्न जातिलाई समावेश गर्ने उपायहरूका बारेमा छन्। तर संस्थागत बन्दोबस्तहरू, शक्तिको बाँडफाँड, भावी व्यवस्थाका संरचना आदिबारे विस्तृत विवरण तिनमा परेका छन्। विशेषज्ञहरू यो बन्दै गरेको मोडेल धेरै कामलाग्दो छ भनी बताउँछन्।[१९२] प्रान्तको हकमा छओटादेखि चौधओटा प्रान्तहरूको परिकल्पना गरिएको छ। केन्द्र र प्रान्तहरूबाहेक गाउँ तथा नगरका स्थानीय सरकारहरूलाई संविधानले तेस्रो तहको प्रशासकीय निकायका रूपमा ग्यारेन्टी गरेको छ।[१९३]

केन्द्रको नियन्त्रण अपेक्षाकृत बलियो रहनेछ, तर अन्तर्राष्ट्रिय प्रचलनभन्दा भिन्न किसिमको होइन। प्रहरी, ब्याङ्क तथा बिमाको नियमन र भूमि व्यवस्थापन जस्ता महत्त्वका विषयलाई हेर्ने अर्ध-राष्ट्रिय एकाइहरू खडा गरिनेछन्। वैदेशिक सहायता, स्वास्थ्य नीति र शिक्षा जस्ता कुरालाई संयुक्त रूपमा व्यवस्थित गरिनेछ। विदेश नीति, रक्षा, मौद्रिक नीति र

१९० हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित।

१९१ अवधारणापत्रहरूमा प्रारम्भिक मस्यौदाको भाषा समाविष्ट छ, तर तिनका बाध्यकारी सहमतिहरू परेका छैनन्।

१९२ क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संविधानविद्, काठमाडौं, डिसेम्बर २०१०।

१९३ राज्य पुनर्संरचनाबारेको अवधारणापत्रले स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको परिकल्पना गरेको छ। धारा ८(१-३)।

फौजदारी कानुनउपर भने केन्द्रको पूर्ण नियन्त्रण रहनेछ। अन्य अवशिष्ट अधिकारहरू (प्रस्ट उल्लेख नभएका विषयहरूका सम्बन्धमा) पनि केन्द्रकै हातमा रहनेछन्।[१९४] भ्याट, आयकर, अन्तशुल्क र आयात-निर्यात कर जस्ता राजस्व पनि काठमाडौंले नै असुल गर्नेछ। अहिलेको कर असुलीलाई हेर्दा प्रान्तहरूका आफ्नै स्रोतहरू नेपालको कुल राजस्वको बढीमा १० प्रतिशत हुनेछ र गतिलै राशिको हस्तान्तरण आवश्यक पर्नेछ।[१९५] केन्द्रको प्रत्यक्ष सुपरीवेक्षण पनि रहनेछ। माथि नै उल्लेख भइसक्यो, शासन पद्धतिबारेको अवधारणापत्रमा निर्वाचित मुख्य मन्त्रीका साथै केन्द्रको प्रतिनिधिका रूपमा एक जना प्रान्तीय प्रमुख पनि रहने व्यवस्था गरिएको छ।[१९६]

सबै ठूला राजनीतिक पार्टीहरूले सङ्घीय एकाइका सिमाना तोकेर नक्साहरू निकालेका छन्। नेकाबाहेक सबैले जातीय आधारमा त्यस्ता एकाइहरू बनाएका छन्। तर नेकाको पनि नामलाई यताउति पारेको खण्डमा जातीय आधारमा खडा गरिने सङ्घीय एकाइहरूको विरोधमा एउटै आवाज रहेको छैन। नेकाका एक जना वरिष्ठ नेताले भने, "पाँचथर, इलाम, ताप्लेजुङ र तेह्रथुम मिलाएर एउटा राज्य बन्नुपर्छ भन्नेमा हाम्रो सहमति छ। त्यसैगरी लिम्बू, राई र नेपाली भाषा राज्यको भाषा हुनुपर्छ भन्ने पनि हामी सबैले मानेका छौं। अब प्रश्न उठ्छ फरक के त भन्ने। फरक नामको मात्रै हो।" उनले नेकाले भरसक लिम्बूवान नाम नरहोस् भन्ने चाहेको बताए।[१९७]

अवधारणापत्रहरूमा राज्य पुनर्संरचनाका साझा आधारहरूको पनि उल्लेख गरिएको छ। त्यसो गरेर तिनका मुख्य-मुख्य बुँदाहरूले मस्यौदा संविधानमा पनि ठाउँ पाउनेछन् भन्ने अपेक्षा राखिएको देखिन्छ। यी पत्रहरू सम्बन्धित समितिहरूबाट या सर्वसम्मत रूपमा या बहुमतद्वारा पारित भएका हुन्। तर तिनका मजबुनप्रति ठूला पार्टीहरूभित्र कति समर्थन रहेको छ भन्नेचाहिँ अस्पष्ट नै छ। तैपनि लागू गर्न सकिने सङ्घीय पुनर्संरचनाको मोडेल अगाडि आउनु आफैंमा एउटा महत्त्वपूर्ण कदम हो। यति हुनासाथ यसको प्रक्रिया अघि बढ्छ भन्ने कुनै ग्यारेन्टी छैन, तर यतिखेर आएर यसबाट मुन्टो बटार्नेहरूका लागि ठूलो राजनीतिक जोखिम थपिएको छ र तिनले यस विषयमा खुट्टा घिसार्ने मौका पाउने छैनन्।

## ख. भाषा, संस्कृति र मान्यता

समितिका दस्तावेजहरूमा सङ्घीयताको जुन परिकल्पना गरिएको छ त्यसले सबै खाले जातीय अधिकारवादीहरूलाई सन्तुष्ट तुल्याउन सक्ने छैन। पूर्वी पहाड र तराईका आन्दोलनकारीहरूको परिकल्पनामा केन्द्रीय सरकारको हातमा रक्षा, परराष्ट्र मामिला र मुद्रासम्बन्धी अधिकार मात्र रहनेछ, जुन कुरा हुन सम्भव देखिन्न। तर आकार लिँदै गरेको नयाँ मोडेलले आम जनताका आकाङ्क्षालाई सम्बोधन गर्न पनि सक्छ। उदाहरणका लागि, पूर्वी नेपालका पहाडी इलाकाहरूमा लिइएका अन्तर्वार्तामा धेरै उत्तरदाताहरूको मुख्य चासोका विषयमा उनीहरूका संस्कृति, भाषा र नेपाली राज्यमा उनीहरूको हैसियतलाई स्वीकार्ने खालको सङ्घीयता पाइएको थियो।[१९८]

मुख्य मुख्य जातीय समूहहरूको नाममा प्रान्तहरूको नाम राख्ने काम निकै प्रभावकारी उपाय हुन सक्छ। धेरै जातीय अधिकारवादीहरूका लागि जातीयतालाई स्वीकार्ने यस्ता खाले कार्यले उनीहरूका माग पूरा गर्ने दिशामा निकै ठूलो भूमिका खेल्छ। सङ्घीय लिम्बूवान राज्य परिषद् (पालुङ्वा) का एक जना वरिष्ठ नेताका अनुसारः "लिम्बू पहिचान लिम्बूवान नामले गर्दा अहिले नै स्वीकार्य भइसकेको छ र त्यसमाथि लिम्बूवान राज्य र सरकार पनि रहेको छ।"[१९९]

नेपाली राष्ट्रियता यसअघि तीनओटा विचारमा आधारित थियोः राजतन्त्र, हिन्दू धर्म र नेपाली भाषा। राजतन्त्रको उन्मूलन भइसक्यो, धर्म निरपेक्षता पनि लागू भइसक्यो। तसर्थ बाँकी रहन गएको मुख्य मुद्दा भनेको नेपाली भाषाको प्रभुत्व हो।

केही अपवादलाई छाड्ने हो भने भाषाको प्रश्न भनेको सांस्कृतिक मान्यतासित जोडिएको कुरा हो। भाषाका कारण बहिष्करणमा पर्ने समूहहरू सीमित छन्, जस्तै मधेसी महिलाहरू यस कोटिमा पर्छन्। तर बहिष्करणका अरू स्वरूपहरूको तुलनामा यसको असर त्यति गहिरो छैन।[२००] नेपाली र त्यसका साथसाथै अङ्ग्रेजी भाषाको समेत शैक्षिक र व्यावसायिक महत्त्व भएका कारण धेरैले व्यावहारिक निर्णय लिने गर्छन्।[२०१] मातृभाषालाई स्कुलहरूमा माध्यम भाषाका रूपमा प्रयोग गर्ने कुरा लोकप्रिय माग बन्न सकेको छैन। तर धेरै जना आफू मात्र होइन आफ्ना छोराछोरीहरूले पनि आफ्नै मातृभाषा बोलेको हेर्न चाहन्छन् र आफ्नो भाषाको समुन्नति चाहन्छन्। स्कुलमा मातृभाषा सिक्न पाउने अवसर दिने र त्यस निम्ति आर्थिक सुनिश्चितता प्रदान गर्ने, स्थानीय भाषालाई पनि कामकाजी भाषाको मान्यता दिने तथा ती भाषाको अध्ययनमा राज्यले सहयोग गर्ने र नेपालीबाहेक अन्य भाषाको साहित्यको पनि प्रवर्द्धन गर्नाले भाषासम्बन्धी बहिष्करणलाई हटाउन मद्दत पुग्नेछ।

---

[१९४] राज्य पुनर्संरचना अवधारणापत्र।

[१९५] Marcus Brand, "Nepal: Constitution Building, Federalism and Peace – Managing the Transition to Federalism and Implementation of the New Constitution", संयुक्त राष्ट्र विकास कार्यक्रम छलफल पत्र, सेप्टेम्बर २०१०, पृ. २१।

[१९६] शासकीय स्वरूपबारेको अवधारणापत्र, पृ. २२-२६। हेर्नुहोस् भाग ३ क।

[१९७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका केन्द्रीय समित सदस्य, २४ अक्टोबर २०१०।

[१९८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सेप्टेम्बर-नोभेम्बर २०१०।

[१९९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सञ्जुहाङ पालुङ्वा, अध्यक्ष, सङ्घीय लिम्बूवान राज्य परिषद् (पी), बिर्तामोड, सेप्टेम्बर २०१०।

[२००] David Gellner, "Modernism vs Ambivalence? Some Comments on the Question of Linguistic Policies in Nepal", in *Studies in Nepali History and Society*, vol. 9, no. 2 (डिसेम्बर २००४)

[२०१] आन्दोलनकारी समूहहरूभित्र पनि युवा कार्यकर्ताहरू मातृभाषाको विकासका व्यावहारिक फाइदाहरू देख्दैनन्। उदाहरणका लागि, हेर्नुहोस् उमानाथ बराल, "Ethnic Activism in Nepal: An Account of the Magar Organizations in Kaski District", in *Contributions to Nepalese Studies*, vol. 35, no. 2 (जुलाई २००८)।

संस्कृतिबारेको अवधारणापत्रले यसका लागि राम्रो ठाउँ दिएको छ। यसमा राज्यले भाषाहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन गर्नुपर्छ भनिएको छ र त्यसका साथै "मुलुकको विद्यमान भाषिक र सांस्कृतिक विविधताको सम्मान तथा ... भाषाहरूलाई समान मान्यता दिनु" राज्यको जिम्मेवारी हो भनेर तोकिएको छ।[२०२] यसमा "आधारभूत शिक्षा" मातृभाषामा दिनुपर्ने ग्यारेन्टी गरिएको छ, यद्यपि त्यसलाई परिभाषित भने गरिएको छैन (अहिले मातृभाषामा शिक्षा दिन पाइन्छ, तर प्राथमिक विद्यालयमा मातृभाषामा शिक्षा पाइने ग्यारेन्टी भने गरिएको छैन)। हाललाई केन्द्रीय सरकारका लागि नेपाली नै एक मात्र कामकाजी भाषा हुनेछ, तर अरू भाषा पनि पछि थपिन सक्नेछन्। प्रान्तहरूले नेपालीबाहेक अन्य भाषालाई आधिकारिक भाषा बनाउन सक्नेछन्।[२०३]

## ग. स्रोतसाधनहरू र आरक्षण

यस विषयउपरका अवधारणापत्रहरूले राज्यका सबै शाखा प्रशाखाहरूमा जातीय, प्रादेशिक र जात समूहहरूको समानुपातिक प्रतिनिधित्वलाई ग्यारेन्टी प्रदान गरेका छन्।[२०४] कतिपय अवस्थामा परिभाषाको अभाव देखिन्छ र भए पनि ती प्रस्ट छैनन् र सङ्ख्या पनि किटान गरिएको छैन। तर पनि समानुपातिक प्रतिनिधित्वको कोटालाई मूल सिद्धान्तका रूपमा दह्रोसित स्थापित गरिएको छ र प्रायः सबै संस्थाहरूका हकमा कोटाको उल्लेख गरिएको छ।[२०५] यस नीतिउपर उत्ति साह्रो विरोध आएको छैन र सबै राजनीतिक पार्टीहरूले यसलाई सकारेका छन्।

संविधानसभाका अवधारणापत्रहरू सरकारी पद तथा प्राकृतिक स्रोतसाधनहरूमा कुनै जातीय र प्रादेशिक समूहहरूको अग्राधिकार रहन्छ वा रहँदैन भन्नेबारे अस्पष्ट छन्।[२०६] राज्यको पुनर्संरचनाबारेको अवधारणापत्रमा एकदमै प्रस्टसित उल्लेख भएको कुराचाहिँ प्रान्तीय सरकारको नेतृत्वदायी पदमा सबभन्दा बढी जनसङ्ख्या भएको जातीय समूहको सदस्य दुई कार्यावधिका लागि छानिनुपर्छ भन्ने हो।[२०७] अरू अवधारणापत्रमा सकारात्मक विभेदका विषयलाई पछि बन्ने कानुनले तोक्ने गरी छाडिएको छ। मौलिक अधिकारबारेको अवधारणापत्रमा राज्यका अङ्गहरूमा समानुपातिक प्रतिनिधित्वबाहेक दलितहरूका लागि[२०८] "क्षतिपूर्ति" को पनि परिकल्पना गरिएको छ र उनीहरूका लागि स्वास्थ्य, शिक्षा तथा सामाजिक सुरक्षाको हकमा "विशेष सुविधा"[२०९] रहने कुरा पनि उल्लेख गरिएको छ। तर तिनका परिसीमा के हो र ककसमा ती प्रावधान लागू हुनेछन् भन्नेचाहिँ प्रस्ट पारिएको छैन।[२१०] उदाहरणका लागि, प्राकृतिक स्रोतहरूबारेको अवधारणापत्रको मस्यौदामा परेको भाषाले प्राकृतिक स्रोतहरूउपरको पहुँचमा आदिवासी जनजाति समुदायहरूको अग्राधिकार हुने वा जुनसुकै जातिका भए पनि समग्रमा स्थानीय समुदायहरूको अग्राधिकार हुने दुवै कुरा बुझाउँछ।[२११] मौलिक अधिकारबारेको अवधारणापत्रले "विशेष सुविधा" पाउने धेरै समूहहरूको उल्लेख त गरेको छ तर ती "विशेष सुविधाहरू" के हुन् तिनलाई प्रस्ट्याउन भने चुकेको छ।[२१२]

प्राकृतिक स्रोतसाधनप्रतिको पहुँचलाई समुदायको सदस्यतासित जोड्ने काम जोखिमपूर्ण छ। सामूहिक अधिकारका लागि समूहको प्रस्ट किटानी र सुस्पष्ट सदस्यताको खाँचो पर्दछ। कुनै समूहको सदस्य रहेको व्यक्तिले मात्र त्यस समूहले पाएको सामूहिक अधिकारको उपभोग गर्न सक्छ। परिणामतः जातीय पहिचानमा मिस्कट हुनु हुँदैन र जातीय पहिचानको साँध-सिमाना पनि अपरिवर्तनीय हुन्छ। दार्जीलिङको उदाहरण यहाँ निकै सान्दर्भिक हुनेछ। त्यहाँ प्रत्येक समूह आफूलाई छुट्टै समूहका रूपमा

---

२०२ संस्कृति अवधारणापत्र, धारा ८(१)।

२०३ संस्कृति अवधारणापत्र, धारा १४-१७।

२०४ समानुपातिक प्रतिनिधित्व भन्नाले यहाँ समग्र जनसङ्ख्यामा जातिय हिस्साको जति अनुपात छ त्यही अनुपातमा राज्यका विभिन्न शाखाहरूमा दिइनुपर्ने अवसरलाई जनाउँछ। समानुपातिक प्रणालीद्वारा गरिने निर्वाचन यसभन्दा बेग्लै कुरा हो।

२०५ न्यायाधीशहरूको नियुक्तिका सम्बन्धमा अपनाइनुपर्ने समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको नीति सम्बन्धमा हेर्नुहोस् न्याय प्रणालीबारेको अवधारणापत्र, धारा २९(३)। सङ्घीय र प्रान्तीय विधायिकामा हुनुपर्ने समानुपातिक व्यवस्थाका लागि हेर्नुहोस् विधायिकासम्बन्धी अवधारणापत्र। केन्द्रीय र प्रान्तीय मन्त्रिपरिषद्मा हुनुपर्ने समानुपातिक समावेशीकरणका लागि हेर्नुहोस् शासनकीय स्वरूपसम्बन्धी अवधारणापत्र।

२०६ जमिनबाहेक अन्य दुईओटा महत्त्वपूर्ण प्राकृतिक स्रोतहरू वनजङ्गल र पानी हुन्। वनजङ्गलको विशेष व्यापारिक महत्त्व छ। यसले ग्रामीण जीवन यापनमा महत्त्वपूर्ण भूमिका खेल्दछ। गाउँघरमा इन्धन र ऊर्जाको आपूर्ति वनजङ्गलबाटै हुने गर्छ। सम्भावनाको हिसाबले जलविद्युत् क्षेत्र पनि अति आकर्षक छ। यसको जति सम्भावना छ त्यसको एउटा सानो भाग मात्र अहिले उपयोग भइरहेको छ। केही खनिज स्रोतहरू छन् तर तिनको परिमाण र गुण दुवै निम्न स्तरका छन्।

२०७ "जातीय र सामुदायिक आधारमा राज्यहरूको निर्माण भएको खण्डमा निर्वाचन हुँदाको अवस्थामा र राज्य सरकार गठन गर्ने बेलामा राजनीतिक दलहरूले सम्बन्धित राज्यमा बहुसङ्ख्यामा रहेका जातीय समुदायका सदस्यहरूलाई मुख्य-मुख्य पदहरूमा छान्न प्राथमिकता दिनुपर्दछ। तर राजनीतिक प्राथमिकता पाउने यस्ता अधिकारहरू दुई कार्यकालपछि स्वतः निष्क्रिय हुनेछन्।" राज्य पुनर्संरचना अवधारणापत्र, धारा १३(१)।

२०८ समावेशी र समानुपातिक आधारमा दलित समुदायको राज्य संयन्त्रका सबै अङ्ग, निकाय र क्षेत्रहरूमा सहभागी हुन पाउने अधिकार हुनेछ र उनीहरूलाई क्षतिपूर्ति पनि दिइनेछ। त्यस्तो क्षतिपूर्तिको व्यवस्था कानुनमा उल्लेख भएबमोजिम हुनेछ। मौलिक अधिकारसम्बन्धी अवधारणापत्र, धारा २५(२)।

२०९ मौलिक अधिकारसम्बन्धी अवधारणापत्र, धारा २५(३)।

२१० उदाहरणका लागि, राज्य पुनर्संरचनासम्बन्धी अवधारणापत्रमा भनिएको छः "विभिन्न जातीय समुदाय, आदिवासी-जनजाति, मधेसीहरूको राजनीति, धर्म, संस्कृति, भाषा, शिक्षा, सञ्चार, सूचना, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक गतिविधि, वाणिज्य, भूमि, साधनस्रोत र वातावरणको परिचालन सम्बन्धमा आन्तरिक र स्थानीय रूपमा आत्मनिर्णयको अधिकार हुनेछ। त्यस्ता अधिकारहरू कानुन बनाएर निश्चित गरिनेछन्।" धारा १२(१)।

२११ प्राकृतिक स्रोतहरूसम्बन्धी अवधारणापत्रको प्रस्तावनामा प्राकृतिक स्रोतहरूको उपयोगमा आदिवासी, जनजाति र अन्य समुदायको अग्राधिकार हुने कुरा उल्लेख गरिएको छ। तर त्यसपछिका धाराहरूमा भने "स्थानीय समुदाय" भन्ने बोली परेको छ।

२१२ मौलिक अधिकारसम्बन्धी अवधारणापत्र, धारा २७।

चिनाउन उछिनपाछिन गरिरहेका छन्।[२१३] सामूहिक पहिचानका आधारमा स्रोतहरूको वितरण जतिजति बढ्दै जान्छ उतिउति जातीय भिन्नतामा राजनीतिकरण हुँदै जान्छ।[२१४]

त्यसो हुँदाहुँदै पनि नेपाल जस्तो समूहमा आधारित भेदभावको विविध प्रचलन व्याप्त भएको मुलुकमा सामूहिक अधिकार नै त्यस समस्यासित लड्ने एक मात्र उपाय हुन सक्ला। गाँठी कुराचाहिँ कुन कुन र कति कति स्रोत त्यस किसिमको अधिकारअन्तर्गत वितरण गर्ने भन्ने हो।

सरकारी र प्रशासनिक पदमा समानुपातिक प्रतिनिधित्वका लागि कोटा प्रणाली लागू गर्ने कुराले सिद्धान्ततः त्यति समस्या नल्याउला। किनभने असमान प्रतिनिधित्व टड्कारो देखिन्छ र त्यसलाई न्यायोचित ठहऱ्याउनु गाह्रो छ। तर समानुपातिक प्रतिनिधित्वमा आधारित प्रणाली कत्तिको समावेशी हुन्छ भन्ने कुरा फेरि कोटाका लागि तोकिने वर्गीकरणमा भर पर्छ। सन् २००८ मा सम्पन्न संविधानसभाको निर्वाचनमा समानुपातिक प्रतिनिधित्व होस् भन्ने हेतुले गरिएको वर्गीकरण मोटामोटी तवरको थियो।[२१५] त्यसको परिणामस्वरूप प्रभुत्वशाली केही समुदायहरूले बढी नै फाइदा पाए र संविधानसभामा उनीहरूको प्रतिनिधित्व पनि अधिक हुन गएको छ। उता मधेसी र जनजाति समुदायभित्रका सीमान्तीकृत समूहहरूको प्रतिनिधित्व भने लगभग शून्य छ।[२१६]

भविष्यमा हुने केन्द्रीय विधायिकाको निर्वाचनका लागि हाल अघि सारिएका प्रस्तावहरूबाट त झनै असमावेशी नतिजा आउने देखिन्छ। माओवादीहरूले एकात्मक केन्द्रीय संसदका लागि प्रत्येक निर्वाचन क्षेत्रबाट (प्रान्तसित मेल खानेगरी) समानुपातिक प्रतिनिधित्वको प्रस्ताव गरेका छन्। त्यसबाट ठूला र भौगोलिक रूपमा केन्द्रित समूहहरूले बढी लाभ पाउनेछन्। नेका र एमालेको संयुक्त प्रस्तुतिमा १५१ सदस्य रहने प्रतिनिधिसभामा ७५ सदस्य मात्र समानुपातिक प्रतिनिधित्वद्वारा छानिने प्रस्ताव गरिएको छ। त्यस निम्ति गरिने वर्गीकरण र पछिल्लो संविधानसभामा गरिएको वर्गीकरण उस्तै छन् (महिला, आदिवासी जनजाति, दलित, मधेसी र अन्य समुदायहरू)। बढ्ता भोट पाउनेले जित्ने प्रणालीअन्तर्गत चुनिने बाँकी ७६ सदस्यका लागि भने मनोनयनमा अवलम्बन गरिने समावेशी उम्मेदवारीको प्रावधान मात्र लागू हुनेछ।[२१७]

समानुपातिक प्रतिनिधित्वभन्दा पर्तिर गएर दिइने विशेष सुविधा खतरनाक हुनेछ। केही गरी दलित जस्ता अतिशय सीमान्तीकृत समुदायका अपेक्षाकृत साना समूहहरूभन्दा बाहिर गई यसलाई लागू गरिएको खण्डमा भने त्यो अन्यायपूर्ण देखिनेछ। सङ्घीय लिम्बूवान राज्य परिषद् (पालुङ्वा) द्वारा प्रस्तावित लिम्बूवानको तल्लो सदनमा लिम्बूहरूका लागि ५० प्रतिशत कोटा र माथ्लो सदनमा पूरै जसो लिम्बूहरू रहने व्यवस्थाको प्रस्ताव त्यसको चरम उदाहरण हो। प्राकृतिक स्रोतहरूउपरको पहुँचमा अग्राधिकार दिने कुरा पनि यस्तै हो। त्यो अर्को कारणले खतरनाक हुन्छ। प्राकृतिक स्रोतहरूको बाँडफाँड स्थानीय कलह र झडपको साझा कारण हुने गर्छ। स्थानीय स्रोतको बाँडफाँडमा बरोबर भइरहने तानातानीको जातीयकरण साम्प्रदायिक द्वन्द्व निम्त्याउने छोटो र छिटो बाटो बन्न सक्छ।

कोटा र सामूहिक अधिकार लागू गर्ने प्रक्रियाको थालनी हुन लागेपछि जातीय पहिचान कायम गराउने प्रयासको गति र जोड दुवै बढ्नेछ। साङ्केतिक नै भए पनि नयाँ नीति निर्माण र स्रोतहरूउपरको सामूहिक अधिकार भेदभावको समस्यालाई सम्बोधन गर्ने गतिला उपायहरू हुन्, तर नेपाललाई समानतामूलक समाज बनाउनमा निश्चित सीमासम्म मात्र ती उपयोगी हुन सक्छन्।

## घ. व्यक्तिगत स्वतन्त्रताः बिर्सिएको विवाद

सन् १९९० को संविधानमा व्यक्तिगत स्वतन्त्रताबारे निकै प्रभावशाली बुँदाहरू उल्लेख गरिएका छन् जसमा जात, जाति र लिङ्गका आधारमा गरिने भेदभावमाथि बन्देज लगाइने कुरा परेका छन्। तर राज्यमाथि बाहुन र छेत्री उच्च वर्गको हालिमुहाली बढ्यो तथा अनौपचारिक रूपमा गरिने भेदभावमा वृद्धि भयो र त्यसमा औपचारिक प्रोत्साहन पनि थियो। यस्तो किन हुन गयो भन्नेबारे दुईओटा सिद्धान्त अघि सारिएका छन्।[२१८]

पहिलो बुँदालाई जातीय अधिकारवादीहरूले बरोबर उठाउने गरेका छन्। उनीहरूको भनाइमा नेपाल जस्तो अत्यन्त असमान समाजमा उदारवादी व्यक्तिगत अधिकार मात्रै दिनाले त्यो प्रभावकारी हुन सक्तैन। व्यक्तिगत अधिकारलाई व्यवहारमा लागू गर्न नमान्ने एउटा अनुदारवादी र कुटिल राज्य संयन्त्रलाई सामुदायिक हक-अधिकारका आधारमा मात्र सीमान्तीकृत समूहका गुनासा सुन्न बाध्य पार्न सकिन्छ तथा विभिन्न

[२१३] संस्कृतिको निश्चित र अपरिवर्तनीय परिभाषाबारे नेपाल र भारतका जातीय आन्दोलनकारीहरूमा रहेको द्विविधाबारे हेर्नुहोस् टाउनसेन्ड मिडल्टन र सारा स्नाइडरम्यान। कानुनी रूपमा गरिएको पहिचानको बर्गीकरण र उनीहरूका सांस्कृतिक अभ्यासहरू प्रायः मेल खाँदैनन्। त्यसले गर्दा कानुनी प्रावधानसित मिल्दोजुल्दो बनाउन जातीय आन्दोलनकारीहरूले आफ्ना सांस्कृतिक अभ्यासहरूलाई एकनासे बनाउने प्रयत्न गरिरहेका छन्। "Reservations, Federalism and the Politics of Recognition in Nepal", माथि उल्लेखित, पृ. ४२।

[२१४] हेर्नुहोस् Neera Chandhoke, "The Political Consequences of Ethnic Mapping", Crisis States discussion paper no. १४, डिसेम्बर २००५।

[२१५] हेर्नुहोस् पादटिप्पणी ६२।

[२१६] हेर्नुहोस् Kåre Vollan, "Group representation and the system of representation in the Constituent Assembly and future parliaments of Nepal", जनवरी २०११। www.follesdal.net/projects/ratify/nepal/Vollan-2011-The-development-of-an-electoral-system.pdf मा उपलब्ध छ।

[२१७] ऐ.ऐ.।

[२१८] यसबारे विहङ्गावलोकनका लागि हेर्नुहोस् David Gellner, "From Group Rights to Individual Rights and Back: Nepalese Struggles over Culture and Equality", in Jane K. Cowan, Marie-Bénédicte Dembour and Richard A. Wilson (eds.), *Culture and Rights: Anthropological Perspectives* (क्याम्ब्रिज, २००१)।

प्रकारका असमावेशी व्यवहारलाई स्वीकार्न लगाएर अग्राधिकार उपलब्ध हुन सक्छ।[२१९]

दोस्रो तर्क पनि पहिलो तर्कमै आधारित रहेको छ, तर त्यसको निष्कर्ष भने बेग्लै किसिमको छ। यसले राज्य अनुदारवादी भएका कारण सन् १९९० को संविधानले प्रदान गरेको व्यक्तिगत हक-अधिकार पनि अप्रभावकारी रहेको स्वीकार गर्दछ। यसो गर्न किन सम्भव भयो भने त्यस संविधानले नेपाललाई हिन्दू राजतन्त्रात्मक अधिराज्यका रूपमा परिभाषित गरेको थियो, नेपाली भाषालाई विशेष स्थान दिएको थियो र परम्पराको अस्पष्ट आडमा कानुनी रूपमा गरिने बहिष्करणलाई स्वीकारिएको थियो। यसको अर्थ के हो भने राष्ट्रको सामाजिक रूपमा अनुदारवादी परिभाषालाई संविधानमा सर्वोपरि स्थान दिइएको हुँदा सामाजिक तथा सांस्कृतिक परिवर्तन नरुचाउने न्यायपालिकाले पनि राम्रो बहाना पायो र व्यक्तिगत हक-अधिकार प्रभावकारी हुन सकेन।[२२०]

कानुनी र नैतिक जिम्मेवारीबाहेक व्यक्तिगत अधिकारलाई सशक्तिकरणको साधनका रूपमा स्वीकार गर्नुका पछाडि अरू व्यावहारिक कारण पनि छन्। समानुपातिक आधारमा जातीय प्रतिनिधित्व गराउने नीतिहरू आउने सम्भावना प्रबल छ। त्यस्तो प्रावधान आएको अवस्थामा राजनीति, प्रशासन र न्यायपालिका आदि क्षेत्र समावेशी हुनु अनिवार्य छ। त्यसमाथि विविधतालाई अँगाल्ने संवैधानिक राष्ट्रियता आएमा त्यसबाट यस्तो परिस्थिति पैदा हुनेछ जसले व्यक्तिगत हक-अधिकारलाई अझ प्रभावकारी तुल्याउनेछ। समूहमा आधारित केही प्रावधानहरूको निर्माण पनि अनिवार्य हुनेछ, तर तिनलाई सकेसम्म कम र चाहिनेभन्दा बढी प्रयोग नगर्नेतर्फ सचेत रहनु जरुरी छ। त्यस्ता प्रावधानहरूको जथाभाबी प्रयोगबाट आउन सक्ने खतराबारे माथि नै उल्लेख भइसकेको छ। राज्यको केन्द्रीय शक्तिबाटै ग्यारेन्टी गरिएको व्यक्तिगत हक-अधिकारको सशक्त प्रावधानले "जातीय" प्रान्तहरूमा आफूमाथि थिचोमिचो होला भनेर डराउनेहरूलाई पनि आश्वस्त पार्ने काम गर्दछ।

## ङ. झिल्का उठने ठाउँहरू

सङ्घीयताप्रतिको आम जनआकाङ्क्षा पूरा हुन नसक्दा त्यसबाट एकदमै ठूलो खतरा आउन सक्दछ। सङ्घीयताउपरको वचनबद्धताबाट पूरै मुन्टो बटार्न सकिने अवस्था छैन। परिवर्तन नचाहनेहरू महत्त्वपूर्ण निर्णय लिनलाई विलम्ब गराउन वा समग्र संविधानसभाको प्रक्रियालाई नै अवरुद्ध गराउन लालायित हुन सक्छन्। तर त्यसो गर्नु खतरनाक साबित हुन सक्छ। जातीय र क्षेत्रीय हक-अधिकारका लागि लड्नेहरू यसै पनि सशङ्कित छन्। त्यसैले यस विषयमा अझ बढी आलटाल गर्ने कामलाई उनीहरूले पहिलेको वचनबद्धताबाट विमुख हुने बहानाका रूपमा हेर्नेछन् र देशव्यापी विरोधको लहर उत्पन्न हुन सक्नेछ। सङ्घीयताप्रति पूर्वी पहाडका उच्च वर्गलगायत जनस्तरमा विद्यमान व्यापक समर्थनलाई हेर्दा त्यहाँबाट उठ्ने आन्दोलन बढेर यस्तो अवस्थामा पुग्नेछ जुन बेला ठूला पार्टीका नेताहरूसमेत त्यसमा सामेल हुन पुग्नेछन्। राज्यले त्यसलाई बलजफ्ती दबाउने नीति लिएमा त्यो झनै भड्कनेछ र पहिल्यैदेखि बलियो रहँदै आएको राजनीतिक सञ्जालले त्यसलाई हिंसात्मक विद्रोहतिर लैजानेछ।

अनुदारवादीहरूबाट आउन सक्ने प्रतिप्रहारको सम्भावना पनि उत्तिकै बलियो छ। तत्काललाई त्यस्तो प्रतिप्रहार त्यति कडा नहोला, किनभने अहिले उनीहरूको आन्दोलन विशृङ्खलित छ र कुनै त्यस्तो परिवर्तन नआएसम्म त्यसमा दम नआउला। तर सङ्घीयता र आरक्षणको कार्यान्वयन ठीकसँग नभएको अवस्थामा भने यस आन्दोलनले बल पाउन सक्नेछ। जसले केही गुमाउन लागेको छ उसले बढी लिन खोज्नु त स्वाभाविक हो। प्रशासनिक र सरकारी निकायहरूमा समानुपातिक वितरण प्रणाली लागू गर्ने नीतिले सुरु-सुरुमा केही विरोध निम्त्याउन सक्ने भए तापनि आखिरमा त्यस्तो विरोधको कुनै दम रहने छैन। तर प्राकृतिक स्रोत र संसाधनउपरको पहुँच तथा नेतृत्वदायी पदमा अग्राधिकार दिइने कुरा भने धेरैलाई पचाउन गाह्रो पर्न सक्छ। यस्तो व्यवस्था उनीहरूको दृष्टिमा अन्यायपूर्ण हुन सक्छ र अनुदारवादीहरूको पल्हाउँदै गएको सञ्जाल तथा माथ्ला जातका मानिसहरूलाई त्यसले गोलबन्द पार्न सक्छ।

प्रान्तीय सिमानाउपर हुन सक्ने खिचलो भविष्यमा आउन सक्ने तनावको अर्को सम्भावित स्रोत हुन सक्छ। विभिन्न जातीय तथा क्षेत्रीय समूहहरूले दाबी गरेका भौगोलिक सिमाना परस्पर विरोधी देखिन्छन्। उदाहरणका लागि पहाडी इलाकामा आधारित सबै प्रान्तहरू तराईसम्मको पहुँच चाहन्छन्। यो प्रस्ताव मधेसी पार्टीहरूको एक मधेस एक प्रदेशको माग या त्यो नभएको खण्डमा तराईका सबै प्रान्तहरू पूर्वदेखि पश्चिमसम्म फैलिएको हुनुपर्छ भन्ने मागसित सोझै जुध्न जान्छ। यसरी एकअर्काका मागबाट उत्पन्न हुन सक्ने तनावलाई छलफलद्वारा समाधान गर्न नसकिने होइन। तर यो प्रान्तीय राजनीति कति समावेशी हुन सक्छ त्यसमा भर पर्ने कुरा हो।

---

[२१९] यश घईद्वारा त्रिभुवन विश्वविध्यालयमा २२-२४ अगस्ट २००७ मा आयोजित "Constitutionalism and Diversity in Nepal" विषयक गोष्ठीमा प्रस्तुत "Ethnicity, Identity, Participation and Social Justice: A New Constitution for Nepal?", शीर्षक कार्यपत्र, पृ. ८।

[२२०] संविधानविज्ञ मारा मालागोडीले व्यक्तिगत अधिकारहरूको सुरक्षा गरेर मात्र विभिन्न समूहका सिकायतलाई हटाउन नसकिएको र संविधानमा लेखिएका कुराभन्दा बाहिरका कारणबाट यसो हुन गएको तथा सामूहिक अधिकारहरू राख्न सकिएको भए त्यसबाट सीमान्तीकृत समूहहरू बढी राम्रो हुने थियो भन्ने यश घईको निष्कर्षप्रति विमति जनाएकी छन्। सर्वोच्च अदालतका फैसलाहरूमा परेका संवैधानिक विषयहरूको परीक्षण गर्दै उनले सन् १९९० को संविधानद्वारा प्रदान गरिएका व्यक्तिगत अधिकारहरू अप्रभावकारी हुनाको कारण न्यायपालिकाले संवैधानिक राष्ट्रवादको मोडेललाई अनुसरण गरेकाले हो भनेकी छन्। Mara Malagodi, *Constitutional Nationalism and Legal Exclusion in Nepal (1990-2007)*, माथि उल्लेखित।

## ५. निष्कर्ष

सङ्घीयता र समानुपातिक प्रतिनिधित्वले जात, जातीयता र प्रान्तीयतामा आधारित विभेदका आयामहरूलाई उदाङ्गो पारिदिने एउटा मौका उपलब्ध गराउनेछ। तर यसो भन्दैमा यो नै समावेशीकरणको अन्तिम मुकाम हुने छैन र यसले संरक्षणवादमा आधारित राज्यको प्रकृतिलाई पनि बदल्ने छैन। यसबाट फाइदा उठाउनेमा सबभन्दा अघि जातीय समूहका उच्च वर्ग हुनेछन्। यसको अर्थ जातीय समूहले आफ्नो अधिकार पाउनु हुँदैन भन्ने तर्क गर्न खोजिएको चाहिँ होइन। जातीय, प्रान्तीय र दलित समूहका नयाँ उच्च वर्ग पहिलेबाटै स्थापित उच्च वर्गभन्दा कुनै पनि हिसाबले कम वैधानिक हुने छैनन्। असमावेशीकरणका विविध स्वरूपहरूलाई कुनै एउटा उपायले मात्र सम्बोधन गर्न सकिँदैन।

जातीय पहिचान अझै दह्रो हुने र यसको राजनीतिकरण पनि त्यति नै बलियो हुँदै जाने कुरा लगभग निश्चित छ। यद्यपि त्यसको अतिशय खतरनाक स्वरूपलाई भने पन्छाउन नसकिने होइन। प्रतीकात्मक नै भए पनि जातीय र सांस्कृतिक विविधतालाई स्वीकार गर्नाले आम जनताको मागलाई त्यसले धेरै हदसम्म मत्थर पार्न सघाउनेछ। भाषिक अधिकार र समानुपातिक प्रतिनिधित्वको व्यवस्थाबाट अहिलेको असमान स्थितिलाई निकै समान बनाउन सकिनेछ। तर प्राथमिकताका आधारमा प्राकृतिक संसाधनउपरको अधिकार वा राजनीतिक नेतृत्वको हक जनसङ्ख्याको सानो भाग ओगट्ने समूहहरूभन्दा बढीलाई दिइनाले त्यसबाट अरू धेरै रुष्ट हुन सक्नेछन्।

यस्तो व्यवस्थाबाट नोक्सानमा पर्न जाने समूहबाट आउने प्रतिक्रियालाई रोक्न सकिने छैन। रूपान्तरणका साथ आउने चाप र दबाबको सुरुआत भर्खर हुन थालेको छ। अहिलेसम्म भएका परिवर्तनहरू बोक्रे खालका छन्। तर जब तात्त्विक परिवर्तनहरू हुन थाल्नेछन् र त्यस निम्ति निर्णायक कदमहरू चालिनेछन् तिनका कारणबाट तात्कालिक रूपमा टुट्टामा पर्ने समूहहरूबाट विरोध आउनु अनिवार्य हुनेछ। त्यस्तो प्रतिक्रिया सम्भवतः जातिवादी सङ्गठनहरू र कट्टर राजावादी तथा दक्षिणपन्थी हिन्दूहरूबाट आउन सक्नेछ जसको सञ्जालको निर्माण हाल भइरहेको छ।

सङ्घीय संरचनाको निर्माण र समूहगत अधिकारको स्थापनाका केही जोखिम हुँदाहुँदै पनि त्यसलाई बेवास्ता गर्नुको मतलब झनै खतरा निम्त्याउनु हुनेछ। संविधानसभा जातीय तथा प्रान्तीय हकका हिमायतीहरूका मूल मागहरूलाई सम्बोधन नगरिएमा त्यसको गुञ्जनबाट पूर्वी पहाड र मध्य तथा पूर्वी तराईका जिल्लाहरू थर्किने छन्। दुवै क्षेत्रमा यी मुद्दाहरूको व्यापक राजनीतिकरण र हतास बन्दै गएका आन्दोलनकारीहरूका बनिबनाउ सञ्जालको मितेरीका कारण गम्भीर अशान्तिको सृजना हुन सक्नेछ।

**काठमाडौं/ब्रसेल्स, १३ जनवरी २०११**

# अनुसूची क

# नेपालको नक्सा



Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख
# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १३० कर्मचारीहरू कार्यरत छन्। यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र चर्किएको द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। द्वन्द्व सुरु हुन सक्ने, बढ्न सक्ने र दोहोरिन सक्ने देशहरू अथवा छेउछाउका देशहरूमा क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकका टोलीहरू काम गर्दछन्। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ। क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ। यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ र त्यसका साथै क्राइसिस ग्रुपको वेबसाइट www.crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। त्यसबाहेक क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

राजनीतिक, कूटनीतिक र व्यापारिक क्षेत्र तथा सञ्चार जगत्का प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीति-निर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको सहअध्यक्षमा युरोपेली सङ्घका परराष्ट्र मामिलाका पूर्व आयुक्त क्रिष्टोफर प्याटन र पूर्व अमेरिकी राजदूत टमस पिकरिङ हुनुहुन्छ। सन् २००९ को जुलाईदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा लुइस आर्बर रहनुभएको छ। उहाँ राष्ट्रसङ्घीय मानवअधिकारका पूर्व उच्च आयुक्त हुनुहुन्छ र उहाँले पहिलेको युगोस्लोभिया र रुवान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी विशेष अदालतको प्रमुख अभियोक्ता भएर काम गरिसक्नुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्राष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। आफ्ना पैरवीसम्बन्धी कामहरूलाई अघि बढाउन यसका कार्यालयहरू वासिङ्टन डीसी (जहाँ यो संस्था दर्ता भएको छ), न्युयोर्क र लन्डनमा रहेका छन्। यसका सम्पर्क कार्यालय मस्को र बेइजिङमा स्थापित गरिएका छन्। हाल सञ्चालनमा रहेका यस संस्थाका नौओटा क्षेत्रीय कार्यालयहरू विस्केक, बोगोटा, डाकार, इस्लामावाद, स्तानबुल, जर्काता, नैरोबी, प्रिस्टिना र तिब्लिसीमा छन् र स्थलगत अनुसन्धानका लागि १४ अतिरिक्त स्थानमा कार्यालयहरू (बाकु, ब्याङ्कक, बेरुत, बुजुमबुरा दमास्कस, डिली, जेरुसेलम, काबुल, काठमाडौं, किन्सासा, पोर्ट-औ-प्रिन्स, प्रिटोरिया, साराएभो र सिओल) मा छन्। क्राइसिस ग्रुपले द्वन्द्वका सम्भावना भएका र द्वन्द्वग्रस्त रहेका चारओटा महादेशका ६० भन्दा बढी क्षेत्रहरूउपर ध्यान दिने गरेको छ। यीमध्ये अफ्रिकामा बुरुन्डी, क्यामरुन, मध्य अफ्रिकी गणतन्त्र, चाद, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, गिनी-बिसाउ, केन्या, लाइबेरिया, म्याडागास्कर, नाइजेरिया, रुवान्डा, सियरा लिओन, सोमालिया, सुडान, युगान्डा र जिम्बाबे तथा एसियामा अफगानिस्तान, बाङ्लादेश, बर्मा/म्यानमार, इन्डोनेसिया, कश्मीर, कजाखस्तान, कीर्गिजिस्थान, नेपाल, उत्तर कोरिया, पाकिस्तान, फिलिपिन्स, श्रीलङ्का, ताइवान, ताजिकिस्तान, थाइल्यान्ड, तिमोर-लेस्ते, तुर्केमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अरमेनिया, अजरवैजान, बोस्निया-हर्जगोभिना, साइप्रस, जर्जिया, कोसोभो, म्यासोडोनिया, रसिया (उत्तर ककेसस), सर्बिया र टर्की तथा मध्यपूर्व र उत्तर अफ्रिकामा अल्जेरिया, इजिप्ट, खाडीका मुलुकहरू, इरान, इराक, इजरायल-प्यालेस्टाइन, लेबानन, मोरक्को, साउदी अरबिया, सिरिया र यमन तथा ल्याटिन अमेरिकामा क्यारेबियन, बोलिभिया, कोलम्बिया, इक्वेडोर, ग्वाटेमाला, हाइटी र भेनेजुयला पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था तथा व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषमा रकम जुटाउँछ। हाल विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराउँछन्ः अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एएआईडी), अस्ट्रेलियाको परराष्ट्र तथा वाणिज्य मन्त्रालय, अस्ट्रियाको विकास संस्था, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानाडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानाडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी, क्यानाडेली अन्तर्राष्ट्रिय विकास तथा अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, डेनमार्कको परराष्ट्र मन्त्रालय, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, फ्रान्सको परराष्ट्र मन्त्रालय, जर्मन विदेश विभाग, आयरल्यान्डको आइरिस सहयोग संस्था, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लिख्टेन्स्टाइनको परराष्ट्र मन्त्रालय, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास नियोग, नर्वेको परराष्ट्र मन्त्रालय, स्लोभेनियाको परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीडेनको अन्तर्राष्ट्रिय विकास नियोग, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अरब इमिरेट्सको परराष्ट्र मन्त्रालय, संयुक्त अधिराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग डीएफआईडी, संयुक्त अधिराज्य बेलायतको आर्थिक तथा सामाजिक अनुसन्धान परिषद् र अमेरिकी अन्तर्राष्ट्रिय विकास संस्था (युएसएड) छन्।

क्राइसिस ग्रुपलाई हालका वर्षहरूमा आर्थिक अनुदान उपलब्ध गराउने संस्था र निजी गुठीहरू निम्न छन्ः Carnegie Corporation of New York, The Charitable Foundation, Clifford Chance Foundation, Connect U.S. Fund, The Elders Foundation, William & Flora Hewlett Foundation, Humanity United, Hunt Alternatives Fund, Jewish World Watch, Korea Foundation, John D. & Catherine T. MacArthur Foundation, Open Society Institute, Victor Pinchuk Foundation, Ploughshares Fund, Radcliffe Foundation, Sigrid Rausing Trust, Rockefeller Brothers Fund and VIVA Trust.

**जनवरी २०११**

# अनुसूची ग

## क्राइसिस ग्रुपले सन् २००७ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू

### Central Asia

*Political Murder in Central Asia: No Time to End Uzbekistan's Isolation*, Asia Briefing N°76, 13 February 2008.

*Kyrgyzstan: The Challenge of Judicial Reform*, Asia Report N°150, 10 April 2008 (also available in Russian).

*Kyrgyzstan: A Deceptive Calm*, Asia Briefing N°79, 14 August 2008 (also available in Russian).

*Tajikistan: On the Road to Failure*, Asia Report N°162, 12 February 2009.

*Women and Radicalisation in Kyrgyzstan*, Asia Report N°176, 3 September 2009.

*Central Asia: Islamists in Prison*, Asia Briefing N°97, 15 December 2009.

*Central Asia: Migrants and the Economic Crisis*, Asia Report N°183, 5 January 2010.

*Kyrgyzstan: A Hollow Regime Collapses*, Asia Briefing N°102, 27 April 2010.

*The Pogroms in Kyrgyzstan*, Asia Report N°193, 23 August 2010.

### North East Asia

*China's Thirst for Oil*, Asia Report N°153, 9 June 2008 (also available in Chinese).

*South Korea's Elections: A Shift to the Right*, Asia Briefing N°77, 30 June 2008.

*North Korea's Missile Launch: The Risks of Overreaction*, Asia Briefing N°91, 31 March 2009.

*China's Growing Role in UN Peacekeeping*, Asia Report N°166, 17 April 2009 (also available in Chinese).

*North Korea's Chemical and Biological Weapons Programs*, Asia Report N°167, 18 June 2009.

*North Korea's Nuclear and Missile Programs*, Asia Report N°168, 18 June 2009.

*North Korea: Getting Back to Talks*, Asia Report N°169, 18 June 2009.

*China's Myanmar Dilemma*, Asia Report N°177, 14 September 2009 (also available in Chinese).

*Shades of Red: China's Debate over North Korea*, Asia Report N°179, 2 November 2009 (also available in Chinese).

*The Iran Nuclear Issue: The View from Beijing*, Asia Briefing N°100, 17 February 2010 (also available in Chinese).

*North Korea under Tightening Sanctions*, Asia Briefing N°101, 15 March 2010.

*China's Myanmar Strategy: Elections, Ethnic Politics and Economics*, Asia Briefing N°112, 21 September 2010 (also available in Chinese).

*North Korea: The Risks of War in the Yellow Sea*, Asia Report N°198, 23 December 2010.

### South Asia

*After Bhutto's Murder: A Way Forward for Pakistan*, Asia Briefing N°74, 2 January 2008,

*Afghanistan: The Need for International Resolve*, Asia Report N°145, 6 February 2008.

*Sri Lanka's Return to War: Limiting the Damage*, Asia Report N°146, 20 February 2008.

*Nepal's Election and Beyond*, Asia Report N°149, 2 April 2008 (also available in Nepali).

*Restoring Democracy in Bangladesh*, Asia Report N°151, 28 April 2008.

*Nepal's Election: A Peaceful Revolution?*, Asia Report N°155, 3 July 2008 (also available in Nepali).

*Nepal's New Political Landscape*, Asia Report N°156, 3 July 2008 (also available in Nepali).

*Reforming Pakistan's Police*, Asia Report N°157, 14 July 2008.

*Taliban Propaganda: Winning the War of Words?*, Asia Report N°158, 24 July 2008.

*Sri Lanka's Eastern Province: Land, Development, Conflict*, Asia Report N°159, 15 October 2008.

*Reforming the Judiciary in Pakistan*, Asia Report N°160, 16 October 2008.

*Bangladesh: Elections and Beyond*, Asia Briefing N°84, 11 December 2008.

*Policing in Afghanistan: Still Searching for a Strategy*, Asia Briefing N°85, 18 December 2008.

*Nepal's Faltering Peace Process*, Asia Report N°163, 19 February 2009 (also available in Nepali).

*Afghanistan: New U.S. Administration, New Directions*, Asia Briefing N°89, 13 March 2009.

*Pakistan: The Militant Jihadi Challenge*, Asia Report N°164, 13 March 2009.

*Development Assistance and Conflict in Sri Lanka: Lessons from the Eastern Province*, Asia Report N°165, 16 April 2009.

*Pakistan's IDP Crisis: Challenges and Opportunities*, Asia Briefing N°93, 3 June 2009.

*Afghanistan's Election Challenges*, Asia Report N°171, 24 June 2009.

*Sri Lanka's Judiciary: Politicised Courts, Compromised Rights*, Asia Report N°172, 30 June 2009.

*Nepal's Future: In Whose Hands?*, Asia Report N°173, 13 August 2009 (also available in Nepali).

*Afghanistan: What Now for Refugees?*, Asia Report N°175, 31 August 2009.

*Pakistan: Countering Militancy in FATA*, Asia Report N°178, 21 October 2009.

*Afghanistan: Elections and the Crisis of Governance*, Asia Briefing N°96, 25 November 2009.

*Bangladesh: Getting Police Reform on Track*, Asia Report N°182, 11 December 2009.

*Sri Lanka: A Bitter Peace*, Asia Briefing N°99, 11 January 2010.

*Nepal: Peace and Justice*, Asia Report N°184, 14 January 2010.

*Reforming Pakistan's Civil Service*, Asia Report N°185, 16 February 2010.

*The Sri Lankan Tamil Diaspora after the LTTE*, Asia Report N°186, 23 February 2010.

*The Threat from Jamaat-ul Mujahideen Bangladesh*, Asia Report N°187, 1 March 2010.

*A Force in Fragments: Reconstituting the Afghan National Army*, Asia Report N°190, 12 May 2010.

*War Crimes in Sri Lanka*, Asia Report N°191, 17 May 2010.

*Steps Towards Peace: Putting Kashmiris First*, Asia Briefing N°106, 3 June 2010.

*Pakistan: The Worsening IDP Crisis*, Asia Briefing N°111, 16 September 2010.

*Nepal's Political Rites of Passage*, Asia Report N°194, 29 September 2010.

*Reforming Afghanistan's Broken Judiciary*, Asia Report N°195, 17 November 2010.

*Afghanistan: Exit vs Engagement*, Asia Briefing N°115, 28 November 2010.

*Reforming Pakistan's Criminal Justice System*, Asia Report N°196, 6 December 2010.

### South East Asia

*Timor-Leste: Security Sector Reform*, Asia Report N°143, 17 January 2008 (also available in Tetum).

*Indonesia: Tackling Radicalism in Poso*, Asia Briefing N°75, 22 January 2008.

*Burma/Myanmar: After the Crackdown*, Asia Report N°144, 31 January 2008.

*Indonesia: Jemaah Islamiyah's Publishing Industry*, Asia Report N°147, 28 February 2008 (also available in Indonesian).

*Timor-Leste's Displacement Crisis*, Asia Report N°148, 31 March 2008.

*The Philippines: Counter-insurgency vs. Counter-terrorism in Mindanao*, Asia Report N°152, 14 May 2008.

*Indonesia: Communal Tensions in Papua*, Asia Report N°154, 16 June 2008 (also available in Indonesian).

*Indonesia: Implications of the Ahmadiyah Decree*, Asia Briefing N°78, 7 July 2008 (also available in Indonesian).

*Thailand: Political Turmoil and the Southern Insurgency*, Asia Briefing N°80, 28 August 2008 (also available in Thai).

*Indonesia: Pre-election Anxieties in Aceh*, Asia Briefing N°81, 9 September 2008 (also available in Indonesian).

*Thailand: Calming the Political Turmoil*, Asia Briefing N°82, 22 September 2008 (also available in Thai).

*Burma/Myanmar After Nargis: Time to Normalise Aid Relations*, Asia Report N°161, 20 October 2008 (also available in Chinese).

*The Philippines: The Collapse of Peace in Mindanao*, Asia Briefing N°83, 23 October 2008.

*Local Election Disputes in Indonesia: The Case of North Maluku*, Asia Briefing N°86, 22 January 2009.

*Timor-Leste: No Time for Complacency*, Asia Briefing N°87, 09 February 2009.

*The Philippines: Running in Place in Mindanao*, Asia Briefing N°88, 16 February 2009.

*Indonesia: Deep Distrust in Aceh as Elections Approach*, Asia Briefing N°90, 23 March 2009.

*Indonesia: Radicalisation of the "Palembang Group*", Asia Briefing N°92, 20 May 2009.

*Recruiting Militants in Southern Thailand*, Asia Report N°170, 22 June 2009 (also available in Thai).

*Indonesia: The Hotel Bombings*, Asia Briefing N°94, 24 July 2009 (also available in Indonesian).

*Myanmar: Towards the Elections*, Asia Report N°174, 20 August 2009.

*Indonesia: Noordin Top's Support Base*, Asia Briefing N°95, 27 August 2009.

*Handing Back Responsibility to Timor-Leste's Police*, Asia Report N°180, 3 December 2009.

*Southern Thailand: Moving towards Political Solutions?*, Asia Report N°181, 8 December 2009 (also available in Thai).

*The Philippines: After the Maguindanao Massacre*, Asia Briefing N°98, 21 December 2009.

*Radicalisation and Dialogue in Papua*, Asia Report N°188, 11 March 2010 (also available in Indonesian).

*Indonesia: Jihadi Surprise in Aceh*, Asia Report N°189, 20 April 2010.

*Philippines: Pre-election Tensions in Central Mindanao*, Asia Briefing N°103, 4 May 2010.

*Timor-Leste: Oecusse and the Indonesian Border*, Asia Briefing N°104, 20 May 2010.

*The Myanmar Elections*, Asia Briefing N°105, 27 May 2010 (also available in Chinese).

*Bridging Thailand's Deep Divide*, Asia Report N°192, 5 July 2010.

*Indonesia: The Dark Side of Jama'ah Ansharut Tauhid (JAT)*, Asia Briefing N°107, 6 July 2010.

*Indonesia: The Deepening Impasse in Papua*, Asia Briefing N°108, 3 August 2010.

*Illicit Arms in Indonesia*, Asia Briefing N°109, 6 September 2010.

*Managing Land Conflict in Timor-Leste*, Asia Briefing N°110, 9 September 2010.

*Stalemate in Southern Thailand*, Asia Briefing N°113, 3 November 2010.

*Indonesia: "Christianisation" and Intolerance*, Asia Briefing N°114, 24 November 2010.

*Indonesia: Preventing Violence in Local Elections*, Asia Report N°197, 8 December 2010.

*Timor-Leste: Time for the UN to Step Back*, Asia Briefing N°116, 15 December 2010.

# अनुसूची घ

# इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू


## CO-CHAIRS

**Lord (Christopher) Patten**
Former European Commissioner for External Relations, Governor of Hong Kong and UK Cabinet Minister; Chancellor of Oxford University

**Thomas R Pickering**
Former U.S. Ambassador to the UN, Russia, India, Israel, Jordan, El Salvador and Nigeria; Vice Chairman of Hills & Company

## PRESIDENT & CEO

**Louise Arbour**
Former UN High Commissioner for Human Rights and Chief Prosecutor for the International Criminal Tribunals for the former Yugoslavia and Rwanda

## EXECUTIVE COMMITTEE

**Morton Abramowitz**
Former U.S. Assistant Secretary of State and Ambassador to Turkey

**Cheryl Carolus**
Former South African High Commissioner to the UK and Secretary General of the ANC

**Maria Livanos Cattaui**
Member of the Board, Petroplus Holdings, Switzerland

**Yoichi Funabashi**
Editor in Chief, *The Asahi Shimbun*, Japan

**Frank Giustra**
President & CEO, Fiore Capital

**Ghassan Salamé**
Dean, Paris School of International Affairs, Sciences Po

**George Soros**
Chairman, Open Society Institute

**Pär Stenbäck**
Former Foreign Minister of Finland

## OTHER BOARD MEMBERS

**Adnan Abu-Odeh**
Former Political Adviser to King Abdullah II and to King Hussein, and Jordan Permanent Representative to the UN

**Kenneth Adelman**
Former U.S. Ambassador and Director of the Arms Control and Disarmament Agency

**Kofi Annan**
Former Secretary-General of the United Nations; Nobel Peace Prize (2001)

**Nahum Barnea**
Chief Columnist for *Yedioth Ahronoth*, Israel

**Samuel Berger**
Chair, Albright Stonebridge Group LLC; Former U.S. National Security Advisor

**Emma Bonino**
Vice President of the Senate; Former Minister of International Trade and European Affairs of Italy and European Commissioner for Humanitarian Aid

**Wesley Clark**
Former NATO Supreme Allied Commander, Europe

**Sheila Coronel**
Toni Stabile, Professor of Practice in Investigative Journalism; Director, Toni Stabile Center for Investigative Journalism, Columbia University, U.S.

**Jan Egeland**
Director, Norwegian Institute of International Affairs; Former UN Under-Secretary-General for Humanitarian Affairs and Emergency Relief Coordinator

**Mohamed ElBaradei**
Director-General Emeritus, International Atomic Energy Agency (IAEA); Nobel Peace Prize (2005)

**Uffe Ellemann-Jensen**
Former Foreign Minister of Denmark

**Gareth Evans**
President Emeritus of Crisis Group; Former Foreign Affairs Minister of Australia

**Mark Eyskens**
Former Prime Minister of Belgium

**Joschka Fischer**
Former Foreign Minister of Germany

**Jean-Marie Guéhenno**
Arnold Saltzman Professor of Professional Practice in International and Public Affairs, Columbia University; Former UN Under-Secretary-General for Peacekeeping Operations

**Carla Hills**
Former U.S. Secretary of Housing and U.S. Trade Representative

**Lena Hjelm-Wallén**
Former Deputy Prime Minister and Foreign Affairs Minister of Sweden

**Swanee Hunt**
Former U.S. Ambassador to Austria; Chair, Institute for Inclusive Security; President, Hunt Alternatives Fund

**Mo Ibrahim**
Founder and Chair, Mo Ibrahim Foundation; Founder, Celtel International

**Igor Ivanov**
Former Foreign Affairs Minister of the Russian Federation

**Asma Jahangir**
UN Special Rapporteur on the Freedom of Religion or Belief; Chairperson, Human Rights Commission of Pakistan

**Wim Kok**
Former Prime Minister of the Netherlands

**Ricardo Lagos**
Former President of Chile

**Joanne Leedom-Ackerman**
Former International Secretary of International PEN; Novelist and journalist, U.S.

**Lord (Mark) Malloch-Brown**
Former Administrator of the United Nations Development Programme (UNDP) and UN Deputy Secretary-General

**Lalit Mansingh**
Former Foreign Secretary of India, Ambassador to the U.S. and High Commissioner to the UK

**Jessica Tuchman Mathews**
President, Carnegie Endowment for International Peace, U.S.

**Benjamin Mkapa**
Former President of Tanzania

**Moisés Naím**
Senior Associate, International Economics Program, Carnegie Endowment for International Peace; former Editor in Chief, *Foreign Policy*

**Ayo Obe**
Legal Practitioner, Lagos, Nigeria

**Güler Sabancı**
Chairperson, Sabancı Holding, Turkey

**Javier Solana**
Former EU High Representative for the Common Foreign and Security Policy, NATO Secretary-General and Foreign Affairs Minister of Spain

## PRESIDENT'S COUNCIL

Crisis Group's President's Council is a distinguished group of major individual and corporate donors providing essential support, time and expertise to Crisis Group in delivering its core mission.

**Canaccord Adams Limited**
**Neil & Sandy DeFeo**
**Fares I. Fares**
**Mala Gaonkar**
**Alan Griffiths**
**Frank Holmes**
**Steve Killelea**
**George Landegger**
**Ford Nicholson**
**Statoil ASA**
**Harry Pokrant**
**Ian Telfer**
**Neil Woodyer**

## INTERNATIONAL ADVISORY COUNCIL

Crisis Group's International Advisory Council comprises significant individual and corporate donors who contribute their advice and experience to Crisis Group on a regular basis.

**Rita E. Hauser**
Co-Chair

**Elliott Kulick**
Co-Chair

**Anglo American PLC**
**APCO Worldwide Inc.**
**Ed Bachrach**
**Stanley Bergman & Edward Bergman**
**Harry Bookey & Pamela Bass-Bookey**
**Iara Lee & George Gund III Foundation**
**Chevron**
**John Ehara**
**Equinox Partners**
**Neemat Frem**
**Seth Ginns**
**Paul Hoag**
**Joseph Hotung**
**International Council of Swedish Industry**
**H.J. Keilman**
**George Kellner**
**Amed Khan**
**Zelmira Koch**
**Liquidnet**
**Jean Manas**
**McKinsey & Company**
**Harriet Mouchly-Weiss**
**Yves OltramareAnna Luisa Ponti & Geoffrey Hoguet**
**Michael Riordan**
**Shell**
**Belinda Stronach**
**Talisman Energy**
**Tilleke & Gibbins**
**Kevin Torudag**
**VIVATrust**
**Yapı Merkezi Construction and Industry Inc.**

## SENIOR ADVISERS

Crisis Group's Senior Advisers are former Board Members who maintain an association with Crisis Group, and whose advice and support are called on from time to time (to the extent consistent with any other office they may be holding at the time).

**Martti Ahtisaari**
Chairman Emeritus

**George Mitchell**
Chairman Emeritus

**HRH Prince Turki al-Faisal**
**Shlomo Ben-Ami**
**Hushang Ansary**
**Richard Armitage**
**Ersin Arıoğlu**
**Óscar Arias**
**Diego Arria**
**Zainab Bangura**
**Christoph Bertram**
**Alan Blinken**
**Lakhdar Brahimi**
**Zbigniew Brzezinski**
**Kim Campbell**
**Jorge Castañeda**
**Naresh Chandra**
**Eugene Chien**
**Joaquim Alberto Chissano**
**Victor Chu**
**Mong Joon Chung**
**Pat Cox**
**Gianfranco Dell'Alba**
**Jacques Delors**
**Alain Destexhe**
**Mou-Shih Ding**
**Gernot Erler**
**Marika Fahlén**
**Stanley Fischer**
**Malcolm Fraser**
**I.K. Gujral**
**Max Jakobson**
**James V. Kimsey**
**Aleksander Kwaśniewski**
**Todung Mulya Lubis**
**Allan J. MacEachen**
**Graça Machel**
**Barbara McDougall**
**Matthew McHugh**
**Nobuo Matsunaga**
**Miklós Németh**
**Christine Ockrent**
**Timothy Ong**
**Olara Otunnu**
**Shimon Peres**
**Victor Pinchuk**
**Surin Pitsuwan**
**Cyril Ramaphosa**
**Fidel V. Ramos**
**George Robertson**
**Michel Rocard**
**Volker Rühe**
**Mohamed Sahnoun**
**Salim A. Salim**
**Douglas Schoen**
**Christian Schwarz-Schilling**
**Michael Sohlman**
**Thorvald Stoltenberg**
**William O. Taylor**
**Leo Tindemans**
**Ed van Thijn**
**Simone Veil**
**Shirley Williams**
**Grigory Yavlinski**
**Uta Zapf**
**Ernesto Zedillo**